# गन्तीको पुस्तकको भूमिका

*'गन्तीको पुस्तकमा उल्लेख गरिएका घटनाहरूको क्रम तिनको ऐतिहासिक पृष्ठभूमिमा हेर्दाखेरि यस पुस्तकबाट ख्रीष्ट-विश्वासीहरूको जीवनमा विशिष्ट योगदान रहेको छ; किनभने यी घटनाहरूले इसाई जीवनमा आफ्नो अनुरूप पाएका छन् । हिब्रूको पुस्तकको लेखकले आफ्नो पुस्तकका दुई अध्यायहरूमा अर्थात् हिब्रू तीन र चार अध्यायमा गन्तीको पुस्तकका घटनाहरू यस प्रकारको महत्त्वपूर्ण प्रयोगमा ल्याएका छन् ।'*

*श्री इरभिङ्ग एल. जेन्सन*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

पुरानो नियमको 'सेप्टुवजिन्ट' नामक ग्रीक अनुवादबाट मोशाको चौथो पुस्तकले आफ्नो नाम पाएको छ। किनभने ग्रीक भाषामा गरिएको त्यस पुरानो नियमको अनुवादमा यस पुस्तकको नाम 'अरिथ्मोइ' भएको छ, जसको अर्थ 'गन्ती' हो; अनि निस्सन्देह यो शीर्षक सठीक शीर्षक हो; किनभने यस पुस्तकको एक अध्यायमा र छब्बीस अध्यायमा इस्राएलीहरूको जनगणाना उल्लेख गरिएको छ, साथै यस पुस्तकभरि अरू संख्यात्मक जानकारीहरू पाइन्छन् ।

हिब्रू भाषामा यस पुस्तकको नाम 'बेमिड्बार' हो, जसको अर्थ 'उजाड़स्थानमा हुँदा' हो; यो नाम वर्णनात्मक हो; किनभने यो पुस्तक इस्राएलीहरूले उजाड़स्थानमा बिताएका चालीस वर्षको विवरण हो, अनि धेरै चाखलाग्दा र चिरपरिचित कथाहरूले भरिएको छ, जस्तैः कनान देशमा गएका जासुसीहरू, कोरहको विद्रोह, हारूनको लौरोमा कोपिला लागेको, पित्तलको साँप, बिलाम र तिनको गधा र यीभन्दा कम प्रख्यात अन्य घटनाहरूका विवरणहरू ।

यो पुस्तक केवल हिब्रूहरूको इतिहास हो भन्ने विचार लिनु सरासर गलत हो । किनभने यी सबै घटनाहरू हाम्रो आत्मिक उत्थान र सुधारको निम्ति लेखिएका हुन् । हामीले इस्राएलीहरूले गरेका गल्तीहरूबाट सिक्नुपर्छ; हामीले तिनीहरूका गल्तीहरू दोहोर्‍याउनुहुँदैन । यही कारणले गन्तीको पुस्तक धेरै महत्त्वपूर्ण पुस्तक हो ।

### ख) यस पुस्तकको लेखक को हुन् ?

यहूदी र इसाई शिक्षाअनुसार गन्तीको पुस्तक महान् व्यवस्थापक मोशाको रचना हो । यो धारणा उदारवादी विद्वान्हरूले खण्डन गर्छन् । तर पेन्टटुकका पाँच पुस्तकहरू नै मोशाका लेख हुन् भन्ने पक्षमा गरिएको तर्क तपाईंले 'पेन्टटुकको भूमिका'मा हेर्नुहोला, जहाँ यसको संक्षिप्त परिचय दिइएको छ ।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

तर्कवादी विद्वान्हरूले पेन्टटुक यहूदीहरूको इतिहासको अन्तिम भागमा हालेका

छन्; तर ख्रीष्टपूर्व १४०६ सालचाहिँ यसको खास लेख्ने मिति हुन सक्छ; किनभने बाइबलसम्मत र बाइबलप्रेमी विद्वान्‌हरूले पेन्टटुकको रचना प्रायः यस मितितिर पारेका छन् ।

**घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?**

गन्तीको पुस्तकको ऐतिहासिक पृष्ठभूमि हिब्रू भाषामा लेखिएको पाण्डुलिपिको शीर्षकले सुझाउ गरेअनुसार त्यो 'उजाड़स्थान' नै हो । इस्राएलीहरूले सिनाई पर्वतदेखि यात्रा शुरु गरेर प्रतिज्ञा गरिएको देशको पारिपट्टि मोआबका मैदानमा आइनपुगुन्जेल तिनीहरू यी अठतीस वर्षभित्र कहाँ-कहाँ पुगे, सो कुराहरूको वर्णन यस पुस्तकमा उल्लेख गरिएको छ । तिनीहरूको अविश्वासको फलस्वरूप तिनीहरूले कहाँ-कहाँ व्यर्थमा यता-उता घुमफिर गरे, परमेश्वरको इच्छाअनुसार यी ठाउँहरूको हरहिसाब राखिएन । यस विषयमा श्री डब्ल्यू. ग्राहाम स्क्रोग्गीले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'जब परमेश्वरका जनहरू उहाँको इच्छादेखि बाहिर यात्रा गर्छन्, तब तिनीहरूका यी भ्रमण-हरू उहाँको सूचिमा समावेश गरिँदैनन् ।' 1)

लेवीको पुस्तकको सन्दर्भ परमेश्वरको उपासना र इस्राएलीहरूको आत्मिक ठहरमाथि केन्द्रित रहेको छ भने, गन्तीको पुस्तकको विषयवस्तुचाहिँ तिनीहरूको आत्मिक चाल र आत्मिक प्रगति हो । हे इसाई भाइबहिनीहरूहो, तपाईंहरूले यस गन्तीको पुस्तकको विषयमा 'यो त यहूदीहरूको सरल इतिहास हो' भन्ने धारणा नलिनुहोला; किनभने यो पुस्तक वर्तमान समयमा जिउने ख्रीष्ट-विश्वासीहरूको जीवनको प्रयोगमा आउने उपयोग्य पाठहरूले भरिपूर्ण छ । सबै ख्रीष्ट-विश्वासीहरूले मुक्तिको अनुभवदेखि अघि बढ़ेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको विजयको जीवन हासिल गरेको कल्पना मीठो हुन्छ, तर यो वास्तविक कुरा होइन, मनको तरङ मात्र हो । तर अवलोकन र अनुभवले हामीलाई अर्को कुरा सिकाउँछन्; किनभने हामी प्रायः उहिलेका इस्राएलीहरूजस्तै छौं, गनगन गर्नुमा, पछि हट्नुमा र अविश्वासी हुनुमा ।

यस विषयमा खुशीको खबर के हो भने, इस्राएलीहरूले गरेका व्यर्थका भ्रमणहरू हामीले दोहोऱ्याउनुपर्दैन; हामी आफ्नो आत्मिक यात्रामा भौंतारिनुपर्दैन । परमेश्वरले हाम्रो आत्मिक सफलताको निम्ति पूरा प्रबन्ध गर्नुभएको छ, ख्रीष्ट येशूमाथि राखिएको विश्वासद्वारा । यस विषयमा तपाईंले 'विश्वासीहरूको निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी'अन्तर्गत रोमी ६-८ अध्यायहरू लगायत नयाँ नियमका अन्य भागहरूको टिप्पणी हेर्नुहोला ।

## रूपरेखाः

**खण्ड १) गन्ती १:१-१०:१०: सिनाई पर्वतमा इस्राएलीहरूले बिताइरहेका अन्तिम दिनहरू**

- **क) गन्ती १-२:** तिनीहरूको जनगणना र छाउनीमा इस्राएली जातिका कुलहरूको बस्ने क्रम
- **ख) गन्ती ३-४:** लेवीहरूको गन्ती र उनीहरूका कर्तव्यहरू
- **ग) गन्ती ५:१-१०:** छाउनीको शुद्धता कायम राखेको, र पाप स्वीकार गर्ने नियम लागू गराएको
- **घ) गन्ती ५:११-३१:** ईर्ष्याको सम्बन्धमा पेश गरिएको नियम
- **ङ) गन्ती ६:** नाजीरको सम्बन्धमा लागू हुने नियम
- **च) गन्ती ७:** कुल-नायकहरूको भेटी
- **छ) गन्ती ८:** निवासस्थानका विभिन्न सेवाहरू
- **ज) गन्ती ९:१-१०:१०:** निस्तार-चाड़, महिमाको बादल र चाँदीका तुरहीहरू

**खण्ड २) गन्ती १०:११-१२:१: सिनाई पर्वतदेखि मोआबका मैदानसम्मको यात्रा**

- **क) गन्ती १०:११-३६:** सिनाईको उजाड़स्थानदेखि इस्राएलीहरू अघि बढ़ेका
- **ख) गन्ती ११:** इस्राएलीहरूको छाउनीमा मच्चिरहेको विद्रोह
- **ग) गन्ती १२:** हारून र मरियमको विद्रोह
- **घ) गन्ती १३-१४:** प्रतिज्ञा गरिएको देशको चेवा गरिएको
- **ङ) गन्ती १५:** कनान देशमा आएर मान्नुपर्ने विभिन्न नियमहरू
- **च) गन्ती १६-१७:** कोरहको विद्रोह
- **छ) गन्ती १८-१९:** लेवीहरूलाई दिइएका निर्देशनहरू
- **ज) गन्ती २०:१-१३:** मोशाको पाप
- **झ) गन्ती २०:१४-२९:** हारूनको मृत्यु
- **ञ) गन्ती २१:१-२२:१:** पित्तलको साँप

**खण्ड ३) गन्ती २२:२-३६:१३: मोआबका मैदानमा घटेका घटनाहरू**

- **क) गन्ती २२:२-२५:१८:** अगमवक्ता बालाम
    - **अ) गन्ती २२:२-४०:** बालाकले बालमलाई बोलाएको
    - **आ) गन्ती २२:४१-२४:२५:** बालामका ईश्वर-वाणीहरू
    - **इ) गन्ती २५:** बालामको कारणले इस्राएलीहरूको बीचमा आएको भ्रष्टाचार
- **ख) गन्ती २६:** दोस्रो जनगणना

**ग) गन्ती २७ः१-१२ः** छोरीहरूको पैतृक अधिकारको भाग के हो ?

**घ) गन्ती २७ः१२-२३ः** यहोशू मोशाको उत्तराधिकारी भए

**ङ) गन्ती २८-३०ः** निर्धारित समयहरूअनुसारका बलिहरू र भाकलका नियमहरू

**च) गन्ती ३१ः** मिद्यानीहरूको विनाश

**छ) गन्ती ३२ः** रूबेन, गाद र मनस्सेको आधा कुलको अधिकारको भाग

**ज) गन्ती ३३ः** इस्राएलीहरूले यात्रा गर्दा कहाँ-कहाँ छाउनी हाले, यसको विवरण

**झ) गन्ती ३४ः** प्रतिज्ञा गरिएको देशको साँधसिमाना

**ञ) गन्ती ३५ः१-५ः** लेवीहरूका शहरहरू

**ट) गन्ती ३५ः६-३४ः** शरणनगरहरू र हत्याराको निम्ति ठहराइएको मृत्युदण्ड

**ठ) गन्ती ३६ः** विवाहिता छोरीहरूको अधिकारको भाग के हो ?

# गन्तीको पुस्तकको टिप्पणी

## खण्ड १

### गन्ती १:१-१०:१०: सिनाई पर्वतमा इस्राएलीहरूले बिताइरहेका अन्तिम दिनहरू

#### क) गन्ती १-२: तिनीहरूको जनगणना र छाउनीमा इस्राएली जातिका कुलहरूको बस्ने क्रम

**गन्ती १:१:** गन्तीको पुस्तक कहाँदेखि शुरु हुन्छ ? इस्राएलीहरूले मिस्र देश छोड़ेको एक वर्ष र एक महिना भएको थियो। तिनीहरूले निवासस्थान खड़ा गरेको एक महिना भएको थियो (प्रस्थान ४०:१७)। गन्तीको पुस्तकले आफ्नो नाम कहाँबाट पायो ? किनभने यस पुस्तकमा इस्राएलीहरूको जनगणना दुई पल्ट गरिएको थियो, गन्ती १ र २६ अध्यायमा। यहाँ उल्लेख गरिएको जनगणना र प्रस्थान ३०:११-१६ पदको खण्डमा लेखिएको जनगणना बेग्लै हुन्। यी दुईवटा जनगणनाहरू बेग्ला-बेग्लै समयमा र भिन्न-भिन्नै उद्देश्यले लिइएका थिए। अनि हुन सक्छ, गन्ती एक अध्यायको जनगणना प्रस्थान ३० अध्यायमा गरिएको पहिले जनगणनाको आधारमा गरिएको होला; किनभने यी दुईवटा जनगणनाको योगफल झन्डै बराबर भएको थियो।

**गन्ती १:२-३:** अब चाँड़ै इस्राएलीहरूले सिनाई पर्वतदेखि प्रतिज्ञा गरिएको देशतर्फ यात्रा गर्न लागेका थिए। यसो गर्नको निम्ति तिनीहरूले सेनाको चालमा क्रमबद्ध रूपले यात्रा गर्न सक्नुपरेको थियो। अनि यस उद्देश्यले परमेश्वरले तिनीहरूको जनगणना लिने आज्ञा गर्नुभयो। यस जनगणनामा लड़ाइँमा जान सक्ने हरेक पुरुषको गन्ती गरियो, जसको उमेर बीस वर्ष र त्योभन्दा माथिको थियो।

**गन्ती १:४-१७:** यस जनगणनामा मोशालाई सहयोग पुऱ्याउन इस्राएलीहरूको हरेक कुलबाट एक-एकजना नियुक्त भयो। तिनीहरूका नामहरू गन्ती १:५-१६ पदमा सूचित गरिएका छन्। गन्ती १:१७ पदमा यसो लेखिएको छः *'तब मोशा र हारूनले यी नाम तोकिएका मानिसहरूलाई लिए।'*

**गन्ती १:१८-४६:** यस जनगणनाको परिणाम यस प्रकारको थियोः

| **कुलको नामः** | **सन्दर्भ-पदः** | **संख्याः** |
|---|---|---|
| रूबेन | गन्ती १:२०-२१ | ४६,५०० |
| शिमोन | गन्ती १:२२-२३ | ५९,३०० |
| गाद | गन्ती १:२४-२५ | ४५,६५० |

| | | |
|---|---|---|
| यहूदा | गन्ती १:२६-२७ | ७४,६०० |
| इस्साकार | गन्ती १:२८-२९ | ५४,४०० |
| जबूलून् | गन्ती १:३०-३१ | ५७,४०० |
| एप्रैम | गन्ती १:३२-३३ | ४०,५०० |
| मनस्से | गन्ती १:३४-३५ | ३२,२०० |
| बिन्यामिन | गन्ती १:३६-३७ | ३५,४०० |
| दान | गन्ती १:३८-३९ | ६२,७०० |
| आशेर | गन्ती १:४०-४१ | ४१,५०० |
| नप्ताली | गन्ती १:४२-४३ | ५३,४०० |
| **मुठ संख्या** | | **६,०३,५५०** |

यस जनगणनामा तपाईंले याद गर्नुहोला, कि एप्रैमको कुलको संख्या मनस्सेको कुलभन्दा ठूलो थियो। उत्पत्ति ४८:१९-२० पदहरूमा याकूबले दिएको आशीर्वादअनुसार यो यसो हुन आएको हो। कुलहरूको सूचि रूबेनको नामबाट शुरु भएको हो; किनभने रूबेन याकूबको जेठा छोरा थिए। रूबेन-कुलको छाउनी दक्षिणमा थियो। त्यसपछि यहूदा-कुल आयो र उसको छाउनी पूर्वमा थियो। अनि दान-कुल आयो र त्यसको छाउनी उत्तरमा थियो। अन्तमा एप्रैम-कुल आयो र यसको छाउनी पश्चिममा थियो।

**गन्ती १:४७-५४:** लड़ाइँमा जान सक्ने इस्राएली पुरुषहरूको बीचमा लेवीहरूको गन्ती भएन (गन्ती १:४७)। किनकि निवासस्थान खड़ा गर्ने र तल झार्ने सेवकाइहरू उनी-हरूको जिम्मामा सुम्पिएका थिए। लेवीहरू निवासस्थानको वरिपरि बस्थे; यसकारण उनीहरूले त्यसलाई अपवित्र हुनदेखि बचाउन र मानिसहरूलाई तिनीहरूमाथि दण्ड आइपर्ने स्थितिबाट जोगाइराख्न सके (गन्ती १:५३)।

**गन्ती २:१-२:** परमप्रभुले इस्राएली जातिका सबै कुलहरूलाई भेट हुने पालको चारैतिर, हरेक दिशामा तीन-तीन कुल हुने गरी पाल टाँगेर बस्ने आज्ञा दिनुभयो।

**गन्ती २:३-१६:** पूर्वपट्टि यहूदाको झण्डा अधीनस्थ भएकाहरूचाहिँ यहूदा, इस्साकार र जबूलूनकाहरू थिए (गन्ती २:३-९)। अनि हरेक कुलको आ-आफ्नै सेनापति थिए। यी तीन कुलहरूको जनसंख्या एक लाख छयासी हजार चार सय थियो।

दक्षिणपट्टि रूबेनको झण्डा अधीनस्थ भएकाहरूचाहिँ रूबेन, शिमोन र गादकाहरू थिए (गन्ती २:१०-१६)। रूबेनको छाउनी-अन्तर्गत भएका मानिसहरूको जनसंख्या एक लाख एकाउन्न हजार चार सय पचास थियो।

**गन्ती २:१७-३१:** पश्चिमपट्टि एप्रैमको झण्डा अधीनस्थ भएकाहरूचाहिँ एप्रैम, मनस्से र बिन्यामिनकाहरू थिए (गन्ती २:१८-२४)। यस छाउनीअन्तर्गत भएका मानिसहरूको जनसंख्या एक लाख आठ हजार एक सय थियो।

उत्तरपट्टि दानको झण्डा अधीनस्थ भएकाहरूचाहिँ दान, आशेर र नप्तालीकाहरू थिए (गन्ती २:२५-३१)। यिनीहरूको जनसंख्या एक लाख सन्ताउन्न हजार छ सय थियो।

यहूदाको छाउनीबाट शुरु गरेर सबै कुलहरू आ-आफ्नो पालोमा तोकिएको क्रमअनुसार मार्च गरेर अघि बढ्नु थियो; अनि लेवीहरू गादको पछि र एप्रैमको अघि यात्रा गर्नुपर्थ्यो (गन्ती २:१७)।

**गन्ती २:३२-३४:** लड़ाइँमा जान सक्ने पुरुषहरूको कुल जनसंख्या छ लाख तीन

हजार पाँच सय पचास थियो (गन्ती २:३२)। लेवीहरूको संख्या बाइस हजार थियो (गन्ती ३:३९); तिनीहरूको संख्या जोड़ेर जम्मा पुरुषहरू ६,२५,५५० थिए। लड़ाइँमा जान सक्ने पुरुषहरूको संख्या सबै मानिसहरूको एक तिहाइ थियो भन्ने अनुमान लगाएर के बुझिन्छ भने, इस्राएलीहरूको कुल जनसंख्या १८,७६,६५० (अठार लाख छहत्तर हजार छ सय पचास) भएको हुनुपर्ला। यस जनगणनाबाट यो कुरा स्पष्ट छः एउटा मण्डलीको बल जान्नको निम्ति आइतवारमा गिर्जाका बेन्चहरूमा बसिरहेकाहरूलाई गन्नुभन्दा आत्मिक लड़ाइँ गर्न सक्नेहरूको संख्या लिनु उचित हुँदो रहेछ।

### ख) गन्ती ३-४: लेवीहरूको गन्ती र उनीहरूका कर्तव्यहरू

गन्ती ३-४ अध्यायको सन्दर्भचाहिँ लेवीहरूको सेवाभार हो। उनीहरू गन्ती १-२ अध्यायमा प्रस्तुत गरिएको जनगणनाभित्र समावेश भएनन्। किनभने परमेश्‍वरले लेवी-कुललाई पवित्रस्थानको सेवाको निम्ति अलग गर्नुभयो। शुरुमा उहाँले इस्राएलीहरूका जेठा छोराहरूलाई आफ्नो निम्ति छान्नुभयो, तर पछिबाट उहाँले तिनीहरूको सट्टामा लेवी-कुललाई ईश्‍वरीय सेवा गर्न भनी छान्नुभयो (गन्ती ३:१२-१३)। लेवीका तीनजना छोराहरू थिएः गेर्शोन, कहात र मरारी। अनि यिनीहरूका सन्तानहरूको हातमा निवासस्थानको हेरचाह गर्ने र त्यो खड़ा गर्ने र तल झार्ने कामको जिम्मा लगाइयो।

**गन्ती ३:१-१०क:** हारून कहातको सन्तान थिए। तिनको परिवार एकमात्र पूजाहारी-परिवार थियो (गन्ती ३:९)। अरू सबै लेवीहरू निवासस्थानको सेवा गर्थे, तर तिनीहरू पूजाहारी थिएनन्। पेन्टटुकको पछाड़िको भागमा 'लेवी पूजाहारीहरू' भन्ने वाक्यांशको अर्थचाहिँ 'लेवी वंशका पूजाहारीहरू' हो। सबै लेवीहरू पूजाहारी थिएनन्, तर सबै पूजाहारीहरू लेवी थिए।

पूजाहारी-परिवारको वर्णन गन्ती ३:१-४ पदको खण्डमा भएको छ। नादाब र अबिहूले परमप्रभुको पवित्रता भङ्ग गरेको हुनाले यिनीहरू मारिएका थिए; त्यसपछि हारूनका दुईजना छोराहरू बाँकी रहेः एलाजार र इतामार। बाँकी लेवीहरू पूजाहारीहरूका सेवकहरू थिए (गन्ती ३:५-९)। हारून र तिनका छोराहरूले मात्र पूजाहारी-पदमा रहेर सेवा गर्न पाउँथे (गन्ती ३:१०क)।

**गन्ती ३:१०ख-१३:** पुरानो नियमका पूजाहारीहरूको मध्यस्थताद्वारा कुनै पनि पापी व्यक्ति परमेश्‍वरसँगको घनिष्ठ सङ्गतिमा आउन सकेन। ऊ मृत्युको डरमा पवित्र थोकहरूदेखि टाढ़ा रहनुपर्थ्यो (गन्ती ३:१०ख)। तर अहिले, प्रभु येशू ख्रीष्ट हाम्रा महापूजाहारीको मध्यस्थताद्वारा हामीले परमेश्‍वरकहाँ प्रवेश गर्ने अधिकार मात्र पाएका होइनौं, तर हामीलाई उहाँको उपस्थितिमा प्रवेश गर्ने साहस र हिम्मत धरि भएको छ (हिब्रू ४:१६)। यो महान् फेरबदल कहाँबाट आयो? गन्तीको पुस्तकको प्रकाश र हिब्रूको पुस्तकको प्रकाशको भिन्नता केमा छ? त्यहाँ एउटा महान्भन्दा महान् घटना घटेको छः गलगथामा एउटा अद्‌भुत घटना घटेको छ! भिन्नता यसैमा छ।

**गन्ती ३:१४-३९:** लेवीहरूको संख्या लड़ाइँ गर्न सक्ने पुरुषहरूको रूपमा होइन, तर परमेश्‍वरको सेवा गर्ने उपासकहरूको रूपमा लियो (गन्ती ३:१५)। लेवीका तीनजना छोराहरूमध्ये हरेकले निवासस्थानको सम्बन्धमा निर्धारित भागको जिम्मेवारी पाए, जस्तैः

*गन्ती ३:१८-२६:* लेवीको जेठा छोराको नाम गेर्शोन

गेर्शोनीहरूको कार्यभारः निवासस्थान, पाल, त्यसको ओढ़ा, भेट हुने पालको ढोकाको पर्दा, साथै आँगनको पर्दा र आँगनको ढोकाको पर्दा। यी चीजहरूबाट बीचको पर्दा बाहेक थियो; किनभने यात्रा गर्नुभन्दा अघि त्यो बीचको पर्दा करारको सन्दुकको वरिपरि बेरिन्थ्यो।

गेर्शोनीहरूको संख्याः ७,५००

*गन्ती ३:२७-३२:* लेवीको माहिला छोराको नाम कहात

कहातीहरूको कार्यभारः करारको सन्दुक, भेटीका रोटीको टेबल, सुनको सामदान र होमबलिको वेदी र धूपवेदी, साथै पवित्रस्थानका भाँड़ाकुँड़ाहरू, अनि बीचको पर्दा।

कहातीहरूको संख्याः ८,६००

*गन्ती ३:३३-३७:* लेवीको कान्छा छोराको नाम मरारी

मेरारीहरूको कार्यभारः निवासस्थानका फल्याकहरू, त्यसका साटाहरू, त्यसका खाँबाहरू र त्यसका चूलघरहरू, साथै आँगनका खाँबाहरू, तिनका चूलघरहरू, तिनका कीलाहरू र तिनका डोरीहरू।

मरारीहरूको संख्याः ६,२००

लेवीहरूले आफ्ना पालहरू निवासस्थानको आँगनको वरिपरि टाँग्नुपर्थ्यो; पाल टाँग्दा गेर्शोनीहरू पश्चिमपट्टि (गन्ती ३:२३), कहातीहरू दक्षिणपट्टि (गन्ती ३:२९) र मरारीहरू उत्तरपट्टि बस्थे (गन्ती ३:३५); तर मोशा, हारून र तिनका छोराहरूले पूर्वपट्टि, निवासस्थानको ढोकानेर आफ्नो पाल टाँग्नुपर्थ्यो (गन्ती ३:३८-३९)।

इस्राएली जातिका कुलहरूमध्ये लेवीकुलचाहिँ सबैभन्दा सानो थियो। उनीहरूमध्ये एक महिनादेखि उँभोका सबै पुरुषहरूको संख्या बाइस हजार थियो (गन्ती ३:३९); तर गन्ती ३:२२, २८ र ३४ पदमा पेश गरिएका संख्याहरू जोड्दा उनीहरूको मुठ संख्या २२,३०० पो भएछ। यी दुईवटा कुल संख्याको बीचको भिन्नता किन भएको थियो, सो सम्बन्धमा विभिन्न स्पष्टीकरणहरू दिइएका छन्। श्री चर्च विलियम्सको सुझाउअनुसार यी तीन सयजना कहाँबाट आए भने, जुन बेलामा इस्राएलीहरूका जेठा छोराहरूको सट्टामा लेवीहरू छानिए, त्यस बेलामा लेवीहरूका यी तीन सय पहिले जन्मेका जेठा छोराहरू यस कुल संख्यामा हालिएनन्; किनभने यी तीन सयजना इस्राएलीहरूले मिस्र देशबाट प्रस्थान गरेको समयदेखि पछि मात्र जन्मेका थिए र यसकारण यस हिसाबमा आएनन् अरे।[2)]

**गन्ती ३:४०-५२:** यस खण्डको अर्थ यस प्रकारको छः परमेश्वरले लेवीहरूलाई इस्राएलीहरूका सबै जेठा छोराहरूको सट्टामा आफ्नो निम्ति चुन्नुभयो। यता २२,०००

लेवीहरू थिए भने, उता इस्राएलीहरूका २२,२७३ जना जेठा छोराहरू थिए (गन्ती ३:३९ र ४३)। यसकारण यी दुई सय त्रिहत्तरजना जेठा छोराहरूको विषयमा, जो बढ़ी भएका थिए र जसको निम्ति लेवीहरूको संख्या कम थियो, तिनीहरूले केही न केही उपाय निकाल्नुपरेको थियो। परमप्रभुले आज्ञा गर्नुभयो, कि इस्राएलीहरूबाट अतिरिक्त दुई सय त्रिहत्तरजना जेठा छोरा-हरूको निम्ति तिनीहरूले पाँच-पाँच शेकेल तिरेर यिनीहरूलाई छुटाऊन्। यसकारण मोशाले यी छुटाइनुपरेकाहरूको रकम अर्थात् एक हजार तीन सय पचहत्तर शेकेल हारून र तिनका छोराहरूलाई दिए (२७३x५=१३७५; गन्ती ३:५१)। याद रहोस्, कि गन्ती ३:४३ पदमा उल्लेख गरिएका जेठा छोराहरूको संख्यामा इस्राएलीहरू मिस्र देशदेखि प्रस्थान भएपछि तिनीहरूबाट जन्मेका जेठाहरू समावेश गरेको हुन सक्छ।

**गन्ती ४:१-३:** यस अध्यायमा लेवी-हरूको जनगणना किन गरिएको छ? किनभने यसो गरेर उनीहरूको यस जनगणनाको संख्याअनुसार निवासस्थानको सेवामा कार्यरत रहने कति हुन्छन्, सो कुरा सुनिश्चित भयो। यसकारण उनीहरूबाट तीस वर्षदेखि पचास वर्षसम्मका पुरुषहरू गनिए।

**गन्ती ४:४-२०:** प्रस्थान २५:१५ पदमा यसो लेखिएको छः *'डन्डाहरू करारको सन्दुकका मुन्द्राहरूमा रहून्; ती त्यसबाट ननिकालिऊन्!'* तर गन्ती ४:६ पदले के भन्छ भने, *'त्यसपछि पूजाहारीहरूले त्यसका डण्डाहरू लगाइदिऊन्।'* काइल र डेलित्छ नामक टिप्पणीमा दिएको सुझाउअनुसार गन्ती ४:६ पद निम्न प्रकारले अनुवाद गर्न सकिन्छ, जस्तैः 'पूजाहारीहरूले त्यसका बोक्ने डन्डाहरू मिलाइदिऊन्।' [3)]

कहातीहरूको कार्यभार पहिले व्यक्त गरिएको छ (गन्ती ४:४-२०)। इस्राएली-हरूले यात्रा शुरु गर्नुभन्दा अघि हारून र तिनका छोराहरूले निवासस्थान र त्यसका सामग्रीहरू पोका पार्नुपर्थ्यो (गन्ती ४:५-१३)। करारको सन्दुक (गन्ती ४:५-६), भेटीका रोटीको टेबल (गन्ती ४:७-८), सुनको सामदान (गन्ती ४:९-१०), सुनको धूपवेदी (गन्ती ४:११) र सेवाका सबै सामानहरू (गन्ती ४:१२), साथै पित्तलको होमबलिको वेदी (गन्ती ४:१३-१४), यी सबै थोकहरू सिलको छालाले ढाकिनुपर्थ्यो। ती ढाकिएका सामानहरू बोक्ने काममा कहातीहरू नियुक्त भए। यस ठाउँमा हातखुट्टा धुने बाटाको कुरा गरिएन; तर उनीहरूले यो बाटा अवश्य पनि बोकेका हुनुपर्ला। यी ढाकिएका पवित्र सरसामानहरू छुन वा खोलेर हेर्ने अनुमति उनीहरूको थिएन, नत्र ता उनीहरू मर्नेथिए (गन्ती ४:१४, १७-२०)। हारूनका छोरा एलाजार निवासस्थान र यसका पवित्र सामानहरूको प्रभारी थिए (गन्ती ४:१६)।

महापवित्रस्थान र पवित्रस्थानको बीचमा भएको छेक्ने पर्दाले जहिले पनि करारको सन्दुकलाई नदेखिने गरी लुकाइराख्थ्यो (गन्ती ४:५)। इस्राएलीहरूले यात्रा गरिरहेको बेलामा पनि यही पर्दाले करारको सन्दुकलाई ढाक्थ्यो। यस बीचको पर्दाले हाम्रा प्रभु येशूको शरीरको चित्रण गर्छ। प्रधान पूजाहारीले बाहेक अरू कसैले पनि करारको सन्दुकमाथि भएको परमेश्वरको सिंहासन-माथि दृष्टि लगाउन पाउँदैनथियो। तर गलगथामा त्राणको काम पूरा भएको यस महान् घटनापछि यो छेक्ने पर्दा सधैंको निम्ति दुई भाग हुने गरी च्यातियो (लूका २३:४५)।

**गन्ती ४:२१-२८:** गेर्शोनीहरूलाई निवासस्थानका पर्दाहरू, भेट हुने पाल, आँगनका पर्दाहरू र आँगनको ढोकाको पर्दा

बोक्ने जिम्मा अह्राइयो। हारूनका छोरा इतामार गेर्शोनीहरूको प्रभारी थिए।

**गन्ती ४:२९-३३:** अनि मरारीका छोराहरूका परिवारकाहरूले निवासस्थानका फल्याकहरू, यसका साटाहरू, यसका खाँबाहरू, तिनका चूलघरहरू, आँगानका कीला र डोरीहरू बोक्ने काम पाए।

**गन्ती ४:३४-४९:** लेवीहरूको जनगणनाको परिणाम यस प्रकारको थियोः

| | |
|---|---|
| कहातीहरूको जनसंख्याः | २,७५० |
| गेर्शोनीहरूको जनसंख्याः | २,६३० |
| मरारीहरूको जनसंख्याः | ३,२०० |
| कुल संख्याः | ८,५८० |

तीस वर्षदेखि पचास वर्षसम्मका लेवी पुरुषहरूको संख्या आठ हजार पाँच सय अस्सी थियो।

### ग) गन्ती ५:१-१०: छाउनीको शुद्धता कायम राखेको, र पाप स्वीकार गर्ने नियम लागू गराएको

इस्राएलीहरूले छाउनीको शुद्धता कायम राख्नु थियो; यस खण्डमा तिनीहरूले यसको पूर्व-सतर्कतामा के-के गर्नुपरेको थियो, सो कुरामाथि ध्यानकेन्द्रित रहन्छ। गन्ती ५:३ पदमा पेश गरिएको आज्ञाको आधार व्यवस्था २३:१४ पदमा पाइन्छ, जहाँ यसो लेखिएको छः *'परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूको छाउनीको बीचमा हिँड्दै हुनुहुन्छ।'*

**गन्ती ५:१-४:** कुष्ठ-रोगी, आलो घाउ भएका व्यक्ति र मुर्दासँग सम्पर्कमा आएकाहरूलाई तिनीहरूले छाउनीदेखि बाहिर राख्नुपरेको थियो। छाउनी भन्नाले निवासस्थानको क्षेत्र र यसको वरिपरि इस्राएलीहरूले पाल टाँगेर बस्दा तिनीहरूले ओगटिरहेको क्षेत्र बुझिन्छ।

**गन्ती ५:५-१०:** कुनै पुरुष वा स्त्रीले एक-अर्काको विरुद्ध कुनै पाप गरेकोमा उसले पाप स्वीकार गर्नुको साथै एउटा दोषबलि पनि चढ़ाउनु आवश्यक थियो; अनि जुन कुरामा ऊ दोषी हुन्थ्यो, त्यसको क्षतिपूर्ति गर्दा यसमा त्यसको पाँचौं भाग थप्नुपरेको थियो। हानि भएको व्यक्ति मर्‍यो भने, अथवा त्यसको कुनै नजिकको नातेदार फेला पर्न सकिँएन भने, उसले यसको भर्ना पूजाहारीलाई तिर्नुपर्थ्यो।

### घ) गन्ती ५:११-३१: ईर्ष्याको सम्बन्धमा पेश गरिएको नियम

**गन्ती ५:११-१५:** यस खण्डमा झूट पक्रने विधि वर्णन गरिएको छ। यो विधि ईर्ष्या वा डाहको परीक्षण गर्ने जाँच भनिन्छ। जुन स्त्रीमाथि आफ्नो लोग्नेप्रति विश्वासघात गरेको आरोप लगाइएको थियो, त्यस स्त्रीको दोष वा निर्दोषता साबित गर्नु यस विधिको उद्देश्य थियो। यसको निम्ति त्यस स्त्रीले निवासस्थानको भुइँको धूलो मिसाएको पानी पिउनुपर्थ्यो। अनि ऊ दोषी भएकी भए यो पानी उसको निम्ति श्राप बन्नेथियो; फलस्वरूप उसको पेट सुनिनुको साथै उसको जाङ पनि कुहुनेथियो। तर ऊ निर्दोष भएकी भए यस पानीबाट उसलाई कुनै प्रकारको हानि हुनेथिएन। गन्ती ५:१२-१४ पदहरूबाट स्पष्ट भएको छ, कि लोग्ने आफ्नी स्वास्नी विश्वासघाती भएकी थिई कि थिइन, सो कुरामा निश्चित थिएन। सबैभन्दा पहिले यस लोग्नेले आफ्नी स्वास्नीलाई अन्नबलिको साथमा पूजाहारीकहाँ ल्याउनुपरेको थियो।

**गन्ती ५:१६-३१:** त्यसपछि पूजाहारीले एउटा माटोको भाँड़ामा पानी र धूलोको त्यो मिश्रण तयार गरे। तिनले त्यस स्त्रीलाई होमबलिको वेदीमा परमप्रभुको सामु हाजिर गराए, त्यसपछि तिनले उसको केश फुकालिदिए र उसका हातहरूमा त्यो अन्नबलि राखिदिए। तब पूजाहारीले उसलाई शपथ खान लगाए; यस शपथअनुसार यो स्त्री दोषी

भएकी भए त्यो पानी यस स्त्रीको निम्ति श्राप बन्नेथियो। यस स्त्रीलाई लाग्नुपर्ने श्रापहरू एउटा पुस्तकमा लेखेपछि पूजाहारीले भाँड़ामा भएको तीतो पानीमा त्यो लेख पखालेर मेटिदिए; त्यसपछि तिनले त्यो अन्नबलि परमप्रभुको सामु डोलाएर त्यसको एक मुठी होमबलिको वेदीमाथि जलाइदिए, र त्यसपछि यस स्त्रीलाई त्यो पानी पिउन लगाए। 'उसले यस स्त्रीलाई त्यो श्राप पैदा गर्ने पानी पिउन लगाओस्' भनेर गन्ती ५ः२४ पदमा लेखिएको वाक्य गन्ती ५ः२६ पदमा फेरि दोहोरिएको छ। यस स्त्रीले त्यो पानी एकपल्ट मात्र पिई। यदि ऊ दोषी थिई भने बाँझीपनको साथमा अघि यसलाई जानकारी दिइएका अन्य अशुभ सजायहरू यस स्त्री-माथि आइपर्नेथिए। यदि यस सम्बन्धमा ऊ निर्दोष थिई भने, 'तँ शुद्ध भएस्' भनेर उसलाई शुद्ध भएकी घोषणा गरियो, अनि ऊ ती सजायहरूबाट मुक्त भई। त्यसपछि ऊ एउटा सामान्य विवाहित जीवन व्यतीत गर्न सकी र गर्भधारण गर्न सकी। गन्ती ५ः२९-३१ पदहरूले ईर्ष्या वा डाहको परीक्षण गर्ने जाँचको संक्षिप्त सार दिन्छन्।

ईर्ष्याको निम्ति उचित कारणहरू भए-नभए ईर्ष्याले विवाहित जोड़ीको सम्बन्ध विच्छेद गर्न सक्दो रहेछ। अनि यस विधिले यस प्रकारको मामिला एकैपल्ट सधैंको निम्ति टुङ्ग्याउँथ्यो। किनकि यसरी दोषी व्यक्ति-माथि परमेश्वरको न्याय आइपर्नेथियो; तर निर्दोष व्यक्तिचाहिँ उसको जीवनसाथीका शङ्का-उपशङ्काबाट मुक्त हुन्थ्यो।

कति बाइबल-विद्यार्थीहरू छन्, जसको विचारमा, यस खण्डबाट भविष्यमा इस्राएली जातिको निम्ति यसमा लागू हुने प्रयोग बाँकी नै छ; किनभने एक दिन इस्राएलीहरू परमप्रभुप्रति अविश्वासी भएको सम्बन्धमा तिनीहरूको जाँच हुनेछ।

### ङ) गन्ती ६ः नाजीरको सम्बन्धमा लागू हुने नियम

**गन्ती ६ः१-८ः** 'नाजीर' भन्ने शब्दको अर्थ 'अलग हुनु' भन्ने क्रियापदबाट आउँछ। नाजीरको भाकलचाहिँ स्वेच्छा-भाकल हुन्थ्यो; अनि जुनै पुरुष वा स्त्रीले केही निर्धारित समयको निम्ति यो भाकल गर्न सक्थ्यो। यहूदीहरूसँग 'मिश्ना' नामक पुस्तक छ, अनि यस पुस्तकअनुसार नाजीरको भाकल एक सय दिनसम्म लाग्न सक्थ्यो; तर सामान्य रूपले यस भाकलको अवधि तीस दिन हुन्थ्यो। विरलै कति मानिसहरू जीवन-भरि नाजीर रहन्थे; यसको उदाहरण शमूएल, शिमसोन र बप्तिस्मा दिने यूहन्ना हुन्।

नाजीरको भाकलका तीनवटा शर्तहरू थिएः **क)** भाकल गर्ने व्यक्तिले दाखको फलदेखि लिएर त्यसको रससम्म केही पनि खाँदैनथियो, जस्तैः सिर्का, दाखमद्य, दाखको रस, अङ्गुर र किसमिस आदि (गन्ती ६ः२-४); **ख)** उसले आफ्नो केश काट्दैनथियो (गन्ती ६ः५); **ग)** ऊ मृत शरीरको छेउमा जाँदैनथियो (गन्ती ६ः६-८)।

दाखमद्यले मनको हर्षको अर्थ लिन्छ भने, लामो केश पुरुषको निम्ति लज्जास्पद भएकोले यहाँ यसको अर्थ नम्रताको चिन्ह हो; अनि मृत शरीरको अर्थ अशुद्धता हो।

> 'यसरी नै नाजरीचाहिँ यस संसारका मानिस-हरूको निम्ति एउटा रहस्य हुन्थ्यो र अहिले पनि छ; किनभने हर्षित हुनको निम्ति उसले आफूलाई संसारको आनन्ददेखि वञ्चित राख्छ; अनि बलवान् हुनका निम्ति ऊ दुर्बल हुन्छ; अनि आफ्ना आफन्तहरूलाई प्रेम गर्नको निम्ति उसले तिनीहरूलाई अवहेलना गर्छ (लूका १४ः२६)।' [4)]

**गन्ती ६ः९-१२ः** यस अनुच्छेदमा कसैले अनजानमा कुनै मृत शरीर छोएर नाजीरको

भाकल भङ्ग गरेको बेलामा यस परिस्थितिमा उसले के-के गर्नुपर्छ, सो वर्णन गरिएको छ। पहिले उसले गन्ती १९ अध्यायमा पेश गरिएको सात दिने शुद्धीकरणको विधि पूरा गर्नुपरेको थियो। अनि सातौं दिनमा उसले आफ्नो कपाल खौरनुपरेको थियो; अनि भोलिपल्ट उसले दुईवटा ढुकुर वा दुईवटा परेवाका बच्चाहरू चढ़ाउनुपरेको थियो, एउटाचाहिँ पापबलिको निम्ति र अर्कोचाहिँ होमबलिको निम्ति। अनि उसले एउटा एकवर्षे भेड़ाको पाठो पनि दोषबलिको निम्ति ल्याउनु थियो। यी बलिहरू चढ़ाएर पनि उसले आफै नाजीरको रूपमा अलग बसेका सबै दिनहरू गुमाउँथ्यो; उसले आफ्नो भाकल फेरि शुरु गर्नुपरेको थियो। निष्कर्षमा आएर हामी यो भनौंः नाजीरको भाकल गरेको मानिस अशुद्ध भयो भने, उसले आफूलाई फेरि अर्पण गर्न सक्थ्यो; तर जति समय ऊ नाजीरको रूपमा अलग बस्यो, ती सबै दिनहरू 'अशुद्ध', अँ, व्यर्थ ठहरिए; किनकि नाजीरको रूपमा अलग बसेका ती सबै दिनहरू उसले गुमायो। अनि हाम्रो विषयमा चाहिँ? हाम्रो निम्ति यसको अर्थ यही हुन जान्छः विश्वासबाट पछि हटेको ख्रीष्ट-विश्वासी प्रभुमा पुनर्स्थापित हुन सक्छ; तर उसले परमेश्वरको सङ्गतिविना बिताएका दिनहरू बर्बाद भएको समय गनिन्छन्।

**गन्ती ६ः६-२१ः** यस खण्डको सन्दर्भ-चाहिँ नाजीरको भाकल पूरा भएको बेलामा भाकल गर्ने मानिसले के-के गर्नुपर्छ, यसको विधि हो। उसले चार किसिमका बलिहरू ल्याउनुपरेको थियोः एउटा होमबलि, एउटा पापबलि, एउटा मेलबलि र एउटा अन्नबलि (गन्ती ६ः१४-१५)। नाजीरले आफ्नो कपाल खौरथ्यो, र त्यो काटिएको केश मेलबलिमनि आगोमा हाल्थ्यो (गन्ती ६ः१८)। अनि यस विधिअन्तर्गत पूजाहारीले गर्नुपर्ने कर्तव्य गन्ती ६ः१६, १७, १९ र २० पदमा बताइएको छ। गन्ती ६ः२१ पदले यस स्वेच्छा-दानको कुरा गरेको छ, जुन स्वेच्छा-दान एकजना मानिसले आफ्नो नाजीरको भाकल पूरा भइसकेपछि चढ़ाउन सक्थ्यो।

**गन्ती ६ः२२-२७ः** *'परमप्रभुले तिमीलाई आशिष दिऊन्, तिमीलाई रक्षा गरून्; परमप्रभुले आफ्नो चेहरा तिमीमाथि चम्काऊन्, र उहाँ तिमीप्रति अनुग्रहकारी होऊन्; परमप्रभुले आफ्नो चेहरा तिमीमाथि लगाइदिऊन् र तिमीलाई शान्ति दिऊन्!'* गन्ती छ अध्यायका अन्तिम पदहरूमा उल्लेख गरिएको यस सुपरिचित र सुन्दर आशीर्वादको वचन लिएर हारून र तिनका छोराहरूले मानिसहरूलाई आशीर्वाद दिने गर्थे। महान् सुसमाचार प्रचारक डी. एल. मूडीलाई यो आशीर्वादको वचन खूबै मन परेको थियो; किनभने तिनले यस आशीर्वादको वचनको विषयमा यसो लेखेका छन्ः

> 'यो आशीर्वाद सारा पृथ्वीमाथि घोषणा गर्नु उचित छ; किनभने यसको घोषणा गर्दा कसैलाई कुनै हानि हुँदैन। यसकारण आउनुहोस्, आफ्नो हृदयमा यो आशीर्वादको वचन उच्चारण गर्नुहोस्! यो परमेश्वरको वाणी हो; यसकारण आफूले लेख्नुभएको हरेक पत्रको अन्तमा यो आशीर्वादको वचन हालेर आफ्नो पत्रको अन्त गर्नुहोस्! हरेक बिहान यो आशीर्वादको वचन उद्घोषणा गरेर आफ्नो दिन शुरु गर्नुहोस्! आफ्नो हरेक रात यस आशीर्वादको वचनद्वारा पवित्र पार्नुहोस्! यहाँ आशिष छ, यहाँ सुरक्षा छ; यहाँ जीवन छ, यहाँ सुखचैन छ; यहाँ निगाह छ, यहाँ उत्साह छ। यस आशीर्वादमा हाम्रो तुच्छ जीवनमाथि स्वर्गीय आनन्दले भरेको बिहानी उदाउने शक्ति छ। अनि यो स्वर्गीय सङ्गीत रच्नुहुने प्रभु स्वयम् हुनुहुन्छ, जसले स्वर्गबाट अनगिन्ती अमर स्तुतिगानहरूमध्ये यो सुन्दर रचनाचाहिँ हामीकहाँ प्रस्तुत गर्नुभएको हो।' [5)]

### च) गन्ती ७ : कुल-नायकहरूको भेटी

**गन्ती ७:१-९:** यस अध्यायको सन्दर्भ प्रस्थान ४०:१७ पद नै हो, जुन बेलामा निवासस्थान भर्खरै खड़ा भइसकेको थियो। यहाँ बताइएका इस्राएलका शासकहरूचाहिँ तिनीहरूका बाह्र कुलहरूका मुखियाहरू थिए। यिनीहरूका नामहरू अघिबाट गन्ती १:५-१६ र २ अध्यायमा दिइसकेका छन्। सबैभन्दा पहिले यिनीहरूले छवटा गोरु-गाड़ाहरू र बाह्रवटा गोरुहरू भेटीको रूपमा परमप्रभुको सामु ल्याए (गन्ती ७:३)। मोशाले दुईवटा गाड़ा र चारवटा गोरुहरू गेर्शोनीहरूलाई अनि चारवटा गाड़ा र आठवटा गोरुहरू मरारीहरूलाई आ-आफ्नो जिम्मामा परेका निवासस्थानका सरसामानहरू बोक्ने काममा प्रयोग गर्नको निम्ति बाँड़िदिए। कहातीहरूलाई कुनै गाड़ा र कुनै गोरु दिइएन; किनकि उनीहरूले पवित्र सामग्रीहरूको अमूल्य बोझ आफ्नै काँध-हरूमा बोक्नुपर्थ्यो।

**गन्ती ७:१०-८३:** यी कुल-नायकहरूले होमबलिको वेदीको समर्पणको निम्ति बाह्र दिनसम्म भेटीहरू ल्याइरहे। यी भेटीहरूको विस्तृत विवरण यस प्रकारको छः

| दिनको संख्याः | कुल-नायकको नामः | कुलको नामः | सन्दर्भ-पदः |
|---|---|---|---|
| पहिलो दिन | नहशोन | यहूदा | गन्ती ७:१२-१७ |
| दोस्रो दिन | नतनेल | इस्साकार | गन्ती ७:१८-२३ |
| तेस्रो दिन | एलिआब | जबूलून | गन्ती ७:२४-२९ |
| चौथो दिन | एलिसूर | रूबेन | गन्ती ७:३०-३५ |
| पाँचौं दिन | शमूमिएल | शिमोन | गन्ती ७:३६-४१ |
| छैटौं दिन | एल्यासाप | गाद | गन्ती ७:४२-४७ |
| सातौं दिन | एलिशामा | एप्रैम | गन्ती ७:४८-५३ |
| आठौं दिन | गमलिएल | मनस्से | गन्ती ७:५४-५९ |
| नवौं दिन | अबिदान | बिन्यामिन | गन्ती ७:६०-६५ |
| दसौं दिन | अहिएजेर | दान | गन्ती ७:६६-७१ |
| एघारौं दिन | पगिएल | आशेर | गन्ती ७:७२-७७ |
| बाह्रौं दिन | अहिरा | नप्ताली | गन्ती ७:७८-८३ |

**गन्ती ७:८४-८९:** यी भेटीहरूको मुठ संख्या गन्ती ७:८४-८८ पदमा दिइएको छ। परमेश्वरको निम्ति गरिएको कुनै पनि सेवा उहाँ कहिल्यै कुनै हालतमा पनि बिर्सनुहुन्न; उहाँले होशियारीसाथ यसको हिसाब-किताब राख्नुहुन्छ। यस समर्पणको भेटीको कार्य समाप्त भएपछि मोशा महापवित्र-स्थानभित्र गए; अनि उनले त्यहाँ कृपा-आसनमाथिबाट परमेश्वरलाई उनीसँग बोलिरहनुभएको सुने। हुन सक्छ, त्यस आवाजद्वारा उहाँले यी कुल-नायकहरूले चढ़ाएका भेटीहरूसँग पूरा प्रसन्न हुनुभएको कुरा व्यक्त गर्नुभयो कि कसो हो? (गन्ती ७:८९)। मोशा लेवी-कुलबाट भए तापनि उनी पूजाहारी थिएनन्। तर परमेश्वरले उनीसँग विशेष व्यवहार गर्नुभयो, र उनलाई महापवित्रस्थानभित्र प्रवेश गर्ने अनुमति दिनुभयो। तर उहाँले उनलाई महापवित्र-स्थानभित्र प्रवेश गर्ने मात्र दिनुभएको कहाँ हो र? उहाँले उनलाई 'मसँग भेट्न त्यहाँ आऊ' भन्ने निम्तोरूपी आज्ञा पो गर्नुभयो (प्रस्थान २५:२१-२२)।

### छ) गन्ती ८: निवासस्थानका विभिन्न सेवाहरू

**गन्ती ८:१-४:** हारूनलाई सुनको सामदानमा दियाहरू यस प्रकारले मिलाउने निर्देशन भयो, कि सामदानको सामु उज्यालो भएको होस्। मानौं ज्योतिले पवित्र आत्माको गवाहीको अर्थ लिन्छ र सामदानले ख्रीष्ट येशूको चित्रण गर्छ भने, सामदानको सामु उज्यालो हुने गरी यी दियाहरूले आफ्नो चमक दिनुपर्ने कुराले ख्रीष्ट येशूको महिमा गर्नु नै पवित्र आत्माको काम हो भन्ने सम्झना दिलाउँछ।

**गन्ती ८:५-१३:** लेवीहरूको समर्पण यस खण्डको सन्दर्भ हो। सबैभन्दा पहिले उनी-हरूमाथि शुद्धीकरणको पानी छर्कियो; (शुद्धीकरणको पानी के हो, सो कुरा जान्न तपाईंले गन्ती १९ अध्याय हेर्नुहोला); त्यसपछि उनीहरूले आफ्ना शरीरका सबै रौंहरू खौरे र आफ्ना वस्त्रहरू धोए (गन्ती ८:७)। यसरी नै उनीहरू शुद्ध भए। त्यस-पछि इस्राएलीहरूका प्रतिनिधिहरूले भेट हुने पालको ढोकामा लेवीहरूमाथि आफ्ना हातहरू राखे; अनि हारूनले लेवीहरूलाई परमेश्वरको सामु डोलाउने भेटीको रूपमा चढ़ाए। यस विधिले हामीलाई रोमी १२:१-२ पदको सम्झना गराउँछ; किनभने वर्तमान समयमा जिउने ख्रीष्ट-विश्वासीहरूले आ-आफ्ना शरीरहरू परमेश्वरको निम्ति जिउँदो बलिदानको रूपमा समर्पण गर्नुपर्छ। अन्तमा मोशाले यी लेवीहरूको निम्ति दुईवटा बहरहरू, एउटालाई होमबलिको रूपमा र अर्कोलाई पापबलिको रूपमा चढ़ाए।

**गन्ती ८:१४-२२:** इस्राएलीहरूको प्रस्थान गरिएको समयमा परमेश्वरले लेवीहरूको विषयमा जुन कुरा भन्नुभएको थियो, त्यो कुरा उहाँले यहाँ फेरि दोहोऱ्याउनुभयो: इस्राएली-हरूका जेठाहरूको सट्टामा उहाँले लेवीहरूलाई आफ्नै निम्ति छान्नुभयो। लेवीहरू पूजाहारी-हरूका सहयोगीहरूको रूपमा नियुक्त भए। लेवीहरूको समर्पणको विधि परमप्रभुले गर्नुभएको आज्ञाअनुसार सुसम्पन्न भयो; त्यसपछि उनीहरूले भेट हुने पालको सम्बन्धमा आफ्नो कार्यभार सम्हाल्न थाले।

**गन्ती ८:२३-२६:** लेवीहरूको सेवा-काल पच्चीस वर्षको उमेरदेखि पचास वर्षको उमेरसम्म हुन्थ्यो। गन्ती ४:३ पदमा उनीहरूको सेवा गर्ने उमेर तीस वर्ष भएको बताइएको छ। यसकारण कसै-कसैको विचारमा, उजाड़स्थानमा हुँदा जस-जसले निवासस्थानका सरसामानहरू बोक्थे, तिनीहरूको उमेर तीस वर्ष भएको हुनुपर्थ्यो भन्ने अनुमान गरिन्छ। यस अनुमानअनुसार इस्राएलीहरू प्रतिज्ञाको देशमा पुगेर भेट हुने पाल स्थायी ठाउँमा खड़ा गरेपछि त्यसमा सेवा गर्ने व्यक्तिहरूको उमेर पच्चीस भएको हुनुपर्थ्यो, जसरी गन्ती आठ अध्यायमा लेखिएको छ। अरू मानिसहरू पनि छन्, जसले पच्चीस वर्षको उमेरदेखि तीस वर्षको उमेरसम्मको समयमा लेवीहरूको तालिमको समय देख्छन्। पचास वर्षको उमेर पुगेका-हरूले अवकाश प्राप्त गरे र त्यसपछि कुनै गह्रौं काम गर्दैनथिए; तर यस्ताहरूलाई अह्राउ-पराउ गर्ने काम अथवा कामकुराको निरीक्षण गर्ने अनुमति दिइयो (गन्ती ८:२५-२६)। यहाँ कामबाट छुट्टी लिएर सेवा नगर्ने र साथ दिने कुराको बीचमा छुट्टाइएको छ। काम भन्नाले गह्रौं चीजहरू बोक्ने परिश्रम बुझिन्छ भने, देखरेख वा निरीक्षणको काम यहाँ आफ्ना भाइहरूलाई साथ दिनु भनिएको छ।

कसैको भनाइ यस प्रकारको छ: लेवीहरूले ख्रीष्ट-विश्वासीहरूलाई चित्रण गर्छन्, किनभने ख्रीष्ट-विश्वासीहरूले मुक्ति पाएका छन्, तिनीहरू शुद्ध पारिएका छन् र प्रभुको सेवाको निम्ति अलग गरिएका छन्। अनि यस पृथ्वीमा तिनीहरूको अधिकारको

भाग हुँदैन। यसमा लेवीहरू र ख्रीष्ट-विश्‍वासीहरूको बीचको कुरा मिलेको छ।

### ज) गन्ती ९:१-१०:१०: निस्तार-चाड़, महिमाको बादल र चाँदीका तुरहीहरू

**गन्ती ९:१-१४:** अब परमेश्‍वरबाट निस्तार-चाड़ मनाउने आदेश आयो (गन्ती ९:१-२)। यहाँको कुरा गन्तीको पुस्तकको एक अध्यायमा लेखिएका कुराहरूभन्दा अघि भएको थियो। यसकारण बुझ्नुहोस्ः गन्तीको पुस्तकमा लेखिएका कुराहरू सबै काल-क्रमबद्ध हुँदैनन्। यो निस्तार-चाड़ इस्राएली-हरूले मिस्र देशदेखि प्रस्थान गरेको दोस्रो वर्षको पहिलो महिनाको चौधौं दिनमा मनाइयो। अनि विधिवत् रूपले अशुद्ध भएकाहरूको निम्ति निस्तार-चाड़ मनाउने विशेष प्रबन्ध गरियो। तिनीहरू, जसको सम्पर्क कुनै मृत शरीरसँग सम्पर्क भयो, अथवा तिनीहरू, जो निस्तार-चाड़ मान्ने बेलामा यात्रामा थिए, तिनीहरूले एक महिना पछि अर्थात् दोस्रो महिनाको चौधौं दिनमा निस्तार-चाड़ मनाउन पाए (गन्ती ९:६-१२)। तर यी विशेष मानिसहरू छोड़ेर परमप्रभुको निस्तार-चाड़ नमनाउनेहरूलाई तिनीहरूले इस्राएली समाजबाट नामेट गर्नुपर्थ्यो। अनि जुन परदेशी वा गैर-यहूदी मानिसले परमप्रभुको निस्तार-चाड़ मनाउन चाह्यो, उसले यसो गर्न पाउँथ्यो, तर यहूदीहरूको निम्ति निर्धारित गरिएका सर्त-हरूअनुसार मात्र (गन्ती ९:१४)। सबैका निम्ति एउटा नियम लागू हुन्थ्यो।

**गन्ती ९:१५-२३:** यी पदहरूले आउँदो अध्यायमाथि आफ्नो पूर्व-नजर लगाइ-राख्छन्। किनभने यस खण्डमा यही महिमाको बादलको वर्णन गरिएको छ, जुन बादलचाहिँ निवासस्थान ढाक्थ्यो – दिनमा यो बादलको रूपमा देखा पर्थ्यो, र राति यस बादलले आगोको रूप लिन्थ्यो। जब-जब निवासस्थानदेखि महिमाको बादल उठ्थ्यो, तब-तब इस्राएलीहरूले आ-आफ्ना पालहरू तल झारेर यात्रा शुरु गर्थे। अनि जहाँ-जहाँ बादल अड़िन्थ्यो, त्यहाँ-त्यहाँ तिनीहरूले यात्रा बन्द गरेर त्यहीं आफ्ना पालहरू टाँग्थे। यो बादलचाहिँ परमेश्‍वरले आफ्ना जनहरूलाई अगुवाइ गर्नुभएको एउटा चिन्ह थियो। वर्तमान समयमा प्रभुले हामीलाई यस प्रकारले देखिने अगुवाइ नगर्नुभए तापनि उहाँले आफ्ना जनहरूको अगुवाइ गर्नुहुन्छ भन्ने नियम अझ पनि जारी रहेको छ। किनकि हामी दृष्टिको भारमा होइन, तर विश्‍वासको भारमा हिंड्ने गर्छौं (२ कोरिन्थी ५:७)। प्रिय भाइबहिनीहरूहो, जब प्रभु अघि बढ्नु-हुन्छ, तब अघि बढ्नुहोस्, तर त्योभन्दा पहिले आफ्नो पाइला नचाल्नुहोस्! किनकि कहाँ जानुपर्ने हो, सो सम्बन्धमा तपाईंलाई लागेको अनिश्‍चितता अन्धकार नसम्झनुहोस्, तर कहीं नजाने, तर आफ्नै ठाउँमा रहिरहने अगुवाइको प्रकाश सम्झनुहोस्!

**गन्ती १०:१-१०:** परमप्रभुले मोशालाई चाँदीका दुईवटा तुरहीहरू बनाउने आदेश दिनुभयो। यी तुरहीहरूको प्रयोग **क)** जन-समूहलाई भेट हुने पालको ढोकामा भेला गराउनु थियो (गन्ती १०:३ र ७); **ख)** मानिसहरूलाई यात्रामा अघि बढ़ भन्ने सङ्केत दिनु थियो; **ग)** अगुवाजनहरूलाई भेला गराउँदा एउटा तुरही मात्र बज्थ्यो (गन्ती १०:४); **घ)** लड़ाइँको दिनमा खतरा-ध्वनि बज्थ्यो (गन्ती १०:९); **ङ)** विशेष चाड़का दिनहरूको घोषणा गर्न ती तुरहीहरू बजाइन्थे (गन्ती १०:१०)।

बेग्ला-बेग्लै परिस्थितिहरूमा यी तुरहीहरू भिन्न-भिन्नै प्रकारले बज्थे। गन्ती १०:५ पदमा बताएअनुसार खतरा-ध्वनिचाहिँ यात्रा शुरु गर्ने चिन्ह थियो। जब पहिले पल्ट खतरा-ध्वनि बज्थ्यो, तब निवासस्थानको पूर्वपट्टि बसेका कुलहरूले आफ्नो यात्रा शुरु गर्थे। अनि जब

खतरा-ध्वनि दोस्रो पल्ट बज्थ्यो, तब त्यस ध्वनिले दक्षिणमा बसेका कुलहरूलाई यात्रा शुरु गर्ने सङ्केत दिन्थ्यो। अनि यही यस प्रकारले क्रमशः उत्तर र पश्चिममा बसेका कुलहरूको निम्ति पनि तुरही फुकिन्थ्यो। यी तुरहीहरूको काम उजाड़स्थानका यात्राहरू गर्दा मात्र सीमित हुँदैनथियो, तर प्रतिज्ञा गरिएको देशमा पनि यी तुरहीहरू प्रयोगमा आउनिथिए (गन्ती १०:९)। यहाँ, यस पदमा तपाईंले 'आफ्नो देशमा' भन्ने शब्द-हरूमाथि ध्यान दिनुहोला। परमेश्वरले अब्राहामसँग प्रतिज्ञा गर्नुभएको प्रण पूरा गर्नुहुनेथियो; उहाँले अब्राहामका भावी सन्तानहरूलाई त्यो देश दिनुहुनेथियो। तर तिनीहरूको अनाज्ञाकारिता र अविश्वासले त्यस देशमा प्रवेश गर्ने तिनीहरूको समय चालीस वर्ष ढिलो गराएको थियो।

# खण्ड २

## गन्ती १०:११-१२:१: सिनाई पर्वतदेखि मोआबका मैदानसम्मको यात्रा

### क) गन्ती १०:११-३६: सिनाईको उजाड़स्थानदेखि इस्राएलीहरू अघि बढ़ेका

**गन्ती १०:११:** यस पदले गन्तीको पुस्तकमा एउटा सुनिश्चित मोड़ आएको सङ्केत गर्दछ। अहिलेसम्म इस्राएलीहरू सिनाई पर्वतमा पाल टाँगेर बसेका थिए। तर गन्ती १०:११ पददेखि २२:२ पदसम्म सिनाई पर्वतदेखि यात्रा गरेर मोआबका मैदानसम्म भएको यात्राको विवरण पाइन्छ। मोआबका यी मैदानहरू प्रतिज्ञाको देशको ठीक सामुन्ने परेका थिए। उक्त खण्डअन्तर्गत बितेको समय लगभग चालीस वर्ष थियो। दोस्रो निस्तार-चाड़ मनाइएको कारणले तिनीहरूले पहिलो महिनाको बीसौं दिनभन्दा अघि यात्रा शुरु गरेनन् (गन्ती ९:१०-११)।

**गन्ती १०:१२-१३:** तिनीहरूको यस यात्राको पहिलो कदमले तिनीहरूलाई सिनाई पर्वतदेखि लगेर पारानको उजाड़स्थानमा पुऱ्यायो। त्यस उजाड़स्थानमा पुग्नुभन्दा अघि तिनीहरूले तीन ठाउँहरूमा बिसाएः तबेरा, किब्रोत-हत्तावा र हसेरोत। खास गरी गन्ती १२:१६ पदमा आएर मात्र इस्राएलीहरू पारानको उजाड़स्थानमा आइपुगे।

**गन्ती १०:१४-२८:** इस्राएली जातिका कुलहरूले कुन प्रकारको क्रमैले यात्रा गरे, सो वृत्तान्त यस खण्डमा दिइएको छ। हरेक कुलका अगुवाले आ-आफ्नो कुलको अघि हिँड़ेर अगुवाइ गरे। दुई अध्यायमा बताए-अनुसार तिनीहरूले यहाँ यही यात्राको क्रम कायम राखे। तर यहाँ एउटा भिन्नता देखिन्छः २:१७ पदअनुसार यात्रा गर्दा लेवीको कुललाई एप्रैमको अघि र गादको पछि राखिएको थियो। तर गन्ती १०:१७ पदमा गेर्शोनीहरू र मरारीहरू जबूलूनको पछि हिँड़ेका बताइएको छ, र कहातीहरू गादको पछि हिँड़ेका लेखिएको छ (गन्ती १०:२१)। गेर्शोनी र मरारीहरूले निवासस्थानका सबै सामानहरू लिएर कहातीहरूभन्दा पहिले यात्रा गरेको समुचित देखिन्छ; किनभने कहातीहरू निवासस्थानका पवित्र सामग्रीहरू लिएर आउँदाखेरि यिनीहरूले शिविर-स्थलमा निवासस्थानको पाल टाँग्ने काम सिद्ध्याइ-सक्थे।

**गन्ती १०:२९-३२:** होबाब मोशाका जेठान थिए। अनि मोशाका ससुराको नाम रूएल थियो, अन्य ठाउँअनुसार येत्रो थियो। अनि होबाब मिद्यानी भएको नाताले तिनी

उजाड़स्थानको वातावरणसँग चिरपरिचित थिए। अनि हुन सक्छ, यही कारणले मोशाले सायद तिनलाई इस्राएलीहरूलाई यात्रामा साथ दिन भनी निमन्त्रण दिए। *'तिमी हाम्रो निम्ति आँखा ठहर्नेछौ।'* बाइबलका धेरै टिप्पणीकारहरू छन्, जसले यस निम्तोमा मोशाको अविश्वास वा विश्वासको कमी देख्न खोजेका छन्; किनकि परमेश्वर स्वयम्ले पहिलेबाटै 'म तिमीहरूलाई अगुवाइ गर्नेछु' भन्ने प्रतिज्ञा गर्नुभएको थियो।

यस सम्बन्धमा श्री कुर्जले आफ्नो विचार यस प्रकारले व्यक्त गरेका छन्ः

'यस बादलको खाँबाले इस्राएलीहरू हिँडूनुपर्ने सामान्य मार्ग के हो, पाल टाँग्नुपर्ने स्थान कुनचाहिँ हो र एक ठाउँमा कति समय बस्नुपर्ने हो, सो कुराहरू निर्धारित गर्थ्यो। तर बुझ्नुहोस्ः मानिसको बुद्धि लगाउने काम यस प्रकारको अगुवाइबाट वञ्चित गरिएको थिएन नि! किनभने पाल टाँग्ने काममा, खाने पानी खोज्ने सिलसिलामा, गाईबस्तु चराउने खर्क र गोठहरू लाग्ने ठाउँहरू पाउनुमा र दाउराको बन्दोबस्त गर्नको निम्ति बुद्धिको खाँचो थियो। अनि होबाबसँग यी सबै क्षेत्रहरूमा सुअनुभव थियो। यसकारण उजाड़स्थानको सम्बन्धमा तिनीसँग भएको ज्ञानले बादलको अगुवाइको कुरा काट्दैनथियो, तर यसमा थप सहयोग पुऱ्याउँथ्यो।' [6)]

**गन्ती १०ः३३-३४ः** महापवित्रस्थान पवित्रस्थानदेखि अलग पार्ने जुन बीचको छेक्ने पर्दा थियो, त्यो पर्दा लिएर हारून र तिनका छोराहरूले करारको सन्दुक लपेट्थे (गन्ती ४ः५)। अनि यही करारको सन्दुक कहातीहरू यात्रा गरिरहेको जन-समूहको अघि-अघि बोकेर हिँड्थे। सिनाई पर्वतदेखि कादेश-बर्नेअसम्मको यात्रा गर्न तिनीहरूलाई तीन दिन लाग्यो। परमप्रभुले मानिसहरूको निम्ति विश्राम गर्ने ठाउँ खोज्नुभएको बेलामा महिमाको बादलले तिनीहरूलाई ढाकिरह्यो।

**गन्ती १०ः३५-३६ः** होबाबले इस्राएली-हरूलाई तिनीहरूको यात्रामा साथ दिए कि दिएनन्, सो कुरा हामीलाई निश्चित थाहै छैन। तर न्यायकर्ता १ः१६ र ४ः११ पदबाट के देखिन्छ भने, तिनी तिनीहरूसँगै गएको हुनुपर्ला; किनकि न्यायकर्ताहरूको समयमा तिनका भावी सन्तानहरू इस्राएलीहरूको बीचमा भेट्टाइए।

जब-जब बिहानीपख करारको सन्दुक अघि बढ्थ्यो, तब-तब मोशाले परमप्रभुलाई विजयको निम्ति पुकार्थे; अनि जब-जब बेलुकीपख करारको सन्दुकले विश्राम लिन्थ्यो, तब-तब तिनले परमप्रभुलाई 'आफ्ना मानिसहरूकहाँ फर्केर आउनुहोस्' भनी प्रार्थना चढ़ाउँथे।

### ख) गन्ती ११ः इस्राएलीहरूको छाउनीमा मच्चिरहेको विद्रोह

**गन्ती ११ः१-३ः** परमेश्वरले इस्राएली-हरूको भलाइको निम्ति जेजति गर्नुभयो, ती सबै उपकारहरू देखेर पनि उहाँका जनहरूले उहाँको विरोधमा गनगन गरेको चाहिँ कसरी? परमेश्वरको वचनको यस भागमा आइपुगेर हजुरहरू यस कुरामा छक्क पर्नुभयो होला। *'उहाँको क्रोध दन्क्यो; अनि तिनीहरूको बीचमा परमप्रभुको आगो सल्केर छाउनीको छेउमा बस्नेहरूलाई भस्म पारिदियो'* (गन्ती ११ः१)। यस पहिलो पदबाट तिनीहरूको बीचमा त्यो असन्तुष्टि कहाँबाट आयो, सो केही सङ्केत पाइन्छ। किनभने यो असन्तोष-चाहिँ करारको सन्दुकदेखि टाढ़ा भएकाहरूको बीचमा मच्चियो। किनभने परमप्रभुबाट निस्केको यस आगोले छाउनीको छेउको भाग भस्म पारिदियो। 'तबेरा' भन्ने ठाउँले यस जलनबाट आफ्नो नाम पायो।

यसको विषयमा अनुवादको कुरा आयोः के.जे.वी. र एन.के.जे.वी.-बाइबलहरूले बताएअनुसार यस आगोले छाउनीको छेउमा बसेका केही असन्तुष्ट मानिसहरूलाई सखाप पार्‍यो; तर ए.एस.वी.को संस्करणले छाउनीको छेउको भाग भस्म पार्‍यो भनेर अनुवाद गरेको छ। जेसुकै भए तापनि मानिसहरूले यसबाट उहाँको दयावान् चेताउनी पाए; किनभने उहाँको सम्पूर्ण न्याय तिनीहरूमाथि आइपरेको भए यो कत्रो विनाश हुनेथियो, सो आफै विचार गर्नुहोस् !

**गन्ती ११ः४-९ः** अबको गनगन ठीक छाउनीको बीचमा मच्चिरहेको थियो। तर यस पल्ट गनगनचाहिँ 'मिश्रित झुण्ड' अर्थात् 'गैर-इस्राएली भीड़'बाट आएको थियो। गनगन निस्केको कारण यहाँ हुँदो रहेछ। जब इस्राएलीहरू मिस्र देश छोड़ेर गए, तब तिनीहरूको साथमा परमप्रभुमाथि विश्वास नगर्ने मानिसहरू पनि निस्केर आए। अनि यही मिश्रित झुण्डले घरिघरि इस्राएली-हरूलाई पिरोल्थ्यो। तिनीहरूमा भएको भक्तिहीनताको रोग इस्राएलीहरूलाई पनि लाग्यो; यसकारण तिनीहरूले स्वर्गबाट आएको मन्ना तुच्छ ठानेर मिस्र देशका खानेकुराहरूको लोभलालच गर्न थाले। यसको विषयमा भजन ७८ः१७-३३ पदको खण्डमा पढ्नुहोस्, र त्यस घटनाको विषयमा परमेश्‍वरको टिप्पणी हेर्नुहोस् !

> जस-जसलाई प्रभु येशूले स्वर्गबाट मन्ना खुवाएर तृप्त पार्नुभयो, ती मानिसहरूले आफ्ना दुष्कर्महरूद्वारा उहाँलाई दुःखित तुल्याउनु सम्भव भयो, कसरी ?
>
> तिनीहरूले उहाँको प्रेमको विरुद्ध कसरी पाप गर्न सके, कसरी ?
>
> तर उहाँदेखि तर्किजानेहरूको विद्रोह उहाँले सहनुभयो; उहाँले तिनीहरूको पाप धोइ-दिनुभयो; कसरी, अँ, कसरी ? यसमा सबैभन्दा अद्‌भुत कुरा छ।

**गन्ती ११ः१०-१५ः** यस अवस्थामा मोशाले पहिले परमप्रभुलाई पुकारे, र 'म ती वागी मानिसहरूलाई एकलैले सम्हाल्न सक्दिनँ' भन्ने प्रार्थना चढ़ाए; त्यसपछि उनले आफ्नो प्रार्थनामा उहाँलाई 'म यस भीड़ मानिसहरूका निम्ति उजाड़स्थानमा मासुको प्रबन्ध गर्न सक्दिनँ' भने। अन्तमा, उनले 'यी भारी समस्याहरूबाट उम्कन म मर्न पाऊँ' भन्ने माग गरे।

**गन्ती ११ः१६-१७ः** परमप्रभुले उनलाई के उत्तर दिनुभयो ? पहिले उहाँले मोशाको निम्ति उनीसँग मानिसहरूको बोझ काँध हाल्न सक्ने सत्तरीजना बूढ़ा प्रधानहरूलाई नियुक्त गर्ने प्रबन्ध गर्नुभयो। यसको विषयमा बाइबल-अध्ययन गर्नेहरूको बीचमा एउटा प्रश्न उठेको छ। किनकि तिनीहरूको विचारमा, मोशाको निम्ति यो सबैभन्दा असल उपाय थिएन। किनभने तिनीहरूको तर्क यस प्रकारको छः परमेश्‍वरले जे कुराको निम्ति आज्ञा गर्नुहुन्छ, त्यो कुरा पूरा गर्ने शक्ति पनि दिनुहुन्छ। यसो हो भने, जब मोशाको जिम्मेवारी घट्यो, तब उनलाई साथ दिने आत्मिक शक्ति पनि घट्यो; उनले नोक्सानी उठाए अरे। 7)

यसभन्दा पहिले पनि मोशाले आफ्ना ससुराले दिएको सल्लाहअनुसार मानिस-हरूमाथि सामाजिक मामिलाहरूको सम्बन्धमा अधिकारीहरू नियुक्त गरेका थिए (प्रस्थान १८ः२५; व्यवस्था ९ः९-१५)। यसकारण हुन सक्छ, यहाँ यी चुनिएका सत्तरीजना बूढ़ा प्रधानहरू आत्मिक भार बोक्ने उनका सहयोगीहरू थिए, कि के हो ? यसकारण यी दुईवटा भिन्न-भिन्न नियुक्तिहरूको बीचमा खिचड़ी गर्नुहुँदैन।

**गन्ती ११ः१८-२३ः** अनि जनताको विषयमा परमेश्‍वरको उत्तर के थियो ? तिनीहरूले प्रशस्त गरी मासु खान पाउनेथिए। तिनीहरूलाई दिक्क लाग्ने गरी उहाँले तिनी-हरूको निम्ति प्रशस्त मासु पठाउनुहुनेथियो।

उहाँको यस मासुको प्रबन्धअनुसार तिनीहरूलाई एक महिना खान पुग्नेथियो। मोशालाई यसको विषयमा शङ्का लागेको थियो; तर परमप्रभुले 'म यो कुरा गरिछोड्छु' भन्ने प्रतिज्ञा गर्नुभयो। सिनाई पर्वत जाने बाटोमा परमेश्वरले अलौकिक रीतिले इस्राएलीहरूको निम्ति मासु जुटाइदिनुभयो (प्रस्थान १६:१३)। मोशाले यो कुरा मनमा राख्नुपर्नेथियो र परमप्रभुको क्षमताको विषयमा कुनै प्रश्न गर्नुहुँदैनथियो। तर के गर्ने ? जब परिस्थितिले हामीलाई चारैतिरबाट घेर्छ, तब प्रभुले बितेको समयमा गर्नुभएको दया र उपकारहरू हामी कति छिटो गरी भुलिपठाउँछौं ! ?

**गन्ती ११:२४-३०:** जब यी सत्तरीजना बूढ़ा प्रधानहरूको नियुक्ति पूरा भयो, तब परमप्रभुको आत्मा यिनीहरूमाथि उत्रनुभयो, र यिनीहरूले भविष्यवाणी गर्न थाले। भविष्यवाणी भन्नाले सीधा परमेश्वरबाट प्रकाश पाएर बोल्नु हो। छाउनीमा रहेका दुईजना बूढ़ा प्रधानहरूले पनि भविष्यवाणी गरे। यहोशूले यस कार्यबाट मोशाको अगुवापनको निम्ति खतरा आएको देखे र यिनीहरूलाई रोक्न खोजे। तर गन्ती ११:२९ पदमा प्रस्तुत गरिएको मोशाको सुभद्र उत्तरद्वारा उनले आफ्नो फराकिलो हृदय प्रकट गरे।

**गन्ती ११:३१-३५:** अनि परमेश्वरले प्रतिज्ञा गर्नुभएको मासु बट्टाई चराको रूपमा आयो। गन्ती ११:३१ पदमा यसो लेखिएको छः '... बतासले भुइँमाथि दुई हातजति हुने गरी छाउनीमा खसालिदियो।' यस वाक्यको अर्थ दुई प्रकारको छ। कि त बट्टाई चराहरू जमिनदेखि दुई हात मास्तिर उड़ेर आए, कि त यी चराहरू दुई हात बाक्लो हुने गरी जमिनमाथि थाक लागेर बसे। यी चराहरू दुई हात हुने गरी थाक बस्नु सम्भव छ। किनभने एक ठाउँदेखि अर्को ठाउँमा बसाइ सर्ने उड़िरहेका बट्टाई चराहरू लामो यात्राले गर्दा क्लान्त भएको हुनाले एउटा पानीजहाजमाथि थाक परेर खसेको बयान सुन्नमा आएको छ।[8] मानिसहरू यी चराहरूको मासुबाट आनन्द लिन निस्के; तर मासु तिनीहरूका दाँतहरूको बीचमै हुँदा नै परमप्रभुको डरलाग्दो महामारीको प्रहारले तिनीहरूमध्ये धेरैजना नाश भए। त्यस ठाउँको नाम किब्रोत-हत्तावा भयो, जसको अर्थ होः 'लालचका चिहानहरू'; किनकि मानिसहरूले गरेको लालचले तिनीहरूलाई चिहानमा पुऱ्याइदियो। अनि हसेरोतचाहिँ इस्राएलीहरूले किब्रोत-हत्तावाबाट हिँड़ेपछि छाउनी हालेको अर्को ठाउँ रहेछ (गन्ती ११:३५)।

### ग) गन्ती १२: हारून र मरियमको विद्रोह

**गन्ती १२:१-२:** यहाँ इस्राएलको इतिहासमा अर्को दुःखलाग्दो अध्याय आइरहेको छ, जुन अध्यायको सन्दर्भ दुईजना अगुवाहरू मरियम र हारूनको विषयमा छ। मरियम मोशाकी दिदी थिइन्, र हारून मोशाका दाजु थिए। यसो भए पनि यी दुईजनाले मोशाको विरोधमा बोले; किनकि उनले एउटी कुशी स्त्रीलाई विवाह गरेका थिए। यो मोशाको विरुद्धमा बोल्ने यिनीहरूको निहूँ थियो। तर मोशाको विरुद्धमा बोल्ने खास कारण गन्ती १२:२ पदमा दिइएको छ। यी दुईजना मोशाको अगुवापनसँग बेखुशी भएका रहेछन्; किनकि यिनीहरूले यसमा आ-आफ्नो हिस्सा पाउन चाहे; यिनीहरूले मोशासँग डाह गरे। त्यस बेलासम्म इस्राएलीहरूले कुशी स्त्रीहरूलाई विवाह गर्नुहुँदैन भन्ने कुनै नियम दिइएको थिएन। तर पछि, जब इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा आए, तब तिनीहरूलाई गैरयहूदी स्त्रीसँग वैवाहिक सम्बन्ध राख्नु मनाही गरियो।

**गन्ती १२ः३ः** मोशाले आफैलाई निर्दोष ठहराउने कोशिश गरेनन्, तर यस कुरामा परमेश्‍वरमाथि भरोसा गरे, जसले उनलाई यस अगुवाको स्थानमा राख्नुभएको थियो। मोशाको यस अधिकारप्रति विरोध गर्नेहरूमध्ये प्रथमतः तिनको परिवार थियो (गन्ती १२), अनि दोस्रो स्थानमा कोरह, दातान र अबिराम नामक अगुवाहरू आए (गन्ती १६), र अन्तमा, सम्पूर्ण समुदाय पनि थियो (गन्ती १६ः४१-४२)। तर जब मोशाको विरोध गर्नेहरूमाथि परमेश्‍वरको सजाय आइपर्‍यो, तब उनी खुशी भएनन्, तर उनले यी विरोधीहरूको निम्ति अन्तर्विन्ती गरे। यस पृथ्वीमाथि जिउने सबै मानिसहरूभन्दा मोशा साँच्चै धेरै विनम्र मानिस थिए। आफ्नै नम्रताको बारेमा लेख्‍न उनलाई अलि कति पनि सुहाउँदैन भन्‍नेहरूले बुझून्ः उनले लेखेको कुरा बिलकुल सही थियो। यसबाट २ पत्रुस १ः२१[ख] पदमा लेखिएको कुरा पुष्टि भएको छः किनकि मोशाले र परमेश्‍वरका अन्य पवित्र जनहरूले जे लेखे, त्यो यिनीहरूले पवित्र आत्माको प्रेरणा पाएर लेखे।[9)]

**गन्ती १२ः४-८ः** तब परमेश्‍वरले मोशा, हारून र मरियमलाई भेट हुने पालको ढोकामा बोलाउनुभयो। त्यसपछि उहाँले मरियम र हारूनलाई हप्काउनुभयो, र यिनीहरूलाई सम्झाइदिनुभयोः मोशाजस्तै कुनै भविष्यवक्ता नै थिएनन्, जो उनीजत्तिकै परमेश्‍वरको नजिक आउन सक्थे। उहाँले अरूहरूसँग सीधा होइन, तर कुनै दर्शन वा सपनाजस्तै माध्यमद्वारा बोल्नुहुन्थ्यो भने, उहाँ मोशासँग आमुन्ने-सामुन्ने बोल्नुहुन्थ्यो (गन्ती १२ः८)। यस पदमा 'प्रत्यक्ष'को निम्ति प्रयोग गरिएको शब्दको अर्थ 'कुनै मध्यस्थ वा कुनै माध्यमविना' नै हो। *'परमप्रभुको स्वरूप उसैले हेर्नेछ।'* यहाँ परमेश्‍वरको स्वरूप भन्‍नाले उहाँको प्रदर्शित रूप वा उहाँको रूपको प्रतिबिम्ब बुझिन्छ। प्रस्थान १५ः२० पदअनुसार मरियम एउटी भविष्यवक्तिनी थिइन्। तर परमप्रभुले मोशासँग जुन सम्बन्ध राख्नुभयो, सो सम्बन्ध र अन्य भविष्यवक्ताहरूसँग कायम राख्नुभएको उहाँको सम्बन्धको बीचमा धेरै भिन्नता भएको कुरा उहाँले स्पष्ट पार्नुभयो। यस घटनापछि मरियमको विषयमा पढ्‍न पाउने एकमात्र बयान तिनको मृत्यु हो (गन्ती २०ः१)।

**गन्ती १२ः९-१०ः** परमप्रभु यी दुईजनासँग रिसाउनुभयो, र त्यहाँदखि गइहाल्नुभयो। अनि मरियमचाहिँ? तिनको विद्रोहको कारणले तिनी कोर रोगले ग्रस्त भइन्; यो तिनको सजाय थियो। हारूनले कुनै सजाय भोग्नुपरेन; कसै-कसैको विचारमा यसको मतलब यही हो कि, मरियम यस विद्रोहमा अग्रसर थिइन्। अनि तिनीहरूले आफ्नो तर्कको निम्ति यो कुरा पेश गरेका छन्ः 'गन्ती १२ः१ पदमा प्रयोग गरिएको क्रियापद एकवचन र स्त्रीलिङ्गमा छ; यसर्थ मरियमको नेतृत्वमा त्यस विद्रोहको पाप भएको हो।' तर अरू मानिसहरू पनि छन्, जसले 'आफ्नी दिदी कोरी भएकी देख्‍नु नै हारूनको निम्ति पर्याप्त सजाय थियो' भन्छन्। हारून प्रधान पूजाहारी थिए; अनि यदि तिनी कोरी भएका भए, तिनले मानिसहरूको पक्षमा पूजाहारीको कर्तव्य पूरा गर्न सक्नेथिएनन्। यसैले हुन सक्छ, तिनले ओगटेको यस उच्च पदले तिनलाई मरियमले भोग्नुपरेको तिरस्कृत अवस्थाबाट जोगाएको हुनुपर्ला।

**गन्ती १२ः११-१३ः** हारूनले मोशाको अघि आफ्नो पाप स्वीकार गरे; अनि मरियमको पक्षमा बोलेर 'तिनलाई त्यो मरेको बच्चाजस्तै हुन नदिनुहोस्, जसको मासु आफ्नी आमाको गर्भबाट निस्कँदाखेरि आधा कुहेको हुन्छ'[10)] भनेर आग्रह गरे। तब मोशाले मरियमको निम्ति अतर्विन्ती गरे। अनि उनको अतर्विन्तीको कारणले

परमेश्वरले मरियमलाई यस कोर-रोगबाट निको पार्नुभयो; तर तिनले सात दिनसम्म कोर-रोगको शुद्धीकरणको साजान्य विधि पालन गर्नुपरेको थियो। परमप्रभुले मोशालाई सम्झना गराउँदै यसो भन्नुभयो, *'उसका बुबाले उसको अनुहारमा थुकेको मात्र भए के ऊ सात दिनसम्म लज्जित हुनुपर्नेथिएन र? उसलाई छाउनीबाहिर सात दिनसम्म थुनेर राखियोस्।'*

### घ) गन्ती १३-१४: प्रतिज्ञा गरिएको देशको चेवा गरिएको

**गन्ती १३:१-२०:** यस अध्यायमा परमप्रभु आफैले 'जासुसहरूलाई प्रतिज्ञा गरिएको देशमा पठाओ' भन्ने आज्ञा दिनुभयो। तर व्यवस्था १:१९-२२ पदहरूअनुसार मानिसहरूले मोशालाई यसको सुझाउ दिए। निस्सन्देह यो ईश्वरीय आदेश मानिसहरूको विन्तीको प्रतिफल हुनुपर्ला; यद्यपि यो विन्ती तिनीहरूको अविश्वासबाट उब्जेको फल थियो। बाह्रजना जासुसहरूका नामको सूचि गन्ती १३:४-१५ पदको खण्डमा उल्लेख गरिएको छ। यी बाह्रजनाका नामहरूको बीचमा कालेब थिए (गन्ती १३:६) र यहोशू थिए (गन्ती १३:८)। यी दुईजनाका नामहरू हाम्रो ध्यान आकर्षण गर्न लायक छन्। मोशाले नूनका छोरा होशेको नाम यहोशू राखे (गन्ती १३:१६)। यी बाह्रैजना जासुसहरूको निम्ति मोशाको आदेश सुस्पष्ट थियोः तिनीहरू प्रतिज्ञाको देश र त्यसका बासिन्दाहरूको विषयमा सम्पूर्ण विवरण लिएर आउनु थियो (गन्ती १३:१७-२०)। पहिले तिनीहरू देशको दक्षिणमा परेको नेगेवमा जानुपरेको थियो; त्यसपछि तिनीहरू देशको बीचमा परेको पहाड़ी इलाकातिर लाग्नुपरेको थियो।

**गन्ती १३:२१-२९:** जासुसहरूले प्रतिज्ञाको देशको दक्षिणमा जीनको उजाड़-स्थानदेखि शुरु गरेर उत्तरको रेहोबसम्म चेवा गरे (गन्ती १३:२१)। गन्ती १३:२२-२४ पदको खण्डले देशको दक्षिण भागमा तिनीहरूले पूरा गरेको जासुसीको बयान गरेको छ। तिनीहरूले हेब्रोनमा अनाकका तीनजना सन्तानहरूलाई देखे, जोचाहिँ व्यवस्था २:१० पदअनुसार भीमकाय मानिसहरू थिए। अनि हेब्रोनकै छेउमा तिनीहरू दाखबारीहरूको बेंसीमा पुगे। त्यहाँ तिनीहरूले एउटा ठूलो अङ्गुरको झुप्पा काटेर एउटा घोंचामा बाँधे, जुन घोंचा दुईजनाले बोके; त्यो अङ्गुरको झुप्पा अनार र नेभाराहरूको साथमा तिनीहरूले इस्राएलको छाउनीमा ल्याइदिए। तिनीहरूले त्यस बेंसीको नाम 'एश्कोल' राखे, जसको अर्थ 'अङ्गुरको झुप्पा' हो। जासुसहरूको प्रतिवेदन सुन्दा तिनीहरूमध्ये धेरैजनाले प्रतिज्ञाको देश अति सुन्दर भएको भने, तर त्यस परमसुन्दर देशमा डरलाग्दा-डरलाग्दा मानिसहरू बस्दा रहेछन् भनेर बताए। यी जासुसहरूको रायअनुसार इस्राएलीहरूले यी बासिन्दा-हरूलाई धपाउन सक्नेथिएनन्। परमेश्वरले यी बासिन्दाहरूलाई धपाउँछु भन्ने प्रतिज्ञाको विषयमा के भयो त?

**गन्ती १३:३०-३२:** गन्ती १३:३३ पदमा उल्लेख गरिएका नेफिलहरूचाहिँ नूहको समयमा मानिसहरूमाथि आइपरेको जलप्रलयदेखि बाँचेका ठूला-ठूला कदका मानिसहरू बुझ्नुहुँदैन। किनभने इस्राएली-हरूले जलप्रलयभन्दा अघि जिएका नेफिलहरूको बारेमा सुनेका थिए; अनि तिनीहरूको विचारमा, कनान देशमा भएका ठूला-ठूला कदका मानिसहरूचाहिँ ती नेफिलहरू भएको हुनुपर्ला। कालेबले आफ्नो र यहोशूको पक्षमा बोलेर इस्राएली जाति लड़ाइँमा अवश्य विजयी हुने भरोसा व्यक्त गरे। तर अरूहरूले यो कुरा तत्कालै काटिहाले। 'त्यस देशले त आफ्नै

बासिन्दाहरूलाई निल्दो रहेछ' भन्ने वाक्यको अर्थ यस प्रकारको छः त्यस देशमा जिइरहेका बासिन्दाहरूले त्यहाँ बसोबास गर्न खोज्ने अन्य मानिसहरूलाई नाश गर्दा रहेछन्।

**गन्ती १३ः३३ः** दसजना जासुसहरूले गलत दृष्टिकोण अपनाए। तिनीहरूले आफैलाई कनान देशका मानिसहरूको दृष्टिकोणले हेरे र आफैलाई फट्याङ्ग्राहरू सम्झे। तर यहोशू र कालेबले इस्राएली जातिलाई परमेश्वरको दृष्टिकोणले हेरे, र आफैलाई देश कब्जा गर्न पूरा सक्षम देखे। विश्वास नगर्ने दसजना जासुसहरूको निम्ति ती भीमकाय मानिसहरू एउटा जित्नै नसक्ने ठूलो पहाड़ सरहको विशाल समस्या हुन गए। तर दुईजना विश्वासी जासुसहरूको निम्ति भने ती ठूलो कदका मानिसहरूको अस्तित्व मामुली कुरा थियो; त्यस कुराले यिनीहरूलाई कति पनि असर पार्न सकेन।

**गन्ती १४ः१-१०ः** तब सारा इस्राएली समुदायले मोशा र हारूनको विरुद्ध यसरी गनगन गर्न थालेः 'प्रतिज्ञा गरिएको देशमा शत्रुहरूको हातद्वारा मारिनको निम्ति परमप्रभुले हामीलाई मिस्र देशदेखि निकालेर ल्याउनुभएको रहेछ!' तिनीहरूले सीधा परमप्रभुमाथि दोष लगाए। अब तिनीहरूलाई मिस्र देशमा फर्काइलैजाने एकजना नयाँ अगुवाको आवश्यकता परेको थियो (गन्ती १४ः१-३)। अनि जब यहोशू र कालेबले तिनीहरूलाई शान्त पार्दै 'हामी हाम्रो शत्रुमाथि अवश्य विजयी बन्नेछौं' भन्ने आश्वासन दिन खोजे, तब समुदायले ती दुईजनालाई ढुङ्गाले हानेर मार्ने मतो गर्‍यो (गन्ती १४ः५-१०)।

गन्ती १४ः३ र ४ पदले अविश्वासचाहिँ कति ठूलो मूर्खता हुँदो रहेछ, सो कुरा स्पष्ट रूपमा देखाउँछन्। मिस्र देशमा फर्कनु, कसरी? परमेश्वरले नाश गर्नुभएको भूमिमा फर्कने? त्यस भूमिमा फर्कने, जहाँ मानिसहरूले आफ्ना जेठा छोराहरूको निम्ति अझ विलाप गरिरहेका थिए? त्यस भूमिमा फर्केर जाने, जसका मानिसहरूलाई तिनीहरूले त्यहाँबाट प्रस्थान गरेको समयमा लुटपाट गरेका थिए? लाल समुद्रको बाटो भएर फर्कने, जहाँ मिस्र देशको सेना तिनीहरूलाई खेद्दै गर्दा डुबेर मरेका थिए? अनि मिस्र देशमा फर्केपछि फाराओले तिनीहरूलाई कस्तो किसिमको स्वागत गर्लान्? तर के गर्ने? परमेश्वरले तिनीहरूलाई कनान देशमाथि विजय दिनुहुनेछ भन्ने कुरा विश्वास गर्नुभन्दा मिस्र देशमाथि भरोसा गर्नु तिनीहरूलाई सजिलो भयो। परमप्रभुले मिस्र देशलाई प्रहार गर्नुभएको थियो; उहाँले लाल समुद्र दुई भाग पार्नुभएको थियो; उहाँले स्वर्गबाट मन्ना बर्साएर तिनीहरूलाई पाल्दै हुनुहुन्थ्यो; अनि उहाँले तिनीहरूलाई उजाड़स्थानको यात्राभरि अगुवाइ गर्नुभयो। र पनि तिनीहरूले आफूलाई ती मुठीभर भीमकाय मानिसहरूमाथि विजय तुल्याउनुहुने परमेश्वरको शक्तिमाथि भरोसा गर्न सकेनन्, कसरी? परमेश्वर तिनीहरूको निम्ति के हुनुहुन्थ्यो, सो कुरा तिनीहरूले आफ्नो व्यवहार र आफ्ना कामहरूद्वारा प्रकट गरे। तिनीहरूले उहाँमाथि र उहाँको शक्तिमाथि शङ्का गरे। के परमप्रभु ती भीमकाय मानिसहरूसित लड़ाइँ गर्न सक्ने सुयोग्य जोड़ा हुनुहुन्नथियो? बितेको एक वर्षभित्र तिनीहरूकहाँ प्रकट भएको उहाँको अनन्त शक्ति र उहाँका सद्‌गुणहरू तिनीहरूले मनमा थाम्न सकेनन्, कसरी? परमप्रभु तिनीहरूको बीचमा अद्‌भुत हुनुहुन्थ्यो; उहाँका चालहरू अपार थिए। तर तिनीहरूले यो बुझ्न वा ग्रहण गर्न सकेनन्। परमेश्वरको विषयमा अपनाएको तुच्छ धारणाले कुनै व्यक्तिको जीवनलाई, अँ, एउटा सम्पूर्ण राष्ट्रलाई नष्ट पार्न सक्दो रहेछ; यहाँ, यस ठाउँमा हाम्रो सामु यसको अफसोसपूर्ण सुस्पष्ट उदाहरण छ।

**गन्ती १४:११-१९:** यस अवसरमा परमप्रभुले यहूदीहरूलाई छोड्न चाहनुभयो। उहाँले मोशाका सन्तानहरू लिएर यिनी-हरूबाट एउटा नयाँ जाति खड़ा गर्ने चेताउनी दिनुभयो (गन्ती १४:११-१२)। तर मोशाले तिनीहरूको पक्षमा परमप्रभुसित अन्तर्विन्ती गरे। उनले उहाँलाई के सम्झना दिलाए भने, अन्यजातिका मानिसहरूले ' "हेर, परमप्रभुले आफ्ना जनहरूलाई प्रतिज्ञाको देशमा पुऱ्याउन सक्नुभएन" भन्न नपाऊन्' (गन्ती १४:१३-१९)। यसमा परमेश्वरको अनादर हुने डर पो थियो। मोशाले यहाँ आफ्नो तर्क सकेसम्म बलियो तुल्याए। प्रस्थान ३४:६-७ पदहरूमा परमप्रभुले आफूलाई उनीकहाँ प्रकट गर्नुभएको थियो। अनि गन्ती १४:१८ पदमा मोशाले यही कुरा आफ्नो प्रार्थनाको आधार तुल्याएः 'परमप्रभु रिसाउनमा ढिलो र अति करुणामय हुनुहुन्छ; अधर्म र अपराध क्षमा गर्नुहुने हुनुहुन्छ, तर दोषीलाई कुनै रीतिले निर्दोष नठहऱ्याउनुहुने हुनुहुन्छ' भनेर उनले यहाँ आफ्नो प्रार्थनामा परमप्रभुको यथावत् चरित्र-विवरण दोहोऱ्याउँदैथिए। मोशाको धर्म र मानिसहरूको धर्म कति भिन्न रहेछ! मोशाको धर्म स्वर्गीय प्रकाशमाथि स्थापित थियो भने, मानिसहरूको धर्म केवल तिनीहरूकै कल्पनाको फल थियो।

**गन्ती १४:२०-३५:** मोशाको अर्ज-विन्तीको प्रत्युत्तरमा परमेश्वरले यी विद्रोही मानिसहरूलाई नाश गर्नुभएन; तर उहाँले 'केवल यहोशू र कालेबले चाहिँ प्रतिज्ञाको देशमा प्रवेश गर्न पाउनेछन्' भन्ने उर्दी गर्नुभयो। बीस वर्ष पुगेका र त्यसभन्दा उँभोकाहरू, लड़ाइँमा जान सक्ने जेजति पुरुषहरू थिए, जो मिस्र देशबाट निस्केर आएका थिए, तिनीहरूमध्ये एउटै पनि प्रतिज्ञाको देशमा पुग्नेछैन नै' भनेर उहाँले फैसला गर्नुभयो (गन्ती २६:६४-६५; व्यवस्था २:१४)। चालीस वर्षसम्म तिनी-हरूले उजाड़स्थानमा यता-उता घुमफिर गरिरहनेथिए, अँ, यस अविश्वासी पुस्ताको अन्तिम व्यक्ति नमरेसम्म तिनीहरूले मरु-भूमिमा घुमिरहनुपर्नेथियो । बुबाहरूले गरेको विश्वासघातको दण्ड तिनीहरूका छोराछोरी-हरूले भोग्नुपऱ्यो (गन्ती १४:३३)। तर चालीस वर्ष बितेपछि तिनीहरूका छोरा-छोरीहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्न पाउनेछन्। चालीस वर्षको कुरा कहाँबाट आयो? किनकि जासुसहरूले चालीस दिनसम्म देशको चेवा गरेका थिए (गन्ती १४:३४)। 'चालीस वर्ष' पूर्णांक हो; तर वास्तवमा तिनीहरूले उजाड़स्थानमा घुमफिर गर्नुपर्ने समय लगभग अठतीस वर्ष भएको रहेछ। इस्राएलीहरू मिस्र देशबाट निस्केर आएको दिनदेखि कनान देशमा पुगेको दिनसम्म चालीस वर्ष लाग्नेथियो। परमप्रभुले तिनीहरूलाई दिन चाहनुभएको असल कुरा मानिसहरूले इन्कार गरे; यसकारण तिनीहरूले आफैले चुनेको खराबी तिनीहरूको भाग भयो। तिनीहरू प्रतिज्ञाको देशदेखि वञ्चित भए, यो ठीक छ; तर तिनीहरू अनन्तसम्म नाश भए भन्न मिल्दैन। किनभने तिनीहरूमध्ये धेरैजनासँग परमप्रभु-माथिको विश्वास त थियो। तर आफ्नो अनाज्ञाकारिताको कारणले तिनीहरूले यस जीवनमा परमेश्वरको सजाय भोगे।

इस्राएलीहरूले अठतीस वर्षसम्म यस उजाड़स्थानमा यता-उता घमफिर गरे, तर यस अवधिभित्र तिनीहरूले कुन बाटो लिए अथवा तिनीहरू एकै ठाउँमा कति समय बसे, सो स्पष्ट छैन। यसकारण अनुमान लाएर कसै-कसैको विचार यस प्रकारको छः तिनीहरूले कम्तीमा सैंतीस वर्ष कादेशमा बिताए, र त्यसपछि तिनीहरूले एकै वर्षमा लाल समुद्रमा पर्ने अकाबाको खाड़ीको किनारै-किनारा भएर यात्रा गरे अरे। तर सिनाई पर्वत र मोआबका मैदानको बीचमा

तिनीहरू जति ठाउँहरूमा बसे, ती ठाउँ-हरूमध्ये कतिचाहिँ वर्तमान समयमा बेपत्ता छन् ।

गन्ती १४:२१ पदमा परमप्रभुको महिमा देखा परेको बयान छ । यस महिमाले उहाँलाई धार्मिक न्यायकर्ताको रूपमा प्रकट गर्‍यो, जसले अनाज्ञाकारी इस्राएलीहरूको उचित न्याय गर्नुभयो । इस्राएलीहरूले परमेश्‍वरलाई दस पल्ट परीक्षा गरे (गन्ती १४:२२)। यसको विवरण यस प्रकारको छः

**क)** लाल समुद्रमा (प्रस्थान १४:११-१२);

**ख)** मारामा (प्रस्थान १५:२३);

**ग)** सीनको उजाड़स्थानमा (प्रस्थान १६:२);

**घ)** मन्नाको सम्बन्धमा तिनीहरूले दुई पल्ट उहाँलाई परिक्षा गरे (प्रस्थान १६:२० र २७);

**ङ)** रपीदीममा (प्रस्थान १७:१);

**च)** होरेबमा (प्रस्थान ३२:७);

**छ)** तबेरामा (गन्ती ११:१);

**ज)** किब्रोत-हत्तावामा (गन्ती ११:४)

**झ)** अनि कादेशमा तिनीहरूले जासुस-हरूको प्रतिवेदनको विरुद्धमा गनगन गरे (गन्ती १४)।

मिस्र देशबाट निस्किआएका ६,०३,५५० इस्राएलीहरूमध्ये केवल दुईजना अर्थात् यहोशू र कालेबले प्रतिज्ञाको देशभित्र प्रवेश गरे (गन्ती १४:२९-३०; व्यवस्था २:१४)।

**गन्ती १४:३६-३८ः** प्रतिज्ञाको देशको विषयमा खराब खबर फैलाउने दसजना जासुसहरू त्यत्तिनैखेर एउटा महामारीद्वारा मारिए, तर यहोशू र कालेब उम्के ।

**गन्ती १४:३९-४५ः** इस्राएलीहरूले आफूमाथि आइपर्ने विनाशको खराब खबर सुन्नेबित्तिकै 'हामी परमेश्‍वरको आज्ञा पालन गर्न तयार छौं' भन्ने कुरा मोशालाई बताए, र तत्कालै प्रतिज्ञाको देशमा प्रवेश गर्न तिनीहरू राजी भए । तिनीहरू एउटा पहाड़को टाकुरामा चढ़े, जुन पहाड़ सायद कादेश-बर्नेअको उत्तरमा परेको थियो होला (गन्ती १४:४०)। तर मोशाले तिनीहरूलाई भन्नुपर्‍योः तिनीहरूको आज्ञाकारिताको निम्ति ढिलो भइसक्यो । परमप्रभु तिनीहरूको पक्ष लिनुदेखि हटिसक्नुभयो । यस प्रकारको कोशिश नगर्ने भयो; किनकि तिनीहरू शत्रुहरूको हातबाट पराजय हुनेथिए । इस्राएलीहरूले मोशाको कुरा सुनेनन् । तिनीहरू देश कब्जा गर्न भनी यस पर्वतको टाकुरातिर उक्ले, तर त्यहाँ बसोबास गर्ने अन्यजातिहरूले तिनीहरूलाई आक्रमण गरे; अनि तिनीहरू आफ्नै ठाउँमा नपुगेसम्म खेदोमा परे (गन्ती १४:४५)।

### ङ) गन्ती १५ः कानन देशमा आएर मान्नुपर्ने विभिन्न नियमहरू

**गन्ती १५:१-२ः** गन्तीको चौध र त्यस पुस्तकको पन्ध्र अध्यायको बीचमा कति समय बित्यो, सो हामी जान्दैनौं । तर परमेश्‍वरले गन्ती १४:२३ पदमा *'तिनीहरूले निश्‍चय त्यो देश देख्न पाउनेछैनन्'* भन्नुभयो र गन्ती १५:२ पदमा आएर उहाँले *'जब तिमीहरू आफ्नो बसोबास गर्ने देशमा पुग्छौ'* भनेर भन्नुभयो । यो कति घतलाग्दो भिन्नता हो । परमेश्‍वरका उद्देश्यहरू कहिल्यै विफल हुँदैनन्; तर कहिलेकाहीं पापले यसमा बाधा पुर्‍याउला । उहाँले अब्राहामलाई 'कनान देश दिन्छु' भन्ने प्रतिज्ञा गर्नुभयो; अनि यदि अब्राहामका सन्तानहरूले अविश्‍वासमा रहेर प्रतिज्ञाको देश प्राप्त गर्न ढिलो गरे भने, उहाँले तिनको अर्को पुस्ताका सन्तानहरूलाई त्यो देश दिनुहुनेथियो; यसमा कुनै शङ्का छैन ।

**गन्ती १५:३-२९ः** यस खण्डमा यी बलिदानहरूको वर्णन गरिएको छ, जुनचाहिँ इस्राएलीहरू प्रतिज्ञाको देशमा पुगेपछि तिनीहरूले परमप्रभुको निम्ति चढ़ाउनुपर्थ्यो ।

प्रायः यी सबै बलिदानहरूको विस्तृत बयान अघि भइसक्यो। यस खण्डमा विशेष ध्यान समुदायले गरेको यस पापमाथि लगाइएको छ, जुन पाप समुदायले अनजानमा गरिपठायो (गन्ती १५:२२-२६), साथै त्यस पापमाथि पनि, जुन पाप एकजना व्यक्तिले अनजानमा गरिपठायो (गन्ती १५:२७-२९)। समुदायको निम्ति दुईवटा बलिपशुहरू चाहिएको थियोः होमबलिको निम्ति एउटा बहर र पापबलिको निम्ति एउटा बोका (गन्ती १५:२४)। तर लेवी ४ अध्यायअनुसार समुदायले केवल एउटा बहर ल्याउनुपरेको थियो। तर यही लेवी ४ अध्यायमा पाप गरेका अगुवाले एउटा बोका चढ़ाउनुपर्ने नियम उल्लेख गरिएको छ। यसकारण यस विषयमा सम्भवतः अर्थ यस प्रकारको छः गन्तीको पुस्तकमा समुदायले ल्याउनुपरेको र त्यसको अगुवाले ल्याउनुपरेको बलि एकै सासमा लेखिए, तर लेवीको पुस्तकमा यी दुईवटा कुराहरू अलग-अलग उल्लेख गरिए। गन्ती १५:२० र २१ पदहरूमा हामी घरिघरि पवित्र धर्मशास्त्र बाइबलमा दोहोरिएको आज्ञा पढ़्न पाउँछौंः 'पहिलो कुरा परमप्रभुलाई चढ़ाओ!' चाहे त्यो पहिलोचाहिँ पहिले जन्मेको पशुप्राणी होस्, चाहे अन्न र फलफूलको पहिलो फल किन नहोस्, हाम्रो सबैभन्दा उत्तम भाग परमप्रभुले पाउनैपर्छ। यसरी नै मानिसहरूले यस कुराको सम्झना जारी राख्नेथिएः तिनीहरूसँग भएका सबै थोकहरू परमप्रभुबाट आएका हुन्; यसकारण तिनीहरूका सबै थोकहरू उहाँकै हुन्।

**गन्ती १५:३०-३६ः** तर जुन मानिसले जानी-जानी पाप गऱ्यो, त्यस मानिसको निम्ति कुनै पापबलिको प्रबन्ध गरिएको थिएन; किनभने त्यो मानिस परमप्रभुको वचनको विरोधमा बागी भयो; त्यसको पाप त्यसको पूर्वपरिकल्पनाको फल हो; त्यसले जानी-बुझी परमेश्वरको आज्ञा उल्लङ्घन गऱ्यो। यस प्रकारको पाप गर्नेहरू समुदाय-बाट बहिष्कृत हुन्थे, नामेट हुन्थे (गन्ती १५:३०-३१)। जानी-बुझी गरेको पापको उदाहरण हामी गन्ती १५:३२-३६ पदको खण्डमा पढ़्छौं। यहाँ एकजना मानिस छ, जसले परमेश्वरको व्यवस्थाको एउटा सुपरिचित आज्ञा उल्लङ्घन गऱ्यो। विश्राम-दिनमा त्यो मानिस उजाड़स्थानमा दाउरा बटुलिरहेको फेला पऱ्यो। त्यो मानिस मृत्यु-दण्डको योग्य छ भन्ने कुरा सबैलाई विदितै थियो (प्रस्थान ३१:१५)। तर यस्तो पाप गर्नेलाई मृत्युदण्ड कसरी दिनु हो, सो हालैसम्म प्रकट भएको थिएन। यसकारण अहिले परमप्रभुले *'त्यो मानिस निश्चय नै मारियोस्; छाउनी-बाहिर सम्पूर्ण समुदायले त्यसलाई ढुङ्गाले हानोस्'* भनेर घोषणा गर्नुभयो।

**गन्ती १५:३७-४१ः** परमेश्वरले यहूदी-हरूलाई तिनीहरूका वस्त्रका किनारहरूमा झुम्काहरू बनाउने र यी झुम्काहरूमा नीलो रङ्गको धागो लगाउने आज्ञा गर्नुभयो। नीलो रङ्ग स्वर्गको रङ्ग हो; यसले 'तिमीहरूको जीवनमा पवित्रता र आज्ञाकारिता हुनुपर्छ; किनभने यस्ता सद्गुणहरू परमेश्वरका सन्तानहरूलाई पूरा सुहाउँछन्' भन्ने कुरा जनाउन खोजेको थियो।

### च) गन्ती १६-१७ः कोरहको विद्रोह

**गन्ती १६:१-३ः** कोरहचाहिँ हारूनको भतिजा थिए (प्रस्थान ६:१८-२१); यिनी एक लेवी त थिए, तर पूजाहारीचाहिँ होइन। कुरा स्पष्ट छ, कि यिनले केवल हारूनका परिवारकाहरूले पूजाहारीगिरीको अधिकार पाएको कुरामा आफ्नो असन्तुष्टि प्रकट गरे। अनि दातान, अबिराम र ओनचाहिँ रूबेन-कुलका मानिसहरू थिए। अनि तिनीहरूले चाहिँ मोशाको अधिकारको विरोध गरे, जुन

अधिकार उनले तिनीहरूमाथि जमाए। ओनको नाम गन्ती १६ : १ पदमा मात्र उल्लेख गरिएको छ; यसकारण अरूले भोगेको विनाशपूर्ण दण्डमा ऊ पनि पर्‍यो कि परेन, सो जान्न असम्भव छ। इस्राएली जातिका दुई सय पचासजना अगुवाहरूले हारूनको पूजाहारी-गिरी र मोशाको शासन-अधिकारको विरुद्धमा गरेको विद्रोहमा भाग लिए (गन्ती १६ : २)। तिनीहरूले 'समुदायका सबै मानिसहरू पवित्र छन्, र तिनीहरूलाई बलिहरू चढ़ाउने अधिकारदेखि वञ्चित गर्नुहुँदैन' भन्ने तर्क मोशा र हारूनको सामु पेश गरे (गन्ती १६ : ३)।

**गन्ती १६ : ४-११ :** यो मामिला हल गर्नको निम्ति मोशाले कोरह र विरोधी-पक्षकाहरू सबैलाई 'भोलिपल्ट आफ्ना धूपौराहरू लिएर परमप्रभुको सामु उपस्थित होओ' भन्ने आज्ञा दिए (गन्ती १६ : ६-७)। धूप जलाउने काम पूजाहारीको काम थियो। 'परमेश्‍वरले तिनी-हरूलाई पूजाहारीको मान्यता दिन चाहनु-भएन भने, उहाँले यस कुरामा आफ्नो बेखुशी अवश्य कुनै न कुनै तरिकाले देखाउनुहुन्छ' भन्ने कुरामा मोशा सुनिश्‍चित थिए।

**गन्ती १६ : १२-१५ :** मोशाले दातान र अबिरामलाई बोलाए; तर यिनीहरूले आउन मानेनन्, तर मोशाको अगुवापनमाथि झूटा दोषारोपण लगाइदिए। यी मानिसहरूले अघि गरिएको परमेश्‍वरको प्रतिज्ञाबाट आफ्नो कुरा उठाए (प्रस्थान ३ : ८)। परमेश्‍वरले इस्राएलीहरूलाई एउटा देशमा ल्याउने प्रतिज्ञा गर्नुभएको थियो, जहाँ दूध र मह बग्छ; तर मोशाले तिनीहरूलाई दूध र महको देशमा लगेको कहाँ हो र? उनले तिनीहरूलाई मिस्र देशरूपी दूध र मह बग्ने देशबाट निकालेर यस मरुभूमिमा पो ल्याइपुर्‍याए, जहाँ तिनीहरू मर्न लागेका थिए अरे। तिनीहरूको यस कुरामा कत्रो तिक्त व्यङ्ग्य हालिएको थियो।

गन्ती १६ : १४ पदमा उल्लेख गरिएको यिनीहरूको दोषारोपण हामी कुन अर्थमा बुझौं? दातान र अबिरामको भनाइअनुसार मोशाले आफ्नो प्रतिज्ञा पूरा गर्न नसकेको कारणले आफ्नो असफलता देखाइसके अथवा इस्राएली मानिसहरूलाई यस उजाड़स्थानमा ल्याएकोमा आफ्नो खास उद्देश्य ढाकछोप गर्न जनताका आँखाहरू पोतेर अन्धा तुल्याउन खोजे अरे। अनि मोशाचाहिँ? उनले आफ्नो अगुवापनको खातिर अन्य शासकहरूले गरेजस्तै मानिस-हरूबाट तनखा नखोजेको कुरा परमप्रभुलाई सम्झना गराए (गन्ती १६ : १५)।

**गन्ती १६ : १६-२२ :** भोलिपल्ट हारून र कोरह अनि तिनीहरूको साथमा दुई सय पचासजना विद्रोहीहरू भेट हुने पालको सामु आफ्ना धूपौराहरू लिएर उपस्थित भए। अनि सारा समुदाय पनि जम्मा भयो, कोरहलाई साथ दिन। यस घड़ीमै परमप्रभुको महिमा सारा समुदायको सामु देखा पर्‍यो। अनि परमप्रभुले मोशा र हारूनलाई तिनीहरूबाट अलग हुने आज्ञा दिनुभयो; किनभने उहाँले यी मानिसहरूलाई नष्ट गर्न लाग्नुभएको थियो। तर मोशा र हारूनले अन्तर्विन्ती गरे; अनि यस अन्तर्विन्तीको कारणले न्याय थामियो।

**गन्ती १६ : २३-३५ :** अब दृश्यस्थलमा हेरफेर आएको छ। अब कोरह, दातान र अबिराम बसेका पालहरूमाथि विवरण केन्द्रित रहन्छ (गन्ती १६ : २४)। मोशाले बाँकी मानिसहरूलाई कोरह, दातान र अबिरामका पालहरूको वरिपरिको ठाउँबाट हटिजाने आज्ञा दिए। त्यसपछि उनले घोषणा गरेः *'यदि अरू सबै मानिसहरूको मृत्यु-अनुसार यिनीहरूको मृत्यु भयो भने, अथवा अरू सबै मानिसहरूमाथि आइपर्ने सामान्य दण्ड यिनीहरूमाथि आइपर्‍यो भने, परमप्रभुले मलाई पठाउनुभएको होइन!'* तर यदि परमप्रभुले अलौकिक ढङ्गले धरती

खोलेर यिनीहरूलाई निल्न लगाउनुभए, सबैलाई विदित थियो, कि यी मानिसहरूको विद्रोह साबित हुनेथियो (गन्ती १६ : ३०)। नभन्दै जमिन फाट्यो र धरतीले दातान र अबिराम र यिनीहरूका घरानाहरूलाई निलिदियो, ती सबै मानिसहरूलाई, जसले विद्रोहमा भाग लिएका थिए (गन्ती १६ : ३२-३३)।

कोरहको मृत्युको विषयमा, यिनको मृत्यु कहिले भएको हो भनेर निक्कै छलफल चल्दैछ। कतिजनाको विचारमा, यिनी दातान र अबिरामसँगै निलिए; तर अरूको सुझाउअनुसार यिनी दुई सय पचासजना विद्रोही मानिसहरूसँग आगोद्वारा भस्म भए (गन्ती १६ : ३५)। तर गन्ती २६ : १० पदअनुसार यिनी दातान र अबिरामसँगै धरतीद्वारा निलिए। अनि गन्ती २६ : ११ पदअनुसार कोरहका सन्तानहरू उम्के। अनि यस विषयमा यो कुरा पनि तपाईंले याद गर्नुहोलाः मोशापछि उठेको इस्राएली जातिको अर्को महान् भविष्यवक्ता शमूएल कोरहवंशी थिए (१ इतिहास ६ : २२-२३)। अनि अब अधोलोकको कुरा आयोः गन्ती १६ : ३० पदमा भनिएको 'अधोलोक'को अर्थ कि त चिहान हो, कि त यो मरेका आत्माहरू बस्ने ठाउँ भएको हुनुपर्ला।

इतिहास हेर्दा यस्ता विशेष समयहरू थिए, जब परमेश्वरले कतिका पापहरू तत्कालै न्याय गर्नुभयो, जुन पापहरूप्रति उहाँ पूरा बेखुशी हुनुहुन्थ्यो। यस प्रकारले उहाँले सदोम र गमोरा न्याय गर्नुभयो (उत्पत्ति १९ : २४-२५); अनि यसरी नै उहाँले नादाब र अबिहूको न्याय गर्नुभयो (लेवी १० : १-२), र मरियमको न्याय गर्नुभयो (गन्ती १२ : १०), अनि कोरह, दातान र अबिरामलाई लगायत दुई सय पचासजना विद्रोहीहरूको न्याय गर्नुभयो (गन्ती १६); अनि नयाँ नियममा आएर उहाँले यस प्रकारले हननिया र सफीराको न्याय गर्नुभयो (प्रेरित ५ : ५ र १०)। यसबाट कुरा स्पष्ट छः उहाँले आफूलाई पूरा बेखुशी लाग्ने पापहरू, सधैं यी पापहरू गर्नसाथ न्याय गरिहाल्नुहुन्न रहेछ; तर इतिहासका चुनिएका अवसरहरूमा उहाँले चेताउनीको रूपमा यसो गर्नुहुँदो रहेछ, भावी पुस्ताका मानिसहरूले यस्ता पापहरू नदोहोर्‍याऊन् भनेर।

गन्ती १६ : ३२ पदमा 'कोरहको पक्षका सबै मानिसहरू' भन्ने वाक्यको अर्थ कि त कोरहका नोकरहरू, कि त यिनलाई पछ्याउने अनुयायीहरू बुझ्न सकिन्छ।

**गन्ती १६ : ३६-४०ः** यी विद्रोहीहरूले प्रयोग गरेका धूपौराहरू पवित्र ठहरिए, अनि होमबलिको वेदी मोहोर्ने पाताहरू बनिए। यसरी यी धूपौराहरू सम्झनाको चिन्ह बने, कि हारूनको परिवारलाई मात्र पूजाहारीको पदाधिकार दिइएको थियो। यी धूपौराहरूमा भएको आगो एलाजारद्वारा पर-पर छरियो।

**गन्ती १६ : ४१-५०ः** त्यो गम्भीर घटना घटेको भोलिपल्ट मानिसहरूले मोशा र हारूनमाथि कोरह, दातान र अबिरामजस्तै परमेश्वरका जनहरूलाई मारेको दोष लगाए। तब परमप्रभु क्रोधित हुनुभयो र आफ्नो क्रोधमा मानिसहरूलाई नाश गर्न लाग्नुभएको थियो; तर मोशा र हारून तिनीहरूको निम्ति अन्तर्विन्ती गर्नको निम्ति भेट हुने पालको सामु गए (गन्ती १६ : ४३)। तब परमप्रभुले मानिसहरूलाई घातक महामारीले प्रहार गर्नुभयो। हारून आफ्नो धूपौरोमा धूप हाले र तुरुन्तै समुदायको बीचमा गएर तिनीहरूको निम्ति प्रायश्चित्त गरे; तब मात्र यो महामारी थामियो। यसो भए पनि त्यस बेलासम्म चौध हजार सात सय मानिसहरू यस महामारीको प्रहारमा परेर मरिसकेका थिए।

अघि यी अगुवाहरूले समुदायको साथ हारूनको पूजाहारीगिरीको अधिकारको विरोधमा आफ्नो सोर उठाएका थिए। तर यस

दुःखित घड़ीमा प्रधान पूजाहारी हारूनकै अन्तर्विन्तीमा यो महामारी बन्द भयो। मोशा र हारून परमप्रभुका जनहरूका हत्यारा कहाँ थिए र? होइन, यी दुईजना तिनीहरूलाई बचाउने कर्ताहरू पो थिए!

**गन्ती १७:१-९:** पूजाहारी-सेवा केवल हारूनको परिवारलाई दिइएको हो भन्ने कुरामा जोड़ दिने क्रममा परमेश्वरले इस्राएली जातिका सबै कुलहरूको पक्षमा एक-एकवटा लौरा भेट हुने पालमा साक्षीको सन्दुकको सामु रातभरि राख्ने आदेश दिनुभयो। अनि लेवी-कुलको लौरामा हारूनको नाम लेखिएको थियो। परमेश्वरको आज्ञाअनुसार पूजाहारी-गिरीको अधिकार त्यही कुलको हुन जानेथियो, जसको लौरामा टुसा पल्हाएको हुनेथियो। अनि भोलिपल्ट बिहान, जब ती लौराहरूको जाँच गरियो, तब हारूनको लौरामा टुसा पल्हाउनको साथै कोपिलाहरू लागेका र हाड़े-बदामहरू पनि फलेका भेट्टाइयो। हारूनको लौराले बौरिउठ्नुभएको ख्रीष्ट येशूलाई परमेश्वरबाट चुनिएको महापूजाहारीको रूपमा देखाउँछ। किनभने जसरी बसन्त ऋतुमा सबैभन्दा पहिले हाड़े-बदामको रूख फुल्छ, ठीक त्यस्तै बौरिउठ्नेहरूमा ख्रीष्ट येशू पहिलो फल हुनुभयो (१ कोरिन्थी १५:२० र २३)। अनि पवित्रस्थानमा भएको सुनको सामदानका हाँगाहरूचाहिँ हाड़े-बदामको आकारमा बनिएका तीनवटा पुष्पकोशहरू, साथै एक-एक कपिला र एक-एक फूल हुने गरी बनाइए (प्रस्थान २५:३३-३४)। अनि यस सामदानको दैनिक देखरेखको सम्बन्धमा जिम्मावारी पूजाहारीको हुन्थ्यो। हारूनको लौरा, त्यसमा लागेका टुसा र कोपिलाहरूको ढाँचामा, सुनको सामदानको बनावटसँग मेल खाएछ। यस कुराले हारूनको घराना पूजाहारीहरूको रूपमा परमेश्वरको सेवा गर्न स्वर्गबाट नै चुनिएको तथ्य पुष्टि गरेको छ।

**गन्ती १७:१०-१३:** अबदेखि उसो हारूनको लौरा ती विद्रोहीहरूको विरुद्धमा एउटा चिन्ह-स्वरूप करारको सन्दुकभित्र राखेर छोड़ियो। अनि बल्ल मानिसहरू डरले थरथर भए र पवित्रस्थान र त्यसको छेउ-छाउमा जान डराए।

### छ) गन्ती १८-१९: लेवीहरूलाई दिइएका निर्देशनहरू

**गन्ती १८:१-७:** यो अध्याय प्रायः अघिल्लो अध्यायका अन्तिम दुई पदहरूसँग सम्बन्धित छ। किनकि मानिसहरूको डर शान्त पार्नको निम्ति परमप्रभुले यहाँ, यस ठाउँमा पवित्रस्थानको सेवाका निर्देशनहरू फेरि एकपल्ट दोहोऱ्याउनुभयो। ती निर्देशनहरू होशियारसाथ पालन गरेको खण्डमा तिनीहरू परमेश्वरको क्रोधमा पर्नदेखि डराउनुपर्दैनथियो। यसो गर्नको निम्ति कुनै उचित कारण नै थिएन। गन्ती १८:१ पदमा दुईवटा भाग छन्, जस्तैः *'तिमी र तिमीसित तिम्रा छोराहरू'* र *'तिम्रा बुबाको कुलका तिम्रा भाइहरू'*; 'तिमी र तिमीसित तिम्रा छोराहरू' भन्नाले पूजाहारीहरू बुझिन्छ भने, तिम्रा बुबाको कुलका तिम्रा भाइहरू भन्नाले लेवी कुलका सबैलाई बुझ्नुपर्छ। लेवीहरूले पवित्रस्थानको सम्बन्धमा गरिएका अधर्मको भार बोक्नुपरेको थियो भने, पूजाहारीहरूले आफ्नो पूजाहारीगिरीको सम्बन्धमा गरिएका अधर्मको भार बोक्नुपरेको बुझिन्छ। अनि यहाँ 'अधर्मको भार बोक्नु' भनेको यस पवित्र सेवाको सम्बन्धमा भएको कुनै लापरवाही वा कुनै भूलचूक भएमा यसको निम्ति जिम्मेवारी लिनु हो। लेवीहरू पूजाहारीहरूका सहयोगी थिए; तर उनी-हरूलाई पवित्रस्थानभित्र प्रवेश गर्ने अनुमति थिएन, नत्र ता उनीहरू मर्नेथिए। उनीहरू पूजाहारी-सेवा गर्नदेखि वञ्चित थिए।

**गन्ती १८:८-२०:** पूजाहारीहरूलाई विभिन्न बलिहरूबाट केही अंश ज्यालाको रूपमा दिइएको थियो (गन्ती १८:८-११)। अनि परमप्रभुको निम्ति चढ़ाइएका पहिलो फलहरू तिनीहरूकै भए, जस्तैः तेल, दाखमद्य र फलफूलहरूका पहिलो फलहरू (गन्ती १८:१२-१३)। इस्राएलीहरूबाट परमप्रभुलाई अर्पण गरिएको हरेक वस्तु तिनीहरूकै हुन्थ्यो (गन्ती १८:१४)। अनि पहिले जन्मेको हरेक मानिस र पहिले जन्मेको हरेक पशु पनि तिनीहरूले पाउने गर्थे। अनि जेठा छोराहरू र पहिले जन्मेको हरेक अशुद्ध पशुको सट्टामा पूजाहारीहरूले छुटाउने दाम पाउँथे। अनि परमप्रभुलाई बलि चढ़ाउने पशुहरूको सम्बन्धमा ती बलिपशुहरूबाट पहिले जन्मेकाहरू परमप्रभुकै थिए, र बलिदान गर्नुपर्थ्यो; अनि पूजाहारीहरूले तीबाट आफ्नो ठहराइएको हिस्सा पाउँथे (गन्ती १८:१७-१९)। गन्ती १८:१९ पदमा भनिएको 'नुनको करार'को अर्थ 'कहिल्यै उल्लङ्घन गर्न नसकिने चिरस्थायी करार' हो। पूजाहारीहरूले कुनै जमिन पाएनन्; किनकि परमप्रभु नै तिनीहरूको विशेष अंश र तिनीहरूको अधिकारको भाग हुनुहुन्थ्यो (गन्ती १८:२०)।

**गन्ती १८:२१-३२:** लेवीहरूले मानिसहरूबाट दशांशहरू प्राप्त गर्थे; अनि त्यसबाट उनीहरूले दसौं भाग पूजाहारीहरूलाई दिनुपर्थ्यो। अनि पूजाहारीहरूलाई दिइएको दशांश लेवीहरूले पहिले परमप्रभुको निम्ति उचाल्ने भेटीको रूपमा चढ़ाउँथे।

**गन्ती १९:१-१०:** पुरानो नियममा यस अध्याय नै हो, जसले शुद्धीकरणको निम्ति प्रयोग गरिएका सुयोग्य चित्रण पेश गर्छ। यस शुद्धीकरणको निम्ति रातो कोरलीको खरानी प्रयोग गरिएको छ। अनि यस शुद्धीकरणको नियम कुनै मृतकको सम्पर्कमा आएको अशुद्धताको निम्ति अपनाइएको थियो। भर्खरै इस्राएलीहरूले कादेशमा परमप्रभुको विरुद्ध विद्रोह गरेका थिए। अनि तिनीहरूको अविश्वासको कारणले तिनीहरू उजाड़-स्थानमा मर्न निस्कन लागेका थिए। छ लाखभन्दा बढ़ी मानिसहरू अठतीस वर्षभित्र मर्नेथिए, दिनमा चालीसभन्दा बढ़ी मानिसहरूको मृत्यु हुनेथियो। तब तिनीहरू मृत शरीरको सम्पर्कमा नआउने होइन; किनकि दिन प्रतिदिन कुनै न कुनै मानिस मर्नेथियो। यसकारण कुनै न कुनै व्यक्तिलाई रातो कोरलीको खरानीको आवश्यकता पर्थ्यो-पर्थ्यो।

एउटा निष्खोट रातो कोरलीको दरकार पर्‍यो, जुनचाहिँ छाउनीदेखि बाहिर लगेर मारियो (गन्ती १९:३)। अनि पूजाहारी एलाजारले भेट हुने पालको सामु त्यसको रगत सात पल्ट छर्के। त्यसपछि मारिएको कोरली त्यसको छाला र गोबरसमेत त्यसको सबै जलाइयो, देवदारको काठ, हिसप र सिन्दूरे रङ्गको लुगाको साथमा। यी सामग्रीहरू कोर-रोगीको शुद्धीकारणको निम्ति पनि प्रयोग गरिन्थे (लेवी १४:४र६)। ती पूजाहारी र त्यो कोरली जलाउने मानिस साँझसम्म अशुद्ध रहे। तब शुद्ध भएको कुनै मानिसले सबै खरानी होशियारसाथ जम्मा गरेर छाउनीदेखि बाहिर राख्यो; किनकि भविष्य त्यसको काम आउनेथियो (गन्ती १९:९); अनि त्यो व्यक्ति पनि साँझसम्म अशुद्ध रह्यो।

**गन्ती १९:११-१९:** अब यस अनुच्छेदले त्यस रातो कोरलीको खरानी कहिले र कसरी प्रयोग गरिन्थ्यो, सो कुरा बताउँछ। कुनै मानिस छ, जो मरेको मानिसलाई छोएर मृत शरीरको सम्पर्कमा आयो; अथवा अर्को मानिस पनि छ, जो कसैको मृत्यु हुँदा त्यस मृतकको पालमा उपस्थित थियो। यी दुवै मानिसहरू विधिवत् रूपले अशुद्ध ठहरिए। यस परिस्थितिमा एकजना शुद्ध मानिसले

त्यस कोरलीको केही खरानी लिएर त्यो खरानी बगिरहेको पानीमा मिसाइदियो। त्यसपछि तेस्रो दिनमा र सातौं दिनमा त्यस शुद्ध व्यक्तिले खरानी मिसाइएको त्यस पानीमा हिसप चोपेर त्योचाहिँ अशुद्ध व्यक्तिलाई र अशुद्ध भएका सरसामानमाथि छर्क्यो। अनि सातौं दिनमा त्यस अशुद्ध व्यक्तिले आफ्नो वस्त्र धोयो र नुहायो, र साँझमा शुद्ध ठहरियो (गन्ती १९:१९)।

यसको विषयमा श्री चर्च विलियम्सले निम्न सुझाव पेश गरेका छन्ः

> 'रातो रङ्गको कोरलीले ख्रीष्ट येशूलाई चित्रण गर्छ, जो बाहिर हेर्दा निष्खोट हुनुहुन्थ्यो र मनभित्र पनि पूरा निष्कलङ्क हुनुहुन्थ्यो। उहाँमा पापको कुनै गन्ध हुँदैनथियो। उहाँले रातो माटोको रङ्गको वस्त्ररूपी मानव शरीर धारण गर्नुभयो।' 11)

यतिसम्म साङ्केतिक अर्थ लगाउनु ठिक्कै छ होला; तर अर्थ लगाउने काममा हददेखि बाहिर जानुदेखि हामी होशियार बस्नुपर्छ।

त्यस रातो कोरलीको खरानी प्रयोग गरेको ऐतिहासिक वृत्तान्त हामी गन्ती ३१ अध्यायमा पाउँछौं। यसको सम्बन्धमा श्री जे. जी. मण्टलले यसो भनेका छन्ः

> 'त्यस रातो कोरलीको खरानीको कुरा आयोः त्यस खरानीमा पापबलिका सबै मूल-तत्त्वहरू समावेश भएका थिए; अनि जुनै पनि समयमा कुनै असुविधाविना यो खरानी तत्कालै प्रयोग गर्न सकिन्थ्यो। अनि एउटा रातो कोरलीको खरानी सयौं वर्षको निम्ति पुग्थ्यो। यहूदीहरूको लामो इतिहासमा जम्मै छवटा कोरलीहरूको खरानी पर्याप्त भयो; किनभने त्यसको अलिकति खरानी अशुद्ध मानिसलाई शुद्ध पार्न पुग्थ्यो; किनकि मुहानबाट बगेको स्वच्छ पानीको सद्‌गुण त्यस खरानीमा आउँथ्यो।' 12)

आउनुहोस्, हामी अब हिब्रूको पुस्तकको लेखकको कुरामाथि ध्यान दिऔं, जसले निम्न तर्क पेश गरेका छन्ः *'किनकि यदि बहर र बोकाहरूको रगतले र रातो कोरलीको खरानीले अशुद्ध मानिसहरूमाथि छर्किँदा तिनीहरूलाई शारीरिक शुद्धिको निम्ति पवित्र पार्छ भने, ... परमेश्वरको सामु आफैलाई निष्कलङ्क चढ़ाउनुहुने ख्रीष्ट येशूको रगतले जीवित परमेश्वरको सेवा गर्न तिमीहरूको विवेक मरेका कामहरूबाट झन् कति बढ़ता गरी शुद्ध पार्छ, होइन र?'* ठीक छ, पुरानो नियमअन्तर्गत रातो कोरलीको खरानीले मानिसलाई विधिवत् अशुद्धताबाट शुद्ध पार्न सक्थ्यो; तब ख्रीष्ट येशूको रगतको शक्ति त्यस खरानीको शक्तिभन्दा असीमित हुनुपर्छ; किनभने ख्रीष्टको रगतले हाम्रो विवेक मरेका कामहरूबाट शुद्ध पार्छ र भित्रीय मनको सरसफाइ गर्छ (हिब्रू ९:१३-१४)।

यस सम्बन्धमा एकजना अनभिज्ञ लेखकको टिप्पणी यस प्रकारको छः

> 'रातो कोरलीको खरानीको आत्मिक अर्थ हामी यस प्रकारले लगाउँछौंः हाम्रो वरिपरि चारैतिर फैलिरहेको आत्मिक मृत्युको सम्पर्कमा हामी नआउने होइनौं; यो त एउटा अपरिहार्य, नभई नहुने अनिवार्य कुरा हो। यसकारण परमेश्वरले आफ्नो दयामा यसको निम्ति त्यस खरानीद्वारा प्रबन्ध गरिदिनुभयो। इस्राएली-हरूको सन्दर्भमा त्यस खरानीले दोषबलिको अर्थ लिन्छ; किनभने तिनीहरूले आफ्ना मसीहको हत्या गरे। त्यस खरानीमा कताकतै दोषबलिको समानता देखिन्छ; तर त्यस खरानीले दोषबलिको स्थान लिँदैन।'

पुरानो नियममा पेश गरिएका विनियम-हरूमा पानीले धुने-पखाल्ने आदेशहरू समावेश गरिएका छन्, अँ, कहिलेकाहीं बगिरहेको पानीले धोइपखाल्ने र नुहाउने आदेशहरू हालिएका छन् (लेवी १५:१३)। वर्तमान युगमा यो तरिका संक्रमणदेखि बाँच्नको निम्ति सबैले मानिलिएका चिकित्साको माध्यम भएको छ।

**गन्ती १९:२०-२२:** जुन अशुद्ध भएको व्यक्तिले शुद्धीकरणको पानीद्वारा हुने शुद्धीकरण अस्वीकार गर्‍यो, त्यस मानिसको सजाय अनिवार्य थियो। यो कुरा छोड़ेर परमेश्‍वरले यो पनि निर्धारित गर्नुभयो कि त्यो शुद्ध पार्ने पानी छुने वा छर्कने व्यक्ति र त्यसले छुने जो पनि र जे पनि साँझसम्म अशुद्ध हुन्थ्यो।

### ज) गन्ती २०:१-१३: मोशाको पाप

**गन्ती २०:१:** यस अध्यायको शुरुमा हामीले याद गर्नुपर्छः इस्राएलीहरू मिस्र देशदेखि निस्केर आएको चालीस वर्ष भइसक्यो; अनि तिनीहरूले प्रतिज्ञाको देशमा जासुसीहरूलाई पठाएको अठतीस वर्ष पूरा भएको थियो। मानिसहरू अठतीस वर्षसम्म यताउता घुमफिर गर्दा-गर्दै फेरि कादेशमा आइपुगे, जुन कादेश भन्ने ठाउँ जीनको उजाड़स्थानमा परेको थियो। यही ठाउँबाट तिनीहरूले जासुसीहरूलाई पठाएका थिए। यी विचराहरू अठतीस वर्षभित्र प्रतिज्ञाको देशको त्योभन्दा नजिक पुग्नै सकेनन्। यही ठाउँमा मोशाकी दिदी मरियम मरिन्, र तिनको दफन भयो। गन्तीको पुस्तकको उन्नाईस अध्याय र बीस अध्यायको बीचमा अठतीस बर्बाद भएका वर्षको अवधि परेको छ, जुन अवधिमा छ लाखभन्दा बढ़ी मानिसहरूको मृत्यु भएको थियो। यस पुस्ताभित्र तिनीहरूले चुपचापसँग अविश्‍वासको तीतो फलको कटनी गरे।

**गन्ती २०:२-९:** जुन मानिसहरूले यहाँ पानीको अभावले गर्दा मोशा र हारूनको विरुद्धमा गनगन गरे, ती मानिसहरू एउटा नयाँ पुस्ताका मानिसहरू थिए, तर तिनीहरूको कामकुरा तिनीहरूका बुबाहरूको जस्तै थियो (गन्ती २०:२-५)। यस परिस्थितिमा परमप्रभुले मोशालाई *'चट्टानसँग कुरा गर, तब त्यसले आफ्नो पानी छोड़्नेछ'* भन्ने आज्ञा दिनुभयो। मोशाले हारूनको लौरा साथमा लैजानु थियो, जुन लौरा निवासस्थान-भित्र राखिएको थियो (गन्ती २०:९ र गन्ती १७:१० आपसमा तुलना गर्नुहोस्)। हारूनको लौरा मोशाको हुने भयो (गन्ती २०:११)। हारूनको लौरा पूजाहारीगिरीको अधिकारको चिन्ह थियो भने, मोशाको लौराचाहिँ न्याय र शासन-अधिकारको चिन्ह थियो।

**गन्ती २०:१०-१३:** योभन्दा पहिले पनि मानिसहरूले मस्सा र मरीबा भन्ने ठाउँमा पानीको विषयमा गनगन गरेका थिए। त्यस बेलामा परमप्रभुले मोशालाई *'त्यस चट्टानलाई हिर्काऊ र त्यसबाट पानी निस्कनेछ'* भन्ने आज्ञा गर्नुभएको थियो (प्रस्थान १७:१-७। तर यसपालिचाहिँ परिस्थितिले मोशाको सहनशीलताको सीमा नाघिसकेको थियो; यसकारण एक, उनले सोचविचार नगरी बोलिपठाएर मानिसहरूलाई 'हे वागी विद्रोहीहो' भने (गन्ती २०:१०)। दोस्रो, उनले आफ्नो लौराले त्यस चट्टानलाई दुई पल्ट हिर्काए, जब उनले त्यससित बोल्नु थियो। प्रस्थान १७ अध्यायमा हिर्काइएको चट्टानले येशू ख्रीष्टलाई चित्रण गर्छ, किनभने गलगथामा उहाँलाई हिर्काएर उहाँलाई क्रूसको मृत्युको चोट दिइयो। तर ख्रीष्ट येशूलाई एकैपल्ट मात्र हिर्काइयो; यसकारण त्यस चट्टानलाई पनि एक पल्ट मात्र हिर्काउनु थियो, जुन प्रहार अघि मोशाले त्यस चट्टानलाई दिइसकेका थिए। प्रभु येशूको मृत्युपछि पवित्र आत्मा दिइनुभयो। गन्ती २०:११ पदमा उल्लेख गरिएको पानीचाहिँ पवित्र आत्माको प्रतीक थियो। मोशा र हारूनले पाप गरे; अनि उनीहरूको यस पापले गर्दा उनीहरू परमेश्‍वरको उर्दीअनुसार प्रतिज्ञाको देशमा प्रवेश गर्न पाएनन्। परमेश्‍वरले त्यस ठाउँको नाम 'मरीबा' राख्नुभयो; तर यो मरीबा भन्ने ठाउँ प्रस्तान १७ अध्यायमा भएको मरीबा होइन। यो

मरीबाचाहिँ कादेशको मरीबा भन्ने नामले चिनिन्छ। श्री जी. क्याम्पबेल मोर्गनले यसको विषयमा निम्न टिप्पणी गरेका छन्ः

'अघि हामीले भनिसक्यौं, कि मोशाको रिस स्वाभाविक थियो। तर परमेश्वरका दासले आफ्नो रिसमा मानिसहरूकहाँ परमेश्वरको सचरित्र पेश गर्न सकेनन्, तर उहाँको कुरूप पेश गरे। वास्तवमा मोशाको विश्वासको अभाव उनको असफलताको कारण थियो; किनभने यस परिस्थितिमा उनको विश्वास चरमसीमामा आइपुग्न सकेन। मोशाले परमेश्वरमाथि विश्वास नगर्ने होइन, उहाँको शक्तिमाथि उनको पूरा विश्वास त थियो; तर उनले इस्राएली-हरूका आँखाको सामु उहाँलाई पवित्र पार्न सकेनन्; यहाँसम्म उनको विश्वास पुगेन। यसबाट सिक्नुपर्ने हाम्रो निम्ति एउटा महत्त्वपूर्ण पाठ छँदैछः यस्ता कामकुराहरू छन्, जुनचाहिँ बिलकुल ठीक छन्, तर जब यी कामकुराहरू गलत तरिकाले गरिन्छन्, तब यी कामकुरा-हरूका नतिजाहरू खराब निस्कन्छन्। हामीसँग एउटा भजन छ, जुन भजनको गहन अर्थ हामी समझदार भएनौं भने, हामी बुझ्न चुक्छौं, जसको बोल यस प्रकारको छः

"हे प्रभु, मसँग बोल्नुहोस्, ताकि म बोल्न सकूँ, अँ, तपाईंको सुरमा बोल्न सकूँ, तपाईंको जिउँदो प्रतिध्वनि बन्न सकूँ।"

यस भजनको बोल हामीले प्रवक्तको एउटा प्रार्थना सम्झनु पर्याप्त हुँदैन, जसको माग 'हे प्रभु, तपाईंको सन्देश प्रचार गर्न सकूँ' भन्नु हो। तर यो विन्ती यस प्रकारको प्रार्थनाभन्दा पनि अझ बढ़ी छ। हामी उहाँको सन्देश उहाँकै सुरमा, उहाँको स्वभावअनुसार बोल्न सक्नु-पर्छ। अनि यही क्षेत्रमा मोशा असफल भए; अनि फलस्वरूप उनी यस असफलताको कारणले प्रतिज्ञाको देशबाट वञ्चित रहे।' 13)

### झ) गन्ती २०ः१४-२९ः हारूनको मृत्यु

**गन्ती २०ः१४-२१ः** इस्राएलीहरूले यस उजाड़स्थानबाट सरासर उत्तरतर्फ गएर प्रतिज्ञाको देशमा प्रवेश गर्नु थिएन, तर पूर्वमा एदोमीहरूको देश पार गरेपछि उत्तर दिशामा मृत सागरको पूर्वीय किनारा-किनाराबाट भएर प्रतिज्ञाको देशमा प्रवेश गर्नु थियो; योजना यस प्रकारको थियो। त्यसपछि मात्र तिनीहरूले यर्दन नदी पार गर्नेथिए। तर एदोमका राजाले इस्राएलीहरूलाई आफ्नो मुलुकबाट भएर जान दिएनन्। यहूदीहरूले एदोम राज्यको कुनै हानि गर्नेथिएनन्, न तिनीहरूको पानी पिउनेथिए, न तिनीहरूका खेतबारीहरूबाट अन्न खानेथिए, अँ, उनी-हरूले तिनीहरूलाई तिनीहरूको कुनै थोक नबिगार्ने आश्वासन दिए। तर तिनले उनी-हरूलाई एदोमबाट भएर जान दिएनन्।

इतिहासको कुरा होः राजा शाऊलको पालोमा इस्राएली जातिले एदोमीहरूको विरुद्ध लड़ाइँ गर्‍यो र तिनीहरूलाई परास्त गर्‍यो। एदोमीहरू याकूबको दाजु एसावका सन्तान थिए।

**गन्ती २०ः२२-२९ः** मानिसहरूले कादेश-देखि हिँड़ेर होर पहाड़सम्म यात्रा गरे, जुन होर पहाड़ एदोमको सिमानाको छेउमा परेको थियो। अनि तिनीहरू होर पहाड़मा आइपुगेपछि हारूनको मृत्यु भयो। अनि तिनका छोरा एलाजारले तिनको स्थान लिए। श्री मेथ्यू हेन्रीले यसको विषयमा यसो लेखेका छन्ः

'निस्सन्देह हारून आफ्नो अपराधको कारणले मरे। तर तिनी कुकर्मीको मृत्यु मरेनन्; तिनी महामारीद्वारा वा स्वर्गबाट बर्सेको आगोद्वारा मारिएनन्; तर तिनी शान्तिसित मरे, तिनको मृत्यु सम्मानजनक मृत्यु थियो। किनकि "हारून आफ्ना मानिसहरूसित मिल्न गए" भन्ने कुरा लेखिएको छ, तिनी परमेश्वरको अनुग्रहको अङ्गालोमा मरे; तिनको विषयमा तिनी आफ्ना मानिसहरूबाट नामेट भए भन्ने कुरा लेखिएको छैन; त्यो त ईश्वरीय न्यायमा परेर मर्नेहरूको विषयमा प्रयोग गरिएको भाषा

हो। अनि ती मोशा जसले आफ्नै हातैले हारूनलाई प्रधान पूजाहारीका वस्त्रहरू पहिराएका थिए, ती मोशाले आफ्नै हातले अहिले यी वस्त्रहरू तिनीबाट फुकाले। किनभने यी प्रधान पूजाहारीका वस्त्रहरूसित तिनी मर्नु पूजाहारीगिरीको दृष्टिले असुहाउँदो हुनेथियो।' 14)


### ञ) गन्ती २१:१-२२:१: पित्तलको साँप

**गन्ती २१:१-३:** अरादका राजा प्रतिज्ञाको देशको दक्षिण भागमा बस्थे। जब तिनले इस्राएलीहरू उजाड़स्थानमा पाल टाँगेर बसेका र देशलाई आक्रमण गर्न आइरहेका सुने, तब तिनले होर्मा भनिने ठाउँमा तिनीहरूमाथि जाइलागे; तर त्यहाँ तिनको ठूलो हार भयो (गन्ती २१:१-३)।

**गन्ती २१:४-९:** यहाँ लाल समुद्रको कुरा आयो: जुन लाल समुद्रको खाड़ीको विषयमा यस पदमा कुरा गरिएको छ, त्यो लाल समुद्रको खाड़ीचाहिँ इस्राएलीहरू मिस्रीहरूबाट उम्कँदा पार भएको 'सूएज' नामक लाल समुद्रको खाड़ी होइन, तर त्यसको 'अकाबा' नामक दोस्रो खाड़ी थियो (गन्ती २१:४)। तर यो पनि सम्भव छ, कि इस्राएलीहरू हिँड़ेको बाटोको नाम लाल समुद्रको बाटो थियो होला; किनभने तिनीहरू अकाबाको खाड़ीतिर फर्केर गएनन् होला, तर निस्सन्देह यस मार्गमा अघि बढ़े।

यस ठाउँमा मानिसहरूले फेरि आफ्नो रहनसहनको अप्ठ्यारो स्थितिको विषयमा गनगनाए; फलस्वरूप परमेश्वरले तिनीहरूको बीचमा अग्निमय विषालु सर्पहरू पठाइदिनुभयो। धेरै मानिसहरूको मृत्यु भयो; अनि अझ धेरै मानिसहरू मृत्युको मुखमा परिरहेका थिए। मोशाले तिनीहरूको निम्ति अन्तर्विन्ती गरे। अनि यस प्रार्थनाको उत्तरमा परमेश्वरले एउटा पित्तलको साँप बनाएर खाँबामा झुन्ड्याउने आज्ञा दिनुभयो। अनि उहाँले 'जस-जसले यो पित्तलको साँप हेर्छन्, तिनीहरू निको हुनेछन्' भन्ने प्रतिज्ञा गर्नुभयो। यस घटनाबाट प्रसङ्ग उठाएर प्रभु येशूले निकोदेमसलाई के भन्नुभयो भने: उहाँ पनि यस हेतुले काठमा उचालिनु आवश्यक थियो, कि उहाँलाई विश्वासको साथ हेर्ने पापी जनहरूले उहाँमाथि राखिएको विश्वासद्वारा अनन्त जीवन पाउन सकून् (यूहन्ना ३:१-१६)। तब यो प्रश्न रहेको छ: के तपाईंले प्रभु येशूमाथि विश्वासको दृष्टिले हेरेर अनन्त जीवन पाउनुभयो?

त्यही पित्तलको साँप पछिबाट इस्राएली जातिको निम्ति ठेस लाग्ने कारण बन्यो; अनि राजा हिजकियाहको शासनकालमा त्यो नष्ट गरियो (२ राजा १८:४)।




**उजाड़स्थानदेखि कनान देशको छेउसम्म इस्राएलीहरूले गरेको यात्रा**

**गन्ती २१:१०-२०:** इस्राएलीहरू होर पहाड़देखि मोआबका मैदानसम्म कुन बाटो लिएर हिँड़े, सो वर्तमान समयसम्म पत्ता पाइन। तर गन्ती २१:१०-२२:१ पदको खण्डमा तिनीहरू जहाँ-जहाँ पाल टाँगेर बसे, सो ठाउँहरूको विस्तृत विवरण लेखिएको छ। गन्ती २१:१४ पदमा 'परमप्रभुका युद्धहरू' नामक पुस्तक उल्लेख छ, जुन पुस्तक एउटा ऐतिहासिक विवरण भएको हुनुपर्ला, जुन विवरणचाहिँ अहिलेसम्म उपलब्ध भएको छैन। 'बेर'को ठाउँको नाम उल्लेखणीय छ (गन्ती २१:१६-१८); किनभने यस ठाउँमा जब अगुवाजनहरूले सुक्खा मरुभूमिको भुइँ खने, तब परमप्रभुले अलौकिक रीतिले तिनीहरूको निम्ति पानी जुटाइदिनुभयो।

**गन्ती २१:२१-२६:** जब इस्राएलीहरू एमोरीहरूको देशको छेउमा आइपुगे, तब तिनीहरूले त्यस देशबाट भएर जाने अनुमति मागे, तर पाएनन्। नभन्दै एमोरीहरूका राजा सिहोनले इस्राएली जातिसित लड़ाइँ गर्ने घोषणा गरे; तर तिनको हार ठूलो भयो। ती एमोरीहरूका राजा र तिनका मानिसहरू लड़ाइँमा इस्राएलीहरूद्वारा पराजय होऊन् भन्ने उद्देश्यले परमप्रभुले तिनको हृदय कठोर पार्नुभयो, जसरी उहाँले फाराओको हृदय कठोर पार्नुभएको थियो (व्यवस्था २:३०)। अबचाहिँ 'एमोरीहरूको अधर्म'को नाप पूरा भयो (उत्पत्ति १५:१६)। अनि परमप्रभुले इस्राएलीहरूलाई आफ्नो न्यायको हतियार तुल्याएर एमोरीहरूमाथि आफ्नो न्याय पूरा गर्नुभयो।

**गन्ती २१:२७-३०:** यी पदहरूमा उल्लेख गरिएको आहानरूपी गीतले भन्न खोजेको अर्थ हामीलाई यसो लाग्छः 'हेश्बोन शहर भर्खरै एमोरीहरूले मोआबीहरूको हातबाट कब्जा गरेका रहेछन्। तर अबचाहिँ त्यो शहर इस्राएलीहरूको हातमा परेको छ। यदि मोआबको यही शहर आक्रमण गरेर जित्नेहरू आफै पराजय भए भने, मोआब देशको सैनिक शक्ति तेस्रो दर्जाको भएको हुनुपर्ला।'

अनि यो आहान किन उद्धृत गरियो त? यसको अर्को कारण पनि थियो होला। हेश्बोनको भूक्षेत्रचाहिँ मोआबीहरूको हातमा थिएन, तर सम्पूर्ण रीतिले एमोरीहरूका राजा सिहोनको हातमा आएको थियो भन्ने कुराको प्रमाण दिन लेखिएको पनि हुन सक्छ। अनि यो कुरा महत्त्वपूर्ण थियो; किनकि परमेश्वरले इस्राएलीहरूलाई मोआबीहरूबाट तिनीहरूको कुनै पनि भूमि कब्जा गर्न मनाही गर्नुभएको थियो (व्यवस्था २:९)।

**गन्ती २१:३१-२२:१:** इस्राएलीहरूले यात्रा गरेको खास मार्ग खोजिनिकाल्नु गाह्रो भएको छ। तर यसको विषयमा के सामान्य सुझाउ दिइएको छ भने, तिनीहरू होर पहाड़देखि पूर्व लागे, त्यसपछि एदोमको पश्चिमी सिमाना हुँदै उत्तरतिर जेरेद खोलामा पुगे। पूर्वमा तिनीहरू जेरद खोला पछ्याउँदै एदोम र मोआबको बीचको सिमानामा अघि बढ़े, त्यसपछि उत्तरतिर लागेर तिनीहरू मोआबको पूर्वीय सिमाना भएर अर्नोन नदीमा आइपुगे। अनि त्यहाँबाट तिनीहरूले पश्चिममा राजमार्ग ताके। तिनीहरूले एमोरीहरूका राजा सिहोनमाथि विजय प्राप्त गरेपछि तिनीहरू उत्तरमा अघि बढ़ेर ओगको राज्यमा पसे, र बाशान कब्जा गरे। बाशानचाहिँ एउटा खूबै मलिलो खर्क थियो। बाशान यर्दनको पूर्वपट्टि पर्छ, इस्राएलीहरू प्रतिज्ञाको देश प्रवेश गर्नुपर्ने ठाउँदेखि उत्तरमा पर्छ। बाशान कब्जा गरेपछि इस्राएलीहरू मोआबका मैदानमा फर्के र यरीहोको सामु यर्दनको पारिपट्टि आफ्ना पालहरू टाँगेर बसे (गन्ती २२:१)। यी मैदानहरू एमोरीहरूले मोआबबाट कब्जा गरेका थिए, तर 'मोआबका मैदान' भन्ने नाम रहिरह्यो (गन्ती २१:२६)।

# खण्ड ३

## गन्ती २२:२-३६:१३: मोआबका मैदानमा घटेका घटनाहरू

### क) गन्ती २२:२-२५:१८: अगमवक्ता बालाम

#### अ) गन्ती २२:२-४०: बालाकले बालमलाई बोलाएको

**गन्ती २२:२-१४:** जब एमोरीहरूदेखि दक्षिणमा बस्ने मोआबीहरूले एमोरीहरू कसरी इस्राएलद्वारा परास्त भए भन्ने कुरा सुने, तब तिनीहरू डरले आतङ्कित भए, जसको निम्ति खास कुनै कारण थिएन (व्यवस्था २:९)। तरैपनि राजा बालाकले इस्राएली जातिलाई श्राप दिन अगमवक्ता बालामलाई भाड़ामा लिन खोजे। बालामचाहिँ एक अन्यजाति अगमवक्ता थिए; तर तिनीसँग साँचो परमेश्‍वरको विषयमा केही मात्रामा ज्ञान भएको देखिन्छ। अनि तिनीद्वारा इस्राएली जाति छुट्टै बसेको, परमेश्‍वरको दृष्टिमा धर्मी ठहरिएको अनि यस जातिको शोभा र महिमाको विषयमा आफ्नो मन प्रकट गर्न परमप्रभुलाई सठीक लाग्यो।

गन्ती २२:७-१४ पदको खण्डमा बालामलाई बोलाउने बालाकको पहिलो प्रयासको बयान लेखिएको छ। यस सिलसिलामा बालाकका सन्देश-वाहकहरू पहिलो पल्ट बालामकहाँ आइपुगे। यी सन्देश-वाहकहरूको हातमा जोखना हेर्ने इनाम पनि थियो। तिनी इस्राएली जातिलाई सराप्न सफल भएमा तिनलाई इनामको रूपमा ठूलो रकम दिइनेथियो। तर परमप्रभुले तिनलाई यसो भन्नुभयो: 'तिमीले इस्राएलीहरूलाई नसराप्नू! किनभने मैले यस जातिलाई आशिष दिएको छु।' बालाक नामको अर्थ 'विनाशकारी' हो भने, बालाम नामको अर्थ-चाहिँ कि त 'मानिसहरूलाई निल्ने', कि त 'मानिसहरूलाई अल्मल्याउने' हो।

**गन्ती २२:१४-२१:** त्यसपछि बालाकले बालामलाई बोलाउन दोस्रो पल्ट मानिसहरू पठाए। इस्राएली जातिको विषयमा परमेश्‍वरको इच्छा के रहेछ, सो बालामलाई थाहा भएकै थियो। रपनि कतै उहाँले आफ्नो मन बदली गर्नुहुन्छ कि भन्ने निहुँले तिनले उहाँको सम्मुखमा जाने आँट गरे। तब परमप्रभुले बालामलाई बालाकका मानिस-हरूसँग जाने आदेश दिनुभयो; तर तिनले त्यो मात्र बोल्न पाए, जुन कुरा परमप्रभुले तिनलाई बताउनुहुनेथियो; उहाँले यही सर्त राख्नुभयो। बालाम बालाकका मानिसहरूसँग गएको खास कारण २ पत्रुस २:१५-१६ पदहरूमा स्पष्ट पारिएको छ। तिनले 'अधर्मबाट हुने नीच कमाइ'को लोभ गरेका रहेछन्। यसो हो भने, बालामचाहिँ ज्यालामा काम गर्ने यस प्रचारकको प्रतीक हुन्, जसले आफूले पाएको ईश्‍वरीय वरदान धन कमाउनको निम्ति चलाएर बेप्रयोग गर्छ।

**गन्ती २२:२२-२७:** *'अनि परमप्रभुका दूत तिनको विरोधी भएर बाटोमा खड़ा हुनुभयो;'* यहाँ, यस पदमा परमप्रभुका दूत भन्नाले देह-धारण हुनुभन्दा अघि देखा पर्नुभएको ख्रीष्ट बुझ्नुपर्लो (गन्ती २२:२२)। उहाँ तीन पल्ट बालाम र तिनको गधाको अघि तिनीहरूलाई रोक्न भनी तिनीहरूको बाटोमा उभिनुभयो; किनकि उहाँले बालामको मनसाय बुझ्नु-भएको थियो। जब गधाले परमप्रभुका दूतलाई पहिलो पल्ट देख्यो, तब त्यो आफ्नो बाटो छोड़ेर बारीतिर लाग्यो। यसको निम्ति निर्दोष पशुले बालामको हातबाट पिटाइ खायो। दोस्रोपल्ट परमप्रभुका दुत दाख-

बारीका दुईवटा बारहरूको बीचमा छिरेर जाने साँघुरो बाटोमा उभिनुभयो। डरले आतङ्कित भएको गधा पर्खालमा टाँसिन पुग्यो र बालामको खुट्टा भित्तामा चेप्टाइपठाएको हुनाले त्यो गधा फेरि पिटियो। तेस्रोपल्ट परमप्रभुका दूत फेरि कतै पनि फर्कन नसक्ने एउटा साँघुरो गल्लीमा उभिनुभयो। डरले हताश भएको गधा भुइँमा थचक्कै बसि-पठाउँदा फेरि तेस्रोपल्ट पनि त्यसले मालिकको हातबाट नराम्रोसँग पिटाइ खायो। गधाचाहिँ हठीपनको चिन्ह हो; तर त्यस गधाले कुन बेलामा आफ्नो हठीपन त्याग्नुपर्छ, सो जान्दथियो, तर ती हठी र आफ्नै स्वार्थमा चल्ने मतलबी अगमवक्ताले भने यो जान्न सकेनन्।

**गन्ती २२:२८-४०:** परमेश्वरले त्यस गधालाई बालामसँग बोल्ने शक्ति दिनुभयो; र त्यसले अगमवक्तालाई तिनको निर्दयी व्यवहारको विषयमा हप्कायो (गन्ती २२:२८-३०)। तब पो बालामले परमप्रभुका दूतलाई बल्ल देख्न सके, जसको हातमा म्यानबाट थुतेको तरवार थियो। तिनले उहाँको मुखबाट उहाँ किन आउनुभएको थियो, सो अब सुनेः तिनको अनाज्ञा-कारिताको विरोध गर्न उहाँ तिनको बाटो छेक्नुभएको थियो (गन्ती २२:३१-३४)। त्यसपछि परमप्रभुका दूतले बालामलाई बालाककहाँ जाने अनुमति दिनुभयो, परमेश्वरले तिनलाई दिनुभएको शब्दबाहेक अरू कुनै कुरा बोल्न नपाउने सर्तमा (गन्ती २२:३५)।

अनि बालामलाई भेटेपछि बालाकले आफ्ना देवताहरूलाई केही बलि चढ़ाए।

### आ) गन्ती २२:४१-२४:२५: बालामका ईश्वर-वाणीहरू

**गन्ती २२:४१-२३:१२:** भोलिपल्ट बालाकले बालामलाई पिस्गा नाम गरेको अग्लो पर्वतमाथि लगे, जहाँबाट तिनले तलतिर इस्राएलीहरूका पालहरू दख्न सके। पछिबाट मोशाले यही पहाड़देखि प्रतिज्ञाको देश हेर्ने एकमात्र मौका पाए, अनि त्यहीं उनको मृत्यु भयो (व्यवस्था ३४:१ र ५)।

यस अध्यायमा र अर्को अध्यायमा बालामले इस्राएली जातिको सम्बन्धमा उच्चारण गरेका चारवटा स्मरणयोग्य ईश्वर-वाणीहरू छन्। पहिला तीनवटा ईश्वर-वाणीहरू सातवटा वेदीमाथि सातवटा बहरहरू र सातवटा भेड़ाहरू होमबलि गरेपछि तिनको मुखबाट निस्के। पहिलो ईश्वर-वाणीमा 'जुन जातिलाई परमेश्वरले सराप्नुभएको छैन, त्यस जातिलाई म कसरी सराप्न सक्छु' भनेर बालामले आफ्नो असमर्थता व्यक्त गरे। यसको भविष्यवाणी यस प्रकारको छः इस्राएली जाति अन्यजातिहरूबाट पूरा अलग बसेर जिउनेछ र तिनीहरूका अनगन्ती सन्तानहरू हुनेछन्। यस वाणीअनुसार इस्राएली जाति एउटा धर्मी जाति थियो, जसको आउँदो सुदिनको सुन्दर भाग्य डाहा गर्न लायकको हुँदो रहेछ (गन्ती २३:७-१०)।

बालाकले यस ईश्वर-वाणीमा व्यक्त गरिएको आशीर्वादप्रति आफ्नो आपत्ति जनाए; तर यसमा केही फाइदा थिएन; किनभने अगमवक्ताले अरू केही होइन, परमप्रभुको वचन नै बोल्नुपरेको थियो।

**गन्ती २३:१३-१५:** बालाकले बालामलाई यस हेतुले अर्कै ठाउँमा लगे, कि त्यहाँबाट ती अगमवक्ताले इस्राएलीहरूलाई देख्न त पाऊन्, तर तिनीहरूमाथि कम अनुकूल दृष्टि लगाइदिऊन् (गन्ती २३:१३-१४)।

**गन्ती २३:१६-२६:** अब दोस्रो ईश्वर-वाणी आयोः बालकलाई निश्चित थाहा लागेको होस्, कि इस्राएली जातिमाथि निर्धारित गरिएको परमेश्वरको आशिषको

विषयमा कुनै हेरफेर आउँदैन; त्यो त चिरस्थायी र अपरिवर्तनीय हुन्छ (गन्ती २३ः१८-२०)। गन्ती २३ः२१ पदको शुरुको खण्डमा इस्राएली जातिको निर्दोष ठहरको विषयमा कुरा गरिएको छ, तिनीहरूको व्यवहारको होइन। तिनीहरू विश्वासद्वारा धर्मी ठहरिएका थिए। ठीक त्यस्तै वर्तमान समयमा ख्रीष्ट-विश्वासीहरू पनि प्रभु येशू परमेश्वरका प्रिय पुत्रको सम्पूर्ण सिद्धतामा उहाँको सामु उभिएका छन्।

आउनुहोस्, हामी गन्ती २३ः२१ पदको दोस्रो खण्ड पनि हेरौंः परमप्रभु इस्राएली जातिको साथमा हुनुभएको थियो; यसकारण उहाँका जनहरूले ललकार गर्न सके; किनकि राजाहरूको महाराजले तिनीहरूको बीचमा राज्य गरिरहनुभएको थियो। उहाँले तिनीहरूलाई मिस्र देशको दासत्वबाट छुटकारा दिनुभएको थियो; उहाँले तिनीहरूलाई बलवान् तुल्याउनुभयो। इस्राएली जातिको विरुद्धमा बोलिएको कुनै पनि श्राप परमेश्वरका जनहरूलाई लाग्दैनथियो; बरु इस्राएलीहरूले चाड़ै हासिल गर्ने विजयमाथि विजयले गर्दा अन्यजातिहरूले स्वीकार गर्नेथिएः 'अहो, हेर, तिनीहरूको पक्षमा परमेश्वरले के-के गर्नुभएको छ!' (गन्ती २३ः२२-२४)।

बालामले इस्राएलीहरूलाई सराप्न सकेनन्, भइगयो; तर तिनले इस्राएलीहरूलाई आशीर्वाद गर्न छोड़िदिऊन् – यो बालाकको माग र आदेश थियो (गन्ती २३ः२५)। तर यसको उत्तरमा ती अगमवक्ताले आफ्नो प्रतिवाद सुनाएः परमप्रभुले भन्नुभएको कुराबाहेक तिनले अरू केही पनि बोल्न सक्दैनथिए।

**गन्ती २३ः२७-३०ः** बालाकले बालामलाई तेस्रोपल्ट इस्राएली जातिलाई श्राप दिने पार्न खोजे, र यसको निम्ति उनले तिनलाई पोरको टाकुरामाथि लगे।

**गन्ती २४ः१-२ः** परमेश्वर इस्राएली जातिलाई आशिष दिनुमा सुदृढ़ हुनुभएको देखेर बालाम श्रापको वाणी पाउन खोज्न गएनन्। तिनी त्यस पहाड़बाट तल इस्राएलीहरूका पालहरू हेर्दै रहे, तब परमेश्वरको आत्मा तिनीमाथि आउनुभयो, र तिनलाई तिनको इच्छा र बुद्धिदेखि बाहिरका कुराहरू बोल्ने प्रेरणा दिनुभयो।

**गन्ती २४ः३-९ः** तेस्रो ईश्वर-वाणीको सन्देश यस प्रकारको छः इस्राएलीहरूका पालहरूमा कति सुन्दरता थियो! अनि इस्राएली जातिको विषयमा 'यो अत्यन्त फलदायक हुनेछ; यसले चौतर्फी फलिफाप गर्नेछ; यसको महिमाले पूर्ण राज्य हुनेछ; यसले आफ्ना सबै शत्रुहरूलाई कुल्चीमिल्ची पार्नेछ' भन्ने भविष्यवाणी आयो।

गन्ती २४ः ७ पदमा उल्लेख गरिएको अगागको नामको कुरा आयोः हुन सक्छ, अगागचाहिँ अमालेकीहरूको बीचमा एउटा सामान्य नाम थियो होला।

कसले आराम गरिरहेको सिंहलाई जगाउने आँट गर्ला? यसको कोही हुनेछैन नै (गन्ती २४ः९)। इस्राएली जातिलाई आशीर्वाद दिनेहरू आशिषित हुनेछन्, यस जातिलाई सराप्नेहरूमाथि श्राप आइपर्नेछ। बालामको ईश्वर-वाणीमा अब्राहामसँग बाँधिएको करारका शब्दहरू दोहोरिएका छन्, जहाँ परमप्रभुले तिनलाई भन्नुभएको थियोः *'जसले तिमीलाई आशीर्वाद दिनेछन्, तिनीहरूलाई म आशिष दिनेछु; अनि जसले तिमीलाई श्राप दिनेछ, त्यसलाई म श्राप दिनेछु'* (उत्पत्ति १२ः३)।

**गन्ती २४ः१०-१४ः** अब पूरा निराश भइसकेका बालाकले बालामलाई 'तिमी कस्तो अगमवक्ता?! तिमीले मलाई किन सहयोग नगरेको' भन्ने आरोप लगाए; तर बालामले उनलाई जवाफ दिएर उनलाई सम्झना गराएः 'परमप्रभुले मलाई भन्नुभएको

कुरा मात्र म बोल्नेछु भनेर मैले तपाईंलाई अघिबाटै भनें, होइन र ?' बालाकबाट छुट्टिएर आफ्नो घर फर्कने बेलामा तिनले मोआबका राजा बालाकलाई यो प्रस्ताव गरेः 'इस्राएली जातिले मोआबीहरूलाई आउँदा दिनहरूमा के-के गर्नेछ, के म तपाईंलाई सुनाऊँ ?'

**गन्ती २४ः१५-१९ः** चौथो ईश्वर-वाणीको सन्दर्भचाहिँ एकजना राजा थिए, जसको उप-नाम यस वाणीमा 'तारा' र 'राजदण्ड' थियो, र जो इस्राएली जातिबाट उठ्नेछन् र मोआब र शेतका सन्तानहरूलाई नष्ट गर्नेछन् (गन्ती २४ः१७ पद यर्मिया ४८ः४५ पदसँग तुलना गर्नुहोस्)। यी भावी शासकले एदोम देशलाई पनि अधीन पार्नेछन्। यस भविष्यवाणीको केही अंश राजा दाऊदमा पूरा भयो; अनि यो भविष्यवाणी ख्रीष्ट येशूको दोस्रो आगमनमा पूरा रूपले पूरा हुनेछ।

**गन्ती २४ः२०-२५ः** बालामले अमालेकीहरू, केनीहरू, अश्शूर र एबेरका मानिसहरूको विषयमा उस्तै-उस्तै अशुभ वाणीहरू बोले (गन्ती २४ः२०-२४)। अमालेकीहरूको सर्वनाश हुनेछ। केनीहरूको जनसंख्या निरन्तर घट्दै जानेछ, र अन्तमा अश्शूरीहरूले तिनीहरूलाई कैद गरेर लैजानेछन्। अनि अश्शूरीहरूचाहिँ ? कित्तिमबाट सेनाहरू आउनेछन् र तिनीहरूले अश्शूरलाई कैद गरेर लैजानेछन्। कित्तिमचाहिँ प्रायः साइप्रस हो; तर यहाँ यसको अर्थ ग्रीस देशलाई सङ्केत गरेको होला अर्थात् महान् अलेक्जाण्डरका सेनाहरूलाई अङ्कित गरेको होला। अनि एबेर जातिचाहिँ एबेर नामक पूर्खाका गैर-यहूदी सन्तानहरू हुनुपर्ला, जुन एबेर जलप्रलयपछि बाँचेका थिए (उत्पत्ति ११ः२४)।

तर बालाकसँग बालाम छुट्टिनुभन्दा अघि तिनले गन्ती २५ आध्यायमा उल्लेख गरिएको दुःखद घटनाको सिलसिलामा मोआबीहरूले अपनाएको दुष्ट योजनाको निम्ति प्रेरणा गरे।

### इ) गन्ती २५ः बालामको कारणले इस्राएलीहरूको बीचमा आएको भ्रष्टाचार

**गन्ती २५ः१-३ः** यस अध्यायमा बालामको नाम उल्लेख गरिएको छैन। तर हामी गन्ती ३१ः१६ पदबाट के जान्दछौं भने, यहाँ, यस खण्डमा बयान गरिएको, इस्राएलीहरूलाई भ्रष्ट पार्ने यस डरलाग्दो भ्रष्टाचारमा तिनको ठूलो हात थियो। राजा बालाकले बालामलाई दिन खोजेका जोखना हेर्ने इनामहरूले तिनलाई इस्राएली जातिलाई सराप्ने तुल्याउन सकेनन्, तर अन्तमा यी अधर्मका ज्यालाहरू व्यभिचार र मूर्तिपूजाद्वारा इस्राएलीहरूलाई भ्रष्ट पार्न बालामलाई मनाउन सफल भए। किनभने तिनको कारणले इस्राएलीहरूमध्ये कति मानिसहरूले मोआबी स्त्रीहरूसित व्यभिचार गरे र ती स्त्रीहरूसँग लाएर मूर्तिपूजा गरे। जब शैतानले सीधा आएर विश्वासीहरूलाई पापमा फसाउन सक्दैन, तब घुमाउरो चाल अपनाएर त्यो कति पल्ट सफल हुँदो रहेछ।

यस खण्डमा बालामको चरित्रको साँचो रूप देखा परेको छ। यहाँसम्म आइपुग्नुभन्दा अघि हामीले बालामलाई परमेश्वरको वचन-प्रति इमानदार र परमेश्वरका जनहरूको प्रेमी अगमवक्ता ठानेका थियौं होला। तर गन्ती ३१ः१६ र २ पत्रुस २ः१५-१६ पदहरूबाट हामीले के सिकेका छौं भने, तिनी एक दुष्ट, पतित भक्तिहीन व्यक्ति रहेछन्, जसले अधर्मबाट नीच लाभ उठाउन खोजे। *'बालामले बालाकलाई इस्राएलीहरूको सामु ठेस लाग्ने कारण राख्न अर्थात् मूर्तिहरूलाई चढ़ाइएका प्रसादहरू खान र व्यभिचार गर्न सिकायो'* (प्रकाश २ः१४)। यसरी नै तिनले इस्राएलीहरूलाई ठेस खुवाए। तिनले बालाकलाई दिएको सल्लाहअनुसार गरियो;

यसकारण बाल-पोरको थानमा घिनलाग्दो मूर्तिपूजा सुसमपन्न भयो ।

**गन्ती २५ः४-८क**ः तब परमेश्वरको आज्ञा मोशाकहाँ आयोः 'व्यभिचारको दोष लागेका यी सबै अगुवाहरूलाई घाममा झुन्ड्याऊ !' तर यो आदेश पूरा हुनुभन्दा अघि शिमोन-कुलका एकजना जिम्री नामक अगुवाले एउटी मिद्यानी स्त्रीलाई इस्राएली जातिको छाउनीभित्र ल्याए; तिनले उसलाई आफ्नो पालमा ल्याउन लागेका थिए (गन्ती २५ः१४) । तब प्रधान पूजाहारी एलाजारका छोरा पीनहासले ती दुईजनालाई भालाले घोचेर मारे। श्री सामुएल रिडुले यसको विषयमा निम्न टिप्पणी गरेका छन्ः

> 'पीनहासको नामको अर्थ ''पित्तलको मुख'' हो । अनि यो नाम उनको निम्ति सुहाउँदो छ; किनभने उनी परमेश्वरप्रति पूरा समर्पित थिए, र दयामाया नगरी उनले यस पापको उचित सजाय दिए । यसो हुनाले उनले आफ्नो निम्ति र आफ्नो परिवारको निम्ति अनन्त पूजाहारी-पद हासिल गरे ।' 15)

**गन्ती २५ः८ख-१३ः** परमेश्वरले इस्राएलीहरूको छाउनीमा एउटा भयानक महामारी पठाउनुभयो; अनि यस महामारीको चपेटमा चौबीस हजार मानिसहरू मरे (१ कोरिन्थी १०ः८ पदअनुसर एकै दिनमा तेईस हजारजना मरे)। पीनहासले यस सम्बन्धमा वीरता देखाएको हुनाले छाउनीमा यो महामारी थामियो; किनभने यिनी आफ्ना परमेश्वरको निम्ति जलिउठे; यसकारण परमेश्वरले आफ्नो उर्दीअनुसार पीनहासको परिवारको निम्ति सदा रहिरहने पूजाहारी-पद सुदृढ़ पार्नुभयो ।

**गन्ती २५ः१४-१५ः** जिम्रीचाहिँ शिमोन-कुलको नायके भएका हुनाले र जुन स्त्रीसित तिनले व्यभिचार गरे, त्यो स्त्री मिद्यानी नायकेकै छोरी भएकी हुनाले हुन सक्छ, न्यायकर्ताहरू यी दुईजनालाई सजाय गर्न हिचकिचाए होलान्; तर पीनहास अलिकति पनि हिचकिचाएनन्, किनकि यिनी आफ्ना परमेश्वरको निम्ति जलिउठे ।

**गन्ती २५ः१६-१८ः** परमप्रभुले मोशालाई मिद्यानीहरूको विरुद्धमा लड़ाइँ गर्ने आज्ञा दिनुभयो, जुन मिद्यानीहरू त्यस बेलासम्म मोआबीहरूसँग छासमिस भएका थिए। अनि गन्ती ३१ अध्यायमा आएर यो आज्ञा पूरा गरियो ।

### ख) गन्ती २६ः दोस्रो जनगणना

**गन्ती २६ः१-५१ः** परमेश्वरले मोशालाई फेरि इस्राएलीहरूको जनगणना लिने निर्देशन दिनुभयो; किनकि तिनीहरू प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेका थिए; तिनीहरूले त्यहाँ बसोबास गर्ने बासिन्दाहरूसित लड़ाइँ गरेर आ-आफ्ना अधिकारको भाग पाउन लागेका थिए। इस्राएलीहरूको जनसंख्या पहिलो जनगणनादेखि १,८२० जनहरू घटेका रहेछन् । दोस्रो जनगणनाको हिसाबकिताब यस प्रकारको छः

| **कुलको नामः** | **गन्ती १ः पहिलो जनसंख्याः** | **गन्ती २६ः दोस्रो जनसंख्याः** |
|---|---|---|
| रूबेन (गन्ती २६ः५-११) | ४६,५०० | ४३,७३० |
| शिमोन (गन्ती २६ः१२-१४) | ५९,३०० | २२,२०० |
| गाद (गन्ती २६ः१५-१८) | ४५,६५० | ४०,५०० |
| यहूदा (गन्ती २६ः१९-२२) | ७४,६०० | ७६,५०० |

| | | |
|---|---|---|
| इस्साकार (गन्ती २६ : २३-२५) | ५४,४०० | ६४,३०० |
| जबूलून (गन्ती २६ : २६-२७) | ५७,४०० | ६०,५०० |
| यूसुफ (गन्ती २६ : २८-३७) | | |
| - मनस्से (गन्ती २६ : ३४) | ३२,२०० | ५२,७०० |
| - एप्रैम (गन्ती २६ : ३७) | ४०,५०० | ३२,५०० |
| बिन्यामिन (गन्ती २६ : ३८-४१) | ३५,४०० | ४५,६०० |
| दान (गन्ती २६ : ४२-४३) | ६२,७०० | ६४,४०० |
| आशेर (गन्ती २६ : ४४-४७) | ४१,५०० | ५३,४०० |
| नप्ताली (गन्ती २६ : ४८-५१) | ४३,४०० | ४५,४०० |
| कुल संख्याः | ६,०३,५५० | ६,०१,७३० |

गन्तीको पुस्तकको एक अध्यायमा इस्राएलीहरूको जनसंख्या ६,०३,५५० थियो भने, गन्ती २६ अध्यायमा आएर तिनीहरूको जनसंख्या ६,०१,७३० भएछ। यति लामो समयमा यस कमी किन भएको हो, सो विषयमा श्री डी. एल. मूडीले यसो भन्दै टिप्पणी गरेका छन्:

> 'चालीस वर्षसम्म इस्राएलीहरूको जनसंख्या बढ्न सकेन; अनि हाम्रो विषयमा चाहिँ केकस्तो छ? चाहे मण्डलीको रूपमा होस्, चाहे व्यक्तिगत रूपमा होस्, हाम्रो अविश्वासको फल पनि यस्तै हुन सक्छ।' 16)

यस सम्बन्धमा सबैभन्दा घतलाग्दो कुरा यही होः शिमोन-कुलबाट लगभग ३७,००० मानिसहरू घटेका छन्। गन्ती २५ अध्यायमा शिमोन-कुलका मानिसहरू बाल-पोरको सम्बन्धमा बढ़ी संलग्न रहेका देखिन्छ; किनभने जिम्रीचाहिँ यस कुलको प्रमुख नायके थिए। अनि हुन सक्छ, चौबीस हजारजना मारिएकाहरूमध्ये सबैभन्दा बढ़ी शिमोनीहरू थिए कि के हो?

अनि गन्ती २६:११ पदमा बताइएको छ कि कोरहका सन्तानहरू कोरह आफ्ना बुबासँग मरेनन्।

**गन्ती २६:५२-५३ः** अब यस दोस्रो जनगणनाको संख्याअनुसार हरेक कुलले प्रतिज्ञाको देशमा आ-आफ्नो अधिकारको भाग पाउनेथियो। देश चिट्ठा हालेर बाँड़चुँड़ गरिनेथियो। यस भनाइको अर्थ यो थियोः हरेक कुलले पाउने क्षेत्रफल त्यसको जन-संख्यामा भर पर्थ्यो भने, देशमा कुलको भाग कहाँ पर्ने हो, सो कुरा चिट्ठाद्वारा निर्धारित गरिनेथियो।

**गन्ती २६:५७-६५ः** लेवीहरूको जन-संख्या छुट्टै लिइयो। तिनीहरूको जनसंख्या २३,००० थियो। केवल यहोशू र कालेबका नामहरू दुवै जनगणनाको सूचिमा समावेश थिए। अरू बाँकी सबैजना, जसका नामहरू पहिलो जनगणनाको सूचिमा हालिएका थिए, उजाड़स्थानमा मरे। गन्ती २६:६४-६५ पदहरूको सन्दर्भ ती लड़ाइँमा जान सक्ने मानिसहरू थिए, जो पहिलो जनगणनामा गनिएका थिए। लेवीहरू र स्त्रीहरू यस सूचिबाट बाहेक थिए, यद्यपि अठतीस वर्ष लामो यात्राको अवधिभित्र तिनीहरूमध्ये धेरैजनाको मृत्यु पनि भएको हुनुपर्छ।

### ग) गन्ती २७:१-१२ः छोरीहरूको पैतृक अधिकारको भाग के हो?

मनस्से-कुलबाट सलोफादका पाँचजना छोरीहरू थिए। यिनीहरू मोशाकहाँ आए, र

'हामीलाई हाम्रा बुबाका दाजुभाइहरूको बीचमा कुनै न कुनै अधिकारको भाग दिनुहोस्' भनेर उनलाई विन्ती गरे, यद्यपि दोस्रो जनगणनाअनुसार यिनीहरूसँग कुनै पुरुषको नाम नै थिएन, जसको नाममा यिनीहरूले कनान देशमा कुनै अधिकारको भाग पाउन सक्नेथिए (गन्ती २६ः५३)। तिनीहरूका बुबा उजाड़स्थानमा मरे; तर तिनी कोरहको पक्ष लिनेहरूको कुसङ्गतमा परेका दोषी मानिस थिएनन्। यस मामिलामा परमप्रभुले उत्तर दिनुभयो र भन्नुभयोः सलोफादका छोरीहरूले आफ्ना बुबाको अधिकारको भाग पाउनुपर्छ। अंशबन्डाको सम्बन्धमा परमेश्‍वरको सामान्य इच्छा यही थियोः बाबुको अधिकारको भाग छोराहरूले पाउँथे; नभए छोरीहरूले पाउँथे, अथवा दाजुभाइहरूले, कि काका-मामाहरूले, कि त नजिकको साइनु लाग्ने मानिसहरूले त्यो अधिकारको भाग पाउनुपर्थ्यो। यस प्रकारले बुबाको अधिकारको भाग आफ्नै परिवारभित्र रहिरहनेथियो (गन्ती २७ः१-११)।

### घ) गन्ती २७ः१२-२३ः यहोशू मोशाको उतराधिकारी भए

**गन्ती २७ः१२-१४ः** परमेश्‍वरले मोशालाई 'तिमी अब चाँड़ै मर्नेछौ' भन्ने पूर्व-सूचना दिनुभयो। उहाँले उनलाई 'अबारीम पहाड़मा उक्लिजाऊ' भन्ने आदेश दिनुभयो। अबारीम-चाहिँ वास्तवमा मृत सागरको पूर्वमा अवस्थित भएको पर्वतमाला हो, जुन पर्वतमालामा नबो पहाड़ पनि पर्थ्यो, जहाँ मोशाको मृत्यु भयो।

**गन्ती २७ः१५-२३ः** मोशा निःस्वार्थी मानिस थिए; यसैले उनले आफूपछि मानिसहरूको अगुवाइ गर्न सक्ने एकजना सुयोग्य अगुवाको विषयमा विचार गरे। अनि परमेश्‍वरको नियुक्तिअनुसार नूनका छोरा यहोशू उनको उत्तराधिकारी भए। पूजाहारीगिरीको सम्बन्धमा र इस्राएली-हरूमाथि शासन गर्ने अधिकारको सम्बन्धमा कुरा यस्तो हुन्थ्योः कुनै परिवारभित्र आएको अधिकार एउटा पुस्तादेखि अर्को पुस्तामा सर्दै जान्थ्यो। तर मोशाको उत्तराधिकारी उनको छोरा होइन, तर उनको सेवक पो भए (प्रस्थान २४ः१३)।

### ङ) गन्ती २८-३०ः निर्धारित समयहरू-अनुसारका बलिहरू र भाकलका नियम-हरू

**गन्ती २८-२९ः** यी अध्यायहरूमा प्रतिज्ञाको देशमा मानिसहरूले चढ़ाउनुपर्ने बलिहरू र मनाउनुपर्ने चाड़हरू के-के हुन्, सो कुरा तिनीहरूलाई फेरि एकपल्ट सम्झना गराइयो।

***क)*** *दिन प्रतिदिन चढ़ाउनुपर्ने बलिहरूः*

तिनीहरूले हरेक बिहान र हरेक बेलुका एउटा होमबलि चढ़ाउनुपर्थ्यो; त्यसको साथमा तिनीहरूले एउटा अन्नबलि र एउटा अर्घबलि पनि चढ़ाउनु थियो (गन्ती २८ः३-८)।

परमप्रभुको मन्दिर रहुन्जेल इस्राएलीहरूले दिन प्रतिदिन बिहान-बेलुका निम्न बलिहरू चढ़ाउनु थियोः

तिनीहरूले हरेक बिहान र हरेक बेलुका एउटा निष्खोट भेड़ाको पाठो होमबलिको रूपमा चढ़ाउनु थियो। यसको साथमा तिनीहरूले निम्न अन्नबलि चढ़ाउनुपरेको थियोः हिनको एक चौथाइ शुद्ध तेलसँग मिसिएको एक एपाको दसौं भाग मैदा। अनि यसको साथमा अर्घबलि पनि निर्धारित गरिएको थियोः हिनको एक चौथाइ दाखमद्य।

बिहानको होमबलि चढ़ाउनुभन्दा अघि धूपवेदीमा धूप जलाइन्थ्यो भने, बेलुकाको होमबलि चढ़ाएपछि फेरि धूप जलाइन्थ्यो।

यहूदीहरूको मन्दिर स्थापित भएको समयदेखि यता र त्यो मन्दिर रहुन्जेल यो नित्य होमबलि निरन्तर चढ़ाइरहन्थ्यो। पूजाहारीहरूले दैनिक बलि चढ़ाउने काममा यो नित्यक्रम चलिरहन्थ्यो। श्री मोफ्फटले प्रयोग गरेका शब्दअनुसार यो लेवीहरूको 'मतिमन्द ड्यूटि' हुन्थ्यो, जसले अविराम दिनदिनै यी बलिहरू चढ़ाइबस्थे। यस प्रक्रियाको अन्त कहिल्यै भएन; अनि गर्नुपर्ने सबै कामहरू गरिसकेर पनि मानिसहरूको विवेकमा पापको दोष रहिरहेको र परमेश्वर-देखि अलग भएको भान भइरहन्थ्यो।

***ख)*** *साप्ताहिक बलिहरूः*

हरेक विश्राम-दिनमा साप्ताहिक होमबलि त्यसको अन्नबलि र त्यसको अर्घबलिको साथमा चढ़ाइन्थ्यो (गन्ती २८:९-१०)।

***ग)*** *मासिक बलिहरूः*

हरेक महिनाको पहिलो दिनमा एउटा होमबलि त्यसको अन्नबलि र त्यसको अर्घबलिको साथमा चढ़ाइन्थ्यो (गन्ती २८:११-१४)। अनि नित्य होमबलि र त्यसको अर्घबलिबाहेक पापबलिको रूपमा बाख्राको एउटा पाठो चढ़ाइन्थ्यो (गन्ती २८:१५)।

**परमप्रभुका चाड़हरूः**

***क)*** *निस्तार-चाड़ः* हरेक वर्षको पहिलो महिनाको चौधौं दिनमा निस्तार-चाड़ मनाइन्थ्यो (गन्ती २८:१६)।

***ख)*** *अखमिरी रोटीहरूको चाड़ः* निस्तार-चाड़को भोलिपल्ट, यस पहिलो महिनाको पन्ध्रौं दिनदेखि एक्काइसौं दिनसम्म अखमिरी रोटीहरूको चाड़ मनाइन्थ्यो (गन्ती २८:१७-२५)।

***ग)*** *हप्ताहरूको चाड़ः* हप्ताहरूको चाड़मा इस्राएलीहरूले परमप्रभुको निम्ति एउटा नयाँ अन्नबलि चढ़ाउँथे (गन्ती २८:२६-३१)। यहाँ गन्ती २८:२६ पदमा लेखिएको 'पहिला फलहरूको दिन' र लेवी २३:९-१४ पदको खण्डमा उल्लेख गरिएको 'पहिलो फसलको चाड़'को बीचमा छुट्ट्याउनु-पर्छ।

***घ)*** *तुरहीहरूको चाड़ः* हरेक वर्षको सातौं महिनाको पहिलो दिनमा तुहरीहरू फुक्ने दिन पर्थ्यो (गन्ती २९:१-६)।

***ङ)*** *प्रायश्चित्तको दिनः* हरेक वर्षको सातौं महिनाको पहिलो दिनमा प्रायश्चित्तको दिन पर्ने गर्थ्यो (गन्ती २९:७-११)।

***च)*** *झुपड़ीहरूको चाड़ः* सातौं महिनाको पन्ध्रौं दिनदेखि एक्काइसौं दिनसम्म झुपड़ीहरूको चाड़ मनाइन्थ्यो (गन्ती २९:१२-३४)। यस चाड़को आठौं दिनमा विशेष विश्राम-दिन पालन गरिन्थ्यो (गन्ती २९:३५-३९)।

**गन्ती ३०:१-५ः** यस अध्यायमा भाकलहरूको सम्बन्धमा विभिन्न निर्देशनहरू दिइएका छन्। जुन मानिसले परमप्रभुलाई कुनै भाकल गर्‍यो, यस मानिसले यो भाकल अवश्य पूरा गर्नैपर्नेथियो। तर आफ्नो बुबाको देखरेखमा रहेकी एउटी जवान स्त्रीले कुनै भाकल गर्दै गरेको बेलामा उसका बुबाले सुन्यो भने उसले सुनेको यस पहिलो दिनमा त्यो भाकल रद्द गर्न सक्थ्यो। तर आफ्नी छोरीको यस भाकलको विषयमा सुनेर पनि उसले यसको विरोधमा सुनेको दिनमा केही भनेन, तर ऊ चुप रह्यो भने, त्यो भाकल लागू हुनेथियो र उसकी छोरीले त्यो भाकल पूरा गर्नुपर्थ्यो।

**गन्ती ३०:६-१६:** गन्ती ३०:६-८ पदको खण्डमा पेश गरिएको मामिला यस प्रकारको भएको देखिन्छः एउटी स्त्रीले आफ्नो विवाह हुनुभन्दा अघि एउटा भाकल गरी, जुन भाकलको विषयमा यसको पतिले केही सुनेको थिएन। तर जुन दिनमा उसले यस भाकलको बारेमा पहिलो पल्ट सुन्यो, उसले त्यस दिनमा त्यो भाकल रद्द गर्न सक्थ्यो। तर विधवा र त्यागिएकी स्त्रीले गरेका भाकलहरू कायम रहन्थे (गन्ती ३०:९)। कुनै विवाहिता स्त्रीले गरेको भाकल उसको पतिले त्यसको विषयमा सुनेको पहिले दिनमा नै रद्द गर्न सक्थ्यो (गन्ती ३०:१०-१५)। यसरी पति घरको शिर हुने कुरा कायम रहन्थ्यो। तर पत्नीले गरेको भाकल यसको पतिले पछिबाट रद्द गरे भने, त्यसको दोष पतिको हुनेथियोः उसले कि त एउटा निर्धारित दोषबलि चढ़ाउनुपर्थ्यो, कि त परमप्रभुबाट कुनै न कुनै सजाय पाउनेथियो (गन्ती ३०:१५)।

### च) गन्ती ३१ः मिद्यानीहरूको विनाश

**गन्ती ३१:१-११:** परमेश्वरले मोशालाई 'मिद्यानीहरूलाई नष्ट गर' भन्ने आज्ञा दिनुभयो; किनभने उनीहरूले परमेश्वरका जनहरूलाई बाल-पोरमा व्यभिचार र मूर्तिपूजामा फसाएर भ्रष्ट पारेका थिए। यसकारण बाह्र हजार इस्राएली सिपाहीहरू मिद्यानीहरूको विरुद्धमा निस्के, र तिनीहरूले उनीहरूका सबै पुरुषहरूलाई मारे। प्रधान पूजाहारी एलाजारको सट्टामा छोरा पीनहास लड़ाइँमा गए (गन्ती ३१:६)। यसको कारण यो थियो होलाः यिनले जिम्री र तिनीसँग व्यभिचार गरेकी त्यस मिद्यानी स्त्रीलाई मारेर इस्राएली जातिको छाउनीदेखि परमप्रभुको क्रोध हटाइदिएका थिए (गन्ती २५)। अनि अहिले यिनी जीवित परमेश्वरको सेनालाई अगुवाइ गर्दै मिद्यानीहरूमाथि परमप्रभुको सजाय पूरा गर्न निस्के। गन्ती ३१:७ पदमा भनिएको 'सबै पुरुषहरू' भन्ने वाक्यांशको अर्थ यो होः यसको सन्दर्भ मिद्यानीहरूको सेना हो; सबै मिद्यानीहरू होइन। किनभने गिदोनको पालोमा मिद्यानीहरू फेरि इस्राएली जातिको निम्ति विपत्तिको कारण बने (न्यायकर्ता ६)। सूरचाहिँ कोज्बी नामक मिद्यानी स्त्रीका बुबा थिए (गन्ती ३१:८), जुन कोज्बी इस्राएली जातिको छाउनीमा मारिएकी थिई (गन्ती २५:१५)।

अनि यहाँ फेरि एकपल्ट बालामको कुरा आयोः बालाम पनि यस अवसरमा मारिए; किनकि कि त तिनी घर फर्किएका थिएनन्, कि त तिनी कुनै कामको सिलसिलामा फेरि मिद्यानमा फर्किआएका थिए।

**गन्ती ३१:१२-१८:** इस्राएलीहरूले मिद्यानका सबै सिपाहीहरूलाई मारे; तर तिनीहरूले उनीहरूका स्त्रीहरू र केटाकेटी-हरूलाई जोगाइराखे। तिनीहरू गर्वको साथ प्रशस्त लुटको माल आफ्नो साथमा लिएर आफ्नो छाउनीमा फर्केर आए। मोशा तिनीहरूसँग रिसाए; किनभने तिनीहरूले इस्राएली जातिका मानिसहरूलाई पापमा फसाउनेहरूलाई जीवितै राखे। यसकारण उनले सबै केटाहरू र कुनै पुरुषसँग शारीरिक सम्पर्कमा आएका सबै स्त्रीहरूलाई मार्ने आदेश दिए। तर सबै बालिकाहरूलाई तिनीहरूले जिउँदै छोड़िराखे; हुन सक्छ, घरेलु काममा सघाउने हिसाबले। इस्राएली जातिलाई आगामी भ्रष्टाचारबाट बचाउनको निम्ति यस प्रकारको कड़ा न्याय एकदम अनिवार्य थियो।

**गन्ती ३१:१९-५४:** लड़ाइँबाट फर्केर आएका सबै सिपाहीहरू र तिनीहरूका कैदीहरू विधिवत् शुद्धीकरणको निम्ति सात दिनसम्म छाउनी-बाहिर बस्नुपर्‍यो (गन्ती ३१:१९)। अनि लुटका मालहरू पनि कि त आगोद्वारा कि त पानीद्वारा शुद्ध पारिनुपर्‍यो

(गन्ती ३१:२१-२४)। लुटका मालहरू लड़ाइँमा जाने सिपाहीहरू र इस्राएली समुदायको बीचमा बाँड़िए (गन्ती ३१:२५-४७)। लड़ाइँमा जाने सिपाहीहरूमध्ये कसैको मृत्यु नभएको कारणले तिनीहरू यति कृतज्ञ थिए, कि तिनीहरूले परमप्रभुलाई ठूलो धन्यवादको भेटी चढ़ाए (गन्ती ३१:४८-५४)।

### छ) गन्ती ३२: रूबेन, गाद र मनस्सेको आधा कुलको अधिकारको भाग

**गन्ती ३२:१-१५:** जब रूबेनीहरू र गादीहरूले यर्दन नदीको पूर्वपट्टि भएको खूबै मलिलो खर्क देखे, तब तिनीहरूले त्यही ठाउँमा स्थायी रूपले बसोबास गर्न पाऔं भन्ने अनुरोध गरे (गन्ती ३२:१-५)। मोशाले तिनीहरूको यस अनुरोधमा तिनीहरूले यर्दन नदी तरेर कनान देशमा रैथाने अन्य-जातिहरूसित लड़ाइँ गर्न आफ्ना दाजुभाइ-हरूको साथमा जान चाहेका छैनन् भन्ने अर्थ लगाए (गन्ती ३२:६-१५)। के तिनीहरूका बुबाहरूले कादेश-बर्नेअमा पनि इस्राएली-हरूलाई प्रतिज्ञाको देशमा प्रवेश गर्नदेखि निरुत्साहित तुल्याएका थिएनन् र?

**गन्ती ३२:१६-४२:** तर जब रूबेन-कुल र गाद-कुलका मानिसहरूले तीनै पल्ट मोशालाई 'हामी निश्‍चय नै यर्दानको पश्‍चिमी भागमा पर्ने प्रतिज्ञाको देशको निम्ति लड़ाइँ गर्ने नै छौं' भन्ने आश्‍वासन दिए, तब मोशाले तिनीहरूलाई त्यहाँ बसोबास गर्ने अनुमति दिए (गन्ती ३२:१६-३२)। यसकारण गादीहरू, रूबेनीहरू र यूसुफको छोरा मनस्सेको आधा कुलले एमोरीहरूका राजा सीहोनको राज्य र बाशानका राजा ओगको राज्य अधिकारको भागको रूपमा प्राप्त गरे। त्यहाँ तिनीहरूले पर्खालले घेरिएका शहरहरू निर्माण गरे र बस्तीहरू बसाए, अनि भेड़ाबाख्राहरूको निम्ति गोठहरू पनि बनाए (गन्ती ३२:३३-४२)।

एकतिर धेरैजनाको विचारमा, यस सम्बन्धमा रूबेनीहरू र गादीहरूले सठीक निर्णय गरेनन्; किनकि तिनीहरूले चुनेको भूमि असल र मलिलो भए तापनि शत्रुहरूको आक्रमणको निम्ति खुला थियो। तिनीहरू यर्दन नदीको सुरक्षाको आड़ पाएनन्। रूबेन, गाद र मनस्सेको आधा कुलचाहिँ इस्राएली-हरूका कुलहरूमध्ये पहिला कुलहरू थिए, जुन कुलहरू पछिल्ला वर्षहरूमा शत्रुहरूद्वारा कब्जा हुनुको साथै कैदमा पनि लगिए। अर्कोतिर, यो तर्क बसेको छः यदि यर्दनको पूर्वतिर मलिलो भूमिमा इस्राएलीहरूमध्ये कसैले बसोबास गर्न नचाहे त्यस भूमिसित तिनीहरूले के गर्नुपर्नेथियो? किनकि परमेश्‍वरले त्यो भूमि तिनीहरूको हातमा सुम्पिदिनुभयो, अँ, तिनीहरूलाई त्यो भूमि कब्जा गर्ने आज्ञा पनि दिनुभयो (व्यवस्था २:२४ र ३१; व्यवस्था ३:२)।

### ज) गन्ती ३३: इस्राएलीहरूले यात्रा गर्दा कहाँ-कहाँ छाउनी हाले, यसको विवरण

**गन्ती ३३:१-४९:** यस अध्यायमा मिस्र देशदेखि मोआबका मैदानसम्म इस्राएलीहरूले कहाँ-कहाँ यात्रा गरे, सो कुराको सर्वेक्षण गरिएको छ। हामीले यस विषयमा अघि भनिसक्यौं, कि तिनीहरूले यात्रा गरेका सबै ठाउँहरू कहाँ-कहाँ थिए, सो निश्‍चित रूपले पत्ता लगाउनु असम्भव छ। यो अध्याय यस प्रकारले भाग गर्न सकिन्छः **क)** मिस्र देशदेखि सिनाई पर्वतसम्मको यात्रा (गन्ती ३३:५-१५); **ख)** सिनाई पर्वतदेखि कादेश-बर्नेअसम्मको यात्रा (गन्ती ३३:१६-३६); **ग)** कादेश-बर्नेअदेखि होर पहाड़सम्मको यात्रा (गन्ती ३३:३७-४०); अनि **घ)** होर पहाड़देखि मोआबका मैदानसम्मको यात्रा (गन्ती ३३:४१-४९)। गन्ती २१ अध्यायमा

पेश गरिएको वर्णनसित तुलना गर्दा के देखिन्छ भने, यहाँ प्रस्तुत गरिएको सूचि पूरा भएको छैन रहेछ, तर अधूरो भएको रहेछ।


**गन्ती ३३ः५०-५६ः** प्रतिज्ञाको देश कब्जा गर्नेहरूको निम्ति परमेश्वरको आदेश सुस्पष्ट थियोः तिनीहरूले कनान देशका सबै बासिन्दाहरूलाई तिनीहरूको नामनिशान नहुने गरी नष्ट गर्नुपर्‍यो। वर्तमान समयमा यस प्रकारको आदेश अति निर्दयी भएको सुनिन्छ। तर याद गर्नुहोस्ः कनान देशका बासिन्दाहरूभन्दा भ्रष्ट, चरित्रहीन र दुष्ट मानिसहरू यस पृथ्वीमा छँदैथिएनन्। परमेश्वरले यिनीहरूलाई चार सय वर्षसम्म सहनुभयो र यिनीहरूसित धीरजको साथ व्यवहार गर्नुभयो; तर यिनीहरूमा कहिल्यै कुनै असल परिवर्तन आएन। उहाँलाई राम्ररी थाहै थियो, कि उहाँका जनहरूले कनानी-हरूलाई नष्ट गरेनन् भने, कनानीहरूको चरित्रहीनता र यिनीहरूको मूर्तिपूजाजस्ता आत्मिक रोगहरूले इस्राएली जातिलाई पनि संक्रमण गर्नेथिए। यसकारण इस्राएलीहरूले यी कनान देशका जातिहरूका मानिसहरूलाई नष्ट गर्नु मात्र होइन, तर मूर्तिपूजाको निशान र गन्ध समेत यस देशबाट हटाउनुपरेको थियो (गन्ती ३३ः५२)।

### झ) गन्ती ३४ः प्रतिज्ञा गरिएको देशको साँधसिमाना

**गन्ती ३४ः१-१५ः** परमेश्वरले इस्राएली जातिलाई प्रतिज्ञा गरेर दिनुभएको भूमिको साँधसिमानाको विवरण गन्ती ३४ः१-१५ पदको खण्डमा दिइएको छ। सामान्य रूपले भन्नु हो भने, प्रतिज्ञाको देशको दक्षिणको सिमानाचाहिँ मृत सागरको दक्षिणी टुप्पादेखि मिस्रको खहरे खोला हुँदै भूमध्यसागरसम्म थियो (गन्ती ३४ः३-५); अनि यसको पश्चिमको सिमाना भूमध्यसागर थियो (गन्ती ३४ः६); अनि यसको उत्तरको सिमानाले चाहिँ भूमध्यसागरदेखि होर पर्वत ताक्यो (गन्ती ३३ अध्यायमा उल्लेख गरिएको होर पहाड़ अर्को हो), अनि होर पर्वतदेखि सिमाना हमातको मुखसम्म पुग्यो र हसर एनानमा टुङ्गियो (गन्ती ३४ः७-९)। अनि यसको पूर्वीय सिमाना हसर एनानको दक्षिणदेखि फैलिएर गालीलको किन्नरेतको[17] समुद्रमा र त्यहाँदेखि यर्दन नदी हुँदै मृत सागरसम्म गयो (गन्ती ३४ः१०-१२)। नौ कुलहरू र आधा कुलले यस सिमानाभित्र परेको भूमिमा अधिकारको भागको रूपमा पाउनेथिए। किनकि दुई कुलहरू र आधा कुलले यर्दन नदीको पूर्वपट्टिको भूमि आफ्नो अधिकारको भागको रूपमा पक्का गरिसकेका थिए (गन्ती ३४ः१३-१५)।

**गन्ती ३४ः१६-२९ः** यहाँ, यस खण्डमा अधिकारका भागहरू बाँड़चुँड़ गर्नको निम्ति छानिएका मानिसहरूका नामको सूचि प्रस्तुत गरिएको छ।

**कनान देशको आसपास**



### ञ) गन्ती ३५ः१-५ः लेवीहरूका शहरहरू

लेवी-कुलका मानिसहरूले इस्राएली जातिका अरू कुलहरूसँग कुनै अधिकारको भाग पाउँदैनथिए; यसकारण परमेश्वरले तिनीहरूको निम्ति अठचालीस शहरहरू छुट्ट्याउनू भन्ने आज्ञा गर्नुभयो। गन्ती ३५ः४ र ५ पदमा बताइएका खुला जमिनहरूका नापहरू कुन प्रकारले बुझ्नु हो, सो हामीलाई गाह्रो परिरहेको छ। तापनि यति भन्न सकिन्छ, कि लेवीहरूका शहरहरूको वरिपरि तिनीहरूलाई गाईबस्तुहरू चराउने खर्क दिइएको थियो। हुन सक्छ, गन्ती ३५ः४ पदमा बताइएको एक हजार हातचाहिँ गन्ती ३५ः५ पदमा भनिएको दुई हजार हातको नापभित्र समावेश भएको थियो होला।

### ट) गन्ती ३५ः६-३४ः शरणनगरहरू र हत्याराको निम्ति मृत्युदण्ड

**गन्ती ३५ः६-८ः** लेवीहरूका अठचालीस शहरहरूमध्ये छवटाचाहिँ शरणनगरहरूको रूपमा छुट्टाइनुपर्‍यो। किनकि अनजानमा कसैको हत्या गर्ने व्यक्तिले ती छवटा शहरहरूमध्ये कुनै एउटा शहरमा भागेर न्यायको जाँच नहोउन्जेल त्यहाँ शरण लिन सक्थ्यो। जुन कुलहरूसँग जमिनको ठूलो क्षेत्रफल थियो, ती कुलहरूले यसको हिसाबअनुसार लेवीहरूलाई बढ़ी शहरहरू दिए; तर जुन कुलसँग थोरै जमिन थियो, त्यस कुलले लेवीहरूलाई धेरै शहरहरू दिनुपरेन।

**गन्ती ३५ः९-२१ः** यर्दन नदीको पूर्वपट्टि तीनवटा शरणनगरहरू निर्धारित भए र यर्दन नदीको पश्चिमपट्टि पनि तीनवटा शरणनगरहरू निर्धारित भए। प्रायः जुनै पनि ज्यानमारालाई मारिएको व्यक्तिका आफन्तहरूले बदला लिन खेद्थे। तर त्यो ज्यानमारा भागेर कुनै एउटा शरणनगरमा पुग्यो भने, त्यो ज्यानमारा न्यायको जाँच नहोउन्जेल त्यस ठाउँमा सुरक्षित रहन्थ्यो (गन्ती ३५ः१२)। तर हत्यारा ठहराइएको व्यक्तिको निम्ति कुनै शरणनगर सुरक्षाको आड़ हुँदैनथियो (गन्ती ३५ः१६-१९)। घृणा गरेर वा शत्रुता राखेर गरेको हिंसा हत्या ठहरिन्थ्यो र यस अपराधको निम्ति मृत्युदण्ड दिइन्थ्यो (गन्ती ३५ः२०-२१)।

**गन्ती ३५ः२२-२८ः** कुनै मानिसको हिंसा हत्या थियो कि थिएन, सो कुरा जाँच्ने र निधो गर्ने काम समुदायको कर्तव्य थियो (गन्ती ३५ः२२-२४)। अनजानमा कसैको ज्यान लिने व्यक्ति निर्दोष साबित भएमा प्रधान पूजाहारीको मृत्यु नहोउन्जेल त्यो हत्या गर्ने मानिस त्यस शरणनगरमा रहनुपर्थ्यो। त्यसपछि मात्र त्यसलाई आफ्नो घरमा फर्कन दिइन्थ्यो (गन्ती ३५ः२८)। तर यदि हत्याको बदला लिने व्यक्तिले त्यस ज्यानमारालाई शरणनगरदेखि बाहिर निस्केको फेला पार्‍यो र त्यसलाई मार्‍यो भने, त्यसको दोष हत्याको बदला लिने व्यक्तिलाई लाग्दैनथियो (गन्ती ३५ः२६-२८)।

प्रधान पूजाहारीको मृत्युले शरणनगरहरूमा भागेर जानेहरूलाई स्वतन्त्रता प्रदान गर्‍यो। हत्याको बदला लिनेहरूले तिनीहरूलाई केही हानि गर्न सक्दैनथिए। हाम्रा महापूजाहारी येशू ख्रीष्टको मृत्युले हामीलाई व्यवस्थाद्वारा हामीमाथि लगाइएका सबै दोषारोपहरूदेखि मुक्त गराएको छ। प्रधान पूराहारीको मृत्यु हुनुपर्ने सर्तमा के बुद्धि हुनेथियो र, जब यस तथ्यले हाम्रा प्रभु येशूले क्रूसमा पूरा गर्नुभएको उहाँको त्राणको कामको चित्रण गर्दैन भने, तपाईं आफै भन्नुहोस्!

यस तथ्यसित श्री मेरिल एफ. उङ्गरले यहूदीहरूको परम्पराका कतिवटा बेलीबिस्तारहरू जोड़ेर यसो भनेका छन्ः

'यो यहूदीहरूका धर्मगुरुहरूले भनेको कुरा होः सन्हेद्रिन नामक महासभाको जिम्मेवारी के थियो भने, तिनीहरूले ज्यानमाराको उपयोगको निम्ति शरणनगरहरूतिरका सबै सड़कहरू सफा र सकेसम्म ठीकठाक राख्नुपर्थ्यो। ती सड़क-हरूमा कुनै थुम्कीहरू उठेका हुनुहुँदैनथियो, हरेक खोलानाला र नदीमाथि पुल बनाइएको हुनुपर्थ्यो। अनि ती सड़कहरूको चौड़ाइ कम्तीमा बत्तीस हात हुनुपर्थ्यो। हरेक दोबाटोमा 'शरणस्थान' लेखिएको तख्ता राखिन्थ्यो। अनि धर्मशास्त्र पढ्ने दुईजना विद्यार्थीहरूलाई नियुक्त गरिन्थ्यो, जसले शरणनगरतिर भागेर जाने मानिसलाई साथ दिन्थे र त्यस ज्यानमाराबाट हत्याको बदला लिन खोज्नेहरूलाई तिनी-हरूलाई बाटोमा उसलाई खेदेका भेटाउँदा मनाउन खोज्थे अरे।' 18)

यसबाट निम्न साङ्केतिक अर्थ निकाल्न सकिन्छः इस्राएलीहरू ती हत्याराहरू हुन्, जसले येशू मसीहलाई मृत्युदण्ड दिए। तर तिनीहरूले यो काम अनजानमा गरे (प्रेरित ३:१७)। प्रभु येशूले क्रूसमा यसो भन्दै प्रार्थना गर्नुभयोः *'... तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्'* (लूका २३:३४)। जसरी एकजना ज्यानमारा आफ्नो घरबाट निक्लिनु-परेको र शरणार्थी भएर एउटा शरणनगरमा जिउनुपर्थ्यो, ठीक त्यसरी नै इस्राएली जाति पनि त्यस समयदेखि अहिलेसम्म निर्वासनमा जिइरहेको छ। तर एक दिन तिनीहरूको पुनर्स्थापना हुनेछ, तर यो पुनर्स्थापना महा-पूजाहारीको मृत्युपछि हुने होइन; किनभने महापूजाहारी येशू ख्रीष्टको मृत्यु फेरि कहिल्यै हुने नै छैन। तर जब उहाँ राज्य गर्न आउनुहुनेछ, तब इस्राएली जातिको पुनर्स्थापना हुनेछ।

**गन्ती ३५:२९-३४:** हत्याराहरूको निम्ति मृत्युदण्ड निर्धारित गरिएको थियो; हत्याराको निम्ति मृत्युदण्डबाट उम्कने ठावैं थिएन, यसको निम्ति कुनै क्षतिपूर्ति थिएन (गन्ती ३५:३०-३१)। अनि ज्यानमाराचाहिँ? कुनै ज्यानमाराले शरणनगरबाट हुने रिहाइ कुनै मोल तिरेर खरिद गर्न सक्दैनथियो (गन्ती ३५:३२)। जुन रगत मानिसको हत्यामा बगाइन्थ्यो, त्यस रगतले भूमिलाई अशुद्ध पार्थ्यो; यसकारण त्यस हत्याराको मृत्यु त्यस बगाइएको रगतको माग थियो (गन्ती ३५:३३-३४)। ख्रीष्ट येशूको मृत्यु पनि यस दृष्टिकोणले हेर्दा के नतिजा निस्कन्छ?

### ठ) गन्ती ३६: विवाहिता छोरीहरूको अधिकारको भाग के हो?

यर्दनको पूर्वपट्टि गिलादमा बसोबास गरेका मनस्सेको आधा कुलका प्रतिनिधिहरू एउटा समस्या लिएर मोशाकहाँ आए (गन्ती २७:१-११ पदको खण्ड हेर्नुहोस्)। यदि सलोफादका छोरीहरूले अन्य कुलका पुरुषहरूसँग विवाह गरे भने, तिनीहरूको अधिकारको भाग जुबिली वर्षमा निश्चित र चिरस्थायी रूपले आफ्नो कुलदेखि अर्को कुलमा सरेर जान्छ भन्ने उनीहरूको डर थियो (गन्ती ३६:४)। यस समस्याको समाधान यस प्रकारले भयोः तिनीहरूले आफ्नै कुलभित्रका पुरुषहरूसँग विवाह गर्नुपर्थ्यो। यसरी एउटा कुलको अधिकारको भाग अर्को कुलमा सरेर जानदेखि रोकिन्थ्यो (गन्ती ३६:५-११)। यसकारण सलोफादका छोरीहरूले त्यस्तै गरे र मनस्सेको कुलभित्र विवाह गरे (गन्ती ३६:१०-१२)। अनि गन्ती ३६:१३ पदले छब्बीस अध्यायदेखि यहाँसम्म आइरहेको खण्डको सार व्यक्त गरेको छ।

गन्तीको पुस्तकमा निम्न तीनवटा प्रकाण्ड कुराहरू देखिन्छन्ः

**क)** मानिसको हृदय निरन्तर दुष्ट र अविश्वासले पूर्ण हुन्छ।

**ख)** परमप्रभुको पवित्रता महान् छ र उहाँको कृपाद्वारा सन्तुलन गरिएको छ।

**ग)** मोशा परमेश्वरको जनले पापी मानिसहरू र पवित्र परमेश्वरको बीचमा मध्यस्थ भई तिनीहरूको निम्ति अन्तर्विन्ती गरे ।

गन्तीको पुस्तक लेखिएको समयदेखि उसो मानिसको हृदयमा कुनै हेरफेर आएको छैन, न ता परमेश्वरको पवित्रता र कृपामा नै कुनै परिवर्तन आएको छ। तर मोशाको स्थानमा प्रभु येशू ख्रीष्ट आउनुभएको छ। उहाँ हाम्रा एकमात्र मध्यस्थ हुनुहुन्छ। उहाँमा, उहाँबाटको शक्तिमा हामीले इस्राएली जातिका पापहरू दोहोऱ्याउनुपर्दैन; अनि यसरी हाम्रो जीवनले परमेश्वरको क्रोध उठाउनुपर्दैन, जसरी तिनीहरूले घरिघरि उहाँको क्रोध उठाइरहन्थे। हामीले गन्तीको पुस्तकको अध्ययनबाट कुनै फाइदा उठाउनु हो भने, *'यी सबै कुराहरू उदाहरणको रूपमा तिनी-हरूमाथि आइपरे, र हाम्रै चेताउनीको निम्ति लेखिएका हुन्'* भन्ने कुरा हामीले सधैं सम्झना गर्नुपर्छ (१ कोरिन्थी १०:११)।

## ENDNOTES:

1) **Introduction:** W. Graham Scroggie, *Know Your Bible, Vol. 1, The Old Testament*, p. 35.
2) **3:14–39:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 80.
3) **4:4–20:** C. F. Keil and F. Delitzsch, *"Numbers," in Biblical Commentary on the Old Testament*, III:25.
4) **6:1–8:** George Williams, *Student's Commentary on the Holy Scriptures*, p. 82.
5) **6:24–26:** D. L. Moody, *Notes from My Bible,* p. 41.
6) **10:29–32:** Quoted by John W. Haley, *Alleged Discrepancies of the Bible*, p. 431.
7) **11:16-17:** In Moses' defense the following points are worth noting: 1) God does not rebuke Moses; 2) God rather encourages Moses, promising him that after the seventy were endued with His Spirit, they would share his burden; 3) God Himself answers his need; 4) Moses was leading up to 2,000,000 complaining and unspiritual people; 5) Verse 17 does not indicate a decrease in Moses' enduing with the Spirit, but rather a distribution of the same Spirit to the seventy.
8) **11:31–35:** See International Standard Bible Encyclopedia under "Quails," IV:2512.
9) **12:3:** It is always possible, that an inspired editor (such as Joshua) added these words later.
10) **12:11–16:** Keil and Delitzsch, *"Numbers,"* III:81.
11) **19:11–19:** George Williams, *Student's Commentary,* p. 88.
12) **19:11–19:** J. G. Mantle, *"Better Things"*, pagination unavailable.
13) **20:10–13:** G. Campbell Morgan, *"Searchlights from the Word",* pp. 47–48.
14) **20:22–29:** Matthew Henry, *"Numbers," in Matthew Henry's Commentary on the Whole Bible*, I:662.
15) **25:4–8a:** Samuel Ridout, further documentation unavailable.
16) **26:1–51:** D. L. Moody, *Notes from my Bible*, p. 43.
17) **34:1–15:** Chinnereth (pronounced Kin–) is Hebrew for 'harp', named from the shape of the Sea of Galilee.
18) **35:22-28:** Merrill F. Unger, *Unger´s Bible Dictionary*, p. 208

## BIBLIOGRAPHY

Harrison, R. K. "Numbers." In the *Introduction to the Old Testament*. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1969.

Henry, Matthew. "Numbers." In *Matthew Henry's Commentary on the Whole Bible*. Vol. I. McLean, VA: Mac-Donald Publishing Company, n.d.

Jensen, Irving L. *Numbers*. Chicago: Moody Press, 1964.

Keil, C. F. and Delitzsch, F. "Numbers." In *Biblical Commentary on the Old Testament. The Pentateuch*. Vol. 3. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Lange, John Peter. "Numbers." In *Commentary on the Holy Scriptures, Critical, Doctrinal and Homiletical*. Vol. 3. Translated by Philip Schaff. Reprint. Grand Rapids: Zondervan Publishing House, 1980.

Merrill, Eugene H. "Numbers." In the *Bible Knowledge Commentary*. Wheaton: Victor Books, 1985.

Wenham, Gordon J. *Numbers: An Introduction and Commentary*. Downers Grove, IL: InterVarsity Press, 1981.